IFJ

# आत्मियतामा स्वतन्त्रता

## दक्षिण एसियामा शान्तिका लागि कार्यरत सञ्चार साधन



















United States Institute of Peace

# विषयसूची:


| | | |
|---|---|---|
| १. | परिचय | 1 |
| २. | **बंगलादेश:** राजनैतिक धुव्रिकरणले सञ्चार क्षेत्रलाई विस्तार गराउँछ। | 6 |
| ३. | **भारत:** बलियो आधारका बाबजुत देखिएका समस्या | 14 |
| ४. | **नेपाल:** अवतरण हुँदै गरेको प्रजातन्त्रको रक्षा | 22 |
| ५. | **पाकिस्तान:** पिडायुक्त पत्रकारीता | 30 |
| | मिडियालाई कोर्राको मार | |
| | प्रेस क्लब, प्लेटफर्म फर मिडिया कमिनिटी | |
| ६. | **श्रीलंका:** युद्धपछिको प्रतिरोध | 38 |
| | टिसाइनयागमको सजाय | |



यो पत्र इन्टरनेशनल फेडेरेशन अफ जर्नालिस्टले अन्य सहकर्मीको सहयोगका लागि तयार पारेको हो।

अल इन्डिया न्युजपेपर इम्पोलोइज फेडेरेशन
अल मनिपुर वर्किङ्ग, जर्नालिस्ट युनियन
बंगलादेश फ्रिडम वाच
बंगलादेश मानवअधिकार संघवादीक फोरम
छत्तिसग्रह श्रमजिवि पत्रकार संघ
ढाका रिपार्टस युनिटि
दिल्ली युनियन जर्नालिस्ट (दिल्ली पत्रकार संघ)
फेडेरेसन अफ मिडिया इम्पलोइज ट्रेड युनियन, श्रीलंका
फेडेरेसन अफ नेपाली जर्नालीस्ट (नेपाली पत्रकार महासंघ)
फ्रि मिडिया मुभमेण्ट श्रीलंका
इण्डिया जर्नालिस्ट युनियन (भारतीय पत्रकार संघ)
कास्मिर प्रेस गिल्ड
मासलिन मिडिया सेन्टर, बंगलादेश
मिडिया वाच बंगलादेश
नेशनल युनियन अफ जर्नालिस्ट (राष्ट्रिय पत्रकार संघ) भारत
नेपाल प्रेस युनियन (नेपाल पत्रकार संघ)
पाकिस्तान प्रेस फाउण्डेशन
पाकिस्तान फेडेरल युनियन जर्नालिस्ट (पाकिस्तान संघिय पत्रकार संघ०
श्रीलंका वर्किङ्ग जर्नालिस्ट एसोसियसन


**आत्मियतामा स्वतन्त्रता :- दक्षिण एसियामा शान्तिका लागि कार्यरत सञ्चार साधन :**


**सञ्चार माध्यम, रिसर्च र लेखाइमा विचार दिनेहरु:**
सुकुमार मुरलिधरन, लक्ष्मी मुरर्थी, जकयुलिन पार्क

सम्पादन:
देवोरह मुइर, फ्लाइरे ओ रोउरके, केमेरोन डरनसफोरड



**विशेष धन्यवाद:**
मजर अवास
खुर्रसिड आसि
गोविन्द आचार्य
योयुसाफ अलि
टनक अर्याल
सुरज भट्टराई
भरत भुसान
सुजता बुखरी
राम्जी दाहाल
तारानाथ दाहाल
सुनानन्द देशप्रिया
मुहम्वाद फारोउक
हाना इब्राहिम
धर्मेन्द्र झा
पोषण के.सी
टेरीक माहामुद
कञ्चन मरासिङ्गे
कमरुल हसान मोन्जु
सामसुल इस्लाम नज
विष्णु निस्ठुरी
एस.क. पाण्डे
प्रदिप पाँजोवम
सोभपति सामोम
परभाइज साउकट
राई हुसमाइन ताहिर
के.क. वासुदेभन

**डिजाइन र प्रिन्ट:** इम्पलसिभ क्रियसन



प्रकाशन: इन्टरनेशनल फेडेरेसन अफ जर्नालिस्ट एसिया प्यासिफिक प्रकाशकको अनुमति विना यस किताबको कुनै पनि अंश प्रकाशन गर्न पाइने छैन। पुस्तकको सम्पुर्ण सर्वाधिकार लेखक सँग रहने छ।



यो पत्र युनाइटेड स्टेट इन्स्टिच्युट अफ पिस सँग लिइएको हो। आई. एफ.जेको विचार यस.एस.आइ.पि. कार्यालय प्रयोजनका लागि लिने धारणा रहेको छैन तर पनि आई. एफ.जे.को विचार र विषयवस्तुलाई समावेश गरिएको छ।

## परिचय

| | |
|---|---|
| *Speak, for your two lips are free;* | *बोल, तिम्रो दुवै ओठको स्वतन्त्रताको लागि* |
| *Speak, your tongue is still your own;* | *बोल, तिम्रो जिब्रो अझै तिम्रो आफ्नै हो* |
| *This straight body still is yours—* | *यो बलियो शरिर अझै तिम्रै छ ।* |
| *Speak, your life is still your own.* | *बोल, तिम्रो जीवन अझै तिमै आफ्नै छ ।* |
| | |
| *See how in the blacksmith's forge* | *हेर कसरी कालाधब्बाहरु प्रष्टिने छन्* |
| *Flames leap high and steel glows red,* | *जागरका लम्काहरु चुलिन्छ र स्टील रातो हुनेछ* |
| *Padlocks open wide their jaws,* | *मुक्तिका लागि सारा बन्धनहरु पूर्ण खुल्नेछन्* |
| *Every chain's embrace outspread!* | *सबै जन्जिरहरु एकएक बेकम्मा हुनेछ ।* |
| | |
| *Time enough is this brief hour* | *समय पूर्ण छ, त्यो उच्चघठीको* |
| *Until body and tongue lie dead;* | *शरीर र जिब्रो जिवित रहेसम्म* |
| *Speak, for truth is living yet—* | *बोल, सत्य अझ जिवित छ* |
| *Speak whatever must be said.* | *बोल, त्यो सधैं बोलिने छ ।* |

फज्र अम्मेड फज्र द्वारा लिखित "बोल" भि.जी किश्नान द्वारा अनुवदित

दक्षिण एशियाली संचार यस क्षेत्रमा भइरहेका महत्वपुर्ण परिवर्तनहरुलाई आत्मसात गर्न जस्तो कठिन परिस्थितिबाट गुज्रिएका छन्। यस क्षेत्रका सबै राष्ट्रहरु संक्रमणकालिन समाजका रुप्मा व्याख्या गर्न सकिन्छ। यस रिपोर्टमा उल्लेखित पाँच देशहरु खास कुरामा मित्रता राखे तापनि धेरै कुराहरुमा समानता पनि राख्दछन्। यसरी समान तत्वहरु वा कुराहरु यी देशका समान ऐतिहासिक परिघटनाका कारणले नभई संचार जगत्लाई यस क्षेत्रमा द्वन्द्व समाधानको एउटा साधन बन्नको लागि प्रदान गरिएको समान क्षेत्रिण निति जसले संचार जगत्को स्वतन्त्रतालाई सम्बोधन गरेकोले हो।

आफुसँग सम्बन्धन प्राप्ति संस्थाहरु सहयोगीहरु यस पुस्तकले अर्न्तराष्ट्रिय पत्रकारहरुको संघले संघ मिलेर पत्रकारहरुको संगठनहरुको भुमिका र उनीहरुको संचार जगत्को स्वतन्त्रता सम्बन्धि समस्यालाई सामुहिक रुपमा प्रतिक्रिया दिने क्षमताको बारेका अनुसन्धानका परिणामलाई समाविस्ट गरेको छ। पत्रकारहरुका द्वन्द्व ग्रसित क्षेत्रका संगठनहरुले सामुहिक रुपमा सफल कार्यहरु गर्नेका कैयौ घटनाहरु छन्। साथसाथै यी संगठनहरुले शसक्त रुपमा कार्य गर्न नसकेका पनि उदाहरणहरु छन्। यो अनुसन्धानले यस्तै सफलता र असफलताका कथाहरुलाई बुन्दै द्वन्द्वपिडित क्षेत्रमा कार्यरत पत्रकारहरुको स्वतन्त्रताको रक्षाको लागि खास रणनितिहरुको विकास गर्दछ।

यहाँका पार्टीहरु र संस्थाहरु बिचको खेल सम्बन्धी नियम प्रतिको विश्वासको कारणले यस क्षेत्रको सबभन्दा ठुलो देश भएता पनि भारतमा एउटा स्थीर राजनैतिक प्रणाली छ। तर नयाँ विश्व अर्थतन्त्रका उदाँउदो आशाको पुञ्जको रुपमा भारतको अर्थतन्त्र एउटा महत्वपुर्ण परिवर्तनबाट गुज्रिएको हुँदा सबै तह र तक्कालाई समान अवसरहरु नदिने सम्भावना पनि त्यतिकै देखिन्छ। भारत यस क्षेत्रका राष्ट्रहरु मध्येको अत्याधिक आर्थिक सम्भावना र क्रियाकलाप गर्ने देश भएता पनि यस देशको सुरक्षा प्रतिकुलताका कारणबाट छिमेकीहरुसँगको आर्थिक सम्बन्ध सुमधुर हुन सकेको छैन। भारत भित्र जम्मु र कास्मिरमा द्वन्द्व विद्यमान छ। साथै विभिन्न जनजातीय युद्धहरु यसका उत्तर पूर्वी राज्यहरु तथा केन्द्रिय क्षेत्रमा पनि भइरहेका छन्। त्यसैगरी पाँच प्रान्तमा माओवादी युद्धपनि फैलिएको छ। यी द्वन्द्वका परिस्थितिका कारणबाट यस क्षेत्रका पत्रकारहरुले कठोर प्रतिरोधको सामना गर्नुपरेको छ। त्यसको मुकाविला गर्ने तरिका पनि फरक र रचनात्मक छन्।

दक्षिण एसियाका अरु देशहरु जटिल र बहुआयमिक राजनैतिक संक्रमणबाट गुज्रिरहेका छन्। पाकिस्तान र नेपालमा सन् २००८ को सुरुमा भएका चुनाले तिनीहरुको निश्चित शासकिय ढाँचाको प्रतिवद्धता व्यक्त गऱ्यो। यि देशमा पत्रकार महासंघले एउटामा सैनिक निरङ्कुशता र अर्कोमा राजाको निरङ्कुशता विरुद्ध लड्ने शक्तिसँग मैत्री गरी परिवर्तन सुनिश्चित गर्ने कार्यमा महत्वपुर्ण तत्वको रुपमा भूमिका निभायो। साथसाथै आफुलाई बेग्लै अस्तित्वमा उभ्यायो र प्रजातान्त्रिक शक्तिहरुलाई राजनैतिक केन्द्रमा पुऱ्याउन सहयोग गऱ्यो।

नेपालको संविधान सभाले आफ्नो प्रतिवद्धता अनुरुप २०१० मे सम्म नयाँ गणतान्त्रिक संविधान दिन सकेन। यसै समयमा दुईवटा सरकारहरु भए तर दुवै लेनदेनको जटिल प्रक्रियाकै कारणले नराम्रो प्रतिद्वन्दिको रुपमा परिणत भए। सरकारको निर्माण र संविधान लेखन कार्य दुवै दलहरुको सहमतीमा गर्ने सहमतीका साथ निर्वाचन पछि शुरु भयो। २००८ पछिको दोस्रो सरकारको पदत्याग पछि नयाँ सरकारको प्रयास निरर्थक भएका छन्।

पाकिस्तानमा सन् २००७ मा नयाँ निर्वाचित सरकारलाई प्रभावकारी बनाउन प्रमुख संघर्ष भयो। पाकिस्तान जनता पार्टीले नेतृत्व गरेको संयुक्त सरकारले परिवर्तनमा पत्रकारको भुमिकालाई आंशिक रुपमा स्वीकार गर्दै सैनिक सरकारको पालाका खराब नियम कानुनलाई हटायो। तर पनि पाकिस्तानको भु-राजनितिक कारणले कतिपय अफठ्याराहरु विद्यमान रहे। यसको भाग्य जुका दुई छिमेकी भारत र अफगानस्तिान सँग अन्तर सम्बन्धित छ। अफगानस्तिानको खराब परिस्थितिले पाकिस्तान लाई पनि प्रभावित पारेको छ। पाकिस्तानको जनजातीहरु बस्ने जनजातीइ तथा बलोचिस्तान क्षेत्रमा अफगानी तालिवानको धेरै उपस्थितीका कारणले त्यो प्रान्तिय नियम मान्न र मनाउन गाऱ्हो परिरहेको छ। त्यहाँका पत्रकारहरु सम्मानजनक पारिश्रमिक र काम गर्ने राम्रो वातावरणको लागि संघर्ष गरिरहेका छन्। यी संघर्षका उल्लेखनिय सफलताहरु छन्। तर यस क्षेत्रका ठुला संचार






दक्षिण एसियाका पत्रकारहरु धम्कि साथै शारिरिक पिडामा पर्नु दैनिक तालिका जस्तै बनेको छ। जहाँ उनीहरुको जीवन नै खतरापूर्ण स्थितीमा पुऱ्याउने काम समेत गरिएको पाइन्छ। उनीहरुले आफ्नो जीवन रक्षाको अवसर पाएका छैनन् भने काम गर्ने सहज वातावरण पनि पाएका छैनन्।

माध्यमहरु तिनै आतंककारीकै पक्षमा रहेका छन्। नेवालमा चाँही पत्रकारले अन्य नागरिक समाजसँग मिलेर गरेको आन्दोलनले प्रजातन्त्र पुर्नस्थापना गर्न उल्लेखनिय उपलब्धी प्राप्त गऱ्यो र आफ्नो संस्थालाई बेग्लै अस्तित्वमा राखे।

श्रीलंकामा भएको लामो नागरिक युद्धले यहाँका नागरिक समाज र संचार माध्यमहरुलाई नराम्रोसँग धुव्रिकरण गऱ्यो। युद्धका अत्यन्तै खराब समस्या पत्रकारले देखेका कुरा लेख्न पाउनुपर्छ भनी उल्लेखनिय प्रयासहरु भए। सन् २००२ मा दुवै पक्षबाट भएको युद्ध विरामले पत्रकारहरुलाई नयाँ संगठन विस्तार गर्न नयाँ अवसर प्रदान गऱ्यो। साथै यसले सहयोग गऱ्यो। राजनैतिक संस्थाहरुले महत्वपुर्ण ठानिएका सरकारी संचार माध्यममा भने थोरै मात्र सुधार भयो। सन् २००७ मा पुनः नागरिक युद्ध सुरुभयो त्यसपछि पनि पत्रकारहरुको संगठनहरुले स्वतन्त्र र स्वच्छ रिर्पोटिङ्का लागि एउटा सहज वातावरणको निर्माण खातिर सामुहिक कार्य जारी राखे। केही संचार संचालकहरुको बेवास्ता र उनीहरुको सरकार निकट र सरकार नियन्त्रित संचार माध्यमहरुको लगातारको अनावश्यक प्रचारवाजी नयाँ युद्धमा खर्तनाक व्यवधानहरु रहे। पत्रकारको ज्यान संचार दमनको नयाँ चरणमा ज्यादै जोखिममा पऱ्यो। विशेषतः संचारमा नेतृत्वदायी भुमिका निभाउने व्यक्तिहरुलाई कि त चुप लगाइयो कि त देश निकाला गरियो। अन्यत्र जस्तै श्रीलंकाबाट पनि मूल्यवान् शिक्षाका रुपमा लिइन्छ।

झण्डै दुई वर्ष जति शैक्षिक समर्पित काम चलाउन प्रशासन पछि बंगलादेशले सन् २००९ मा निर्वाचित सरकारलाई संक्रमणमा धकेल्यो। संक्रमणको समय राजनितिमा अत्यन्तै अफठ्यारो थियो। देशका प्रमुख दुवै पार्टीका नेताहरु जेलमा थिए। पार्टीका क्रियाकलाप शुन्य थिए तर तर निर्वाचनको घोषणा सँग सम्पुर्ण दलीय क्रियाकलाप पुनः सक्रिय वा जिवन्त भएर आए। अवामी लिगले जिवय प्राप्त गरेको निर्वाचन पश्चात पनि नागरिक समाज र संचार बिचमा बैमनस्यता कायम रह्यो, जसको कारण थियो नागरिक समाज र संचार माध्यमको दुई ठुला दलसँगको नजिकता साथै ती दलहरुबाट देखाएका प्रजातान्त्रिक क्रियाकलाप प्रतिको निकम्मापन-विशेषता न्याय सेवा र निर्वाचन आयोगको बनौट र कार्य। त्यतिखेर सन् १९७१ को राष्ट्रिय स्वतन्त्रता ताका भएका युद्ध अपराध जस्तो कार्य गरियो। राजनिति नागरिक सरकार पछि पनि अझ अस्थिर रह्यो र अझ ठुला युद्धका सम्भावना बलिया भएर गए। तर नागरिक समाजले मुजिवले सन् १९७५ मा गरेको अपराध बापत पाएका मृत्युदण्ड र युद्ध अपराधको सुनुवाइको सुरुवातलाई समर्थन गरेको जस्तो देखियो पर्यवेक्षकहरुको विश्वास थियो यस्तो नागरिक समाजको कार्यले संचार माध्यमहरुको अतयाधिक विभाजन प्रति मध्यमम खालको असर पुऱ्याउँछ।

## विभिन्न विचारहरु/लेखहरु

बंगलादेशलाई अपवादमा राख्दा यस रिर्पोटमाा समाविष्ट सबै





देशहरुमा भाषिक विविधता पाइन्छ। भाषिक विविधताले संचार स्रोताबिच विभाजन वा खण्डिकरण र सम्भाविय रुपमा भित्र विचारहरु विभिन्न समुदायहरुमा निम्त्याउँछ। यी देशहरुमा संचारमा अंग्रेजी भाषाको उपस्थिती उल्लेखनिय भएता पनि यसको असर आंगिक र एकै खालका नभएको पाइन्छ। भारतमा अंग्रेजी भाषाको संचार ठुलो र बढ्दो छ। यसले उच्च आय र सम्पति भएको समुहको जनतालाई आकर्षित गर्छ साथै यसले राम्रा आय आर्जनको विज्ञापनलाई पनिआकर्षित गर्छ। यस्तै तर थोरै कम मात्रमा पाकिस्तानी र श्रीलंकाली परिवेश पाइन्छ। तर बंगलादेश र नेवालमा अंग्रेजी संचार माध्यम जनसंख्याको आधारमा कम पाइन्छ। यसको कारण चाँही उच्च वर्गको मानिसले मात्र पढ्ने र यसले बाहिरी जगत्को आधारभुत सुचनाहरु दिन्छ जसले ति देशहरुमा हुने घटनाहरु बुझ्न आधार तयार गर्दछ।

यस क्षेत्रको अंग्रेजी संचार माध्यमहरु सापेक्षरुपमास संकुचित र धनी वर्गको जनताको रुचीमा आधारित छ। यो अन्य भाषाको संचार त्यो भाषा बोलिने समुदायको संस्कृति भन्दा फरक घटना हो। प्रायः जब यस प्रकारको साँस्कृतिक विभाजनले गलत वा अर्को पक्षको पृष्ठपोषकको रुपमा द्वन्द्वमा तानिन्छ। जसको ज्वलन्त उदाहरणमा जम्मु र कास्मिर प्रान्तहरुमा सन् २००८को जुलाइ र अगस्टमा एउटा धार्मिक संस्थालाई दिइने जग्गाको विवादित विषय भएक्रे थियो। ति राज्यहरुको साँस्कृतिक धर्महरु दुई स्पष्ट खेमामा विभाजित थिए। जसको परिणम कास्मिरका संचार माध्यमहरु व्यापक रुपमा जम्मुमा आलोचित भए। अति प्रज्वलित र अति सयोक्तिपुर्ण विवरणहरुको रुपमा जबकी जम्मुका संचार कास्मिरमा संवेदनहिन रुपमा आलोचित भए। यो विभाजनले स्थानीय भाषाका संचार माध्यमलाई खराब असर गरे जतिकै अंग्रेजी माध्यमका संचार माध्यमलाई पनि गरे।

यस्तै परिदृश्य भारतको उत्तर-पुर्वी राज्य, मनिपुरमा २०१० को शुरुमा हुन पुग्यो। जसको कारण थियो उपत्यकार पहाडमा बस्ने जनताहरु बिचको विभाजन। अन्तत्वगत्वा, ती दुई समुदायहरु बीचको राजनितिक द्वन्द्वले संचार माध्यमलाई अछुतो छोड्ने, पत्रकारको काम गर्ने स्वतन्त्रतालाई गम्भिर रुपले रोकावट भयो।

## संचार र सामाजिक मर्यादा

जब महत्वपुर्ण सार्वजनिक नितिगत समस्याहरु छलफल गरिन्छन्। संचारको सामाजिक बन्धन प्रति प्रश्न चिन्ह लगाइन्छ उदाहरणको रुपमा भारतीय जातिय प्रणालीमा ऐतिहासिक रुपमा पिछडिएको समुहको लागि सकारात्मक पहल। सन् २००७ मा जब यस्तै कुरा सार्वजनिक विवादको विषय भइरहेको थियो। दिल्लीमा भएको एउटा अनुसन्धानबाट प्राप्त भयो की ८० प्रतिशत पत्रकारहरु जो कुनै पनि प्रकारका समाचारसँग सम्बन्धित थिए। माथिल्लो जातिबाट अएका थिए। उनीहरु केहीमात्र दलित र पिछडिएको वर्गको प्रतिनिधित्व

गर्दथे। त्यसैगरी धार्मिक अल्पसंख्यक पनि समानुपातिक रुपमा कमै मात्र पत्रकारितामा लागेको पाइयो।[1]

त्यसैगरी श्रीलंकामा पनि संचार संस्थाहरुमा सामाजिक आधार र ति संचार माध्यमले सम्बोधन गर्ने श्रेस्ता पनि महत्वपुर्ण विषय भए। यसको दृश्य स्पष्ट छ। सरकार र तामिल बिचको २५ वर्ष लामो भिषण युद्धको छाँया सन् २००९ मे पछिको शत्रुत्वको अन्त्यपछि पनि निरन्तर छ। यसको असर संचारमा पनि छ। तेस्रो पक्ष पनि हालसालै अस्तित्वमाआएको छ -त्यो हो मुसलमानहरुको सरकार र तामिल प्रतिको विचार। यस्तो परिप्रेक्षमा संचरको अवस्था दयनिय छ। संचार यस्ता परस्पर द्वन्द्वरत शक्तिहरुबाट शोषित र यसले आफ्नो परिचय अलग्गै राख्न नसकेको देखिन्छ।

यो श्रीलंकाको लामो समयदेखिको समस्या हो। २००३ मा गरिएको टापु राष्ट्रहरुको संचार सम्बन्धि अध्ययनबाट एक पक्षको पत्रकारले अर्को पक्षको (अर्को सँस्कृतिको जनता) कमै सुचनाहरु दिइएको पाइयो। हरेक संचार माध्यमले तब मात्र आफ्नो लक्ष्य पुरा भएको ठान्छ जब उसले आफ्नो संकुचित भाषिक समुह र आर्थिक वर्गको इच्छा र रुचीलाई सम्बोधन गर्छ।[2] जहाँ अर्को समुदायको बारेमा रुचि राखिन्छ त्यसलाई नराम्रो कार्यको रुपमा हेरिन्छ। पत्रकारहरुको संगठनहरुले बनाएका आफूहरुबिचका विश्वासका कारणले युद्ध समाप्ति पछि नयाँ परिवर्तनहरु देखिन थालेका छन्, जुन पत्रकारको व्यवसायिक कार्यमा प्रतिविम्बीत भएको छ। त्यसैले पत्रकारहरु आफ्नो समुदायको संकुचित घेराबाट माथि उठी सम्पुणए समुदायको सुचना दिन थालेका छन्। जुन सम्बन्धित क्षेत्रमा न्याय र आर्थिक विकासको हो।

## खतराको क्षेत्रहरुः

पाकिस्तानको कुरा गर्दा, पत्रकारहरुको विशेषतः यहाँको मुख्य द्वन्द्वग्रस्त क्षेत्रहरु जस्तो खिबेर पाख्तुन्ख्वा, बलोचिस्तान र संघिय प्रशासित जनजातीय क्षेत्रमा बढी पसिना बगाउनु परेको छ। तथापी द्वन्द्वग्रस्त क्षेत्रमात्र पत्रकारहरुको लागि खतरापुर्ण छैन। स्थानीय शक्तिका समुह र सरकारी प्रतिनिधि पनि पत्रकारलाई धम्की र आक्रमण गर्ने अर्न्तगत पर्दछन्। जब पत्रकारले उनीहरुको गैरकानुनी कार्यहरु लेख्दछन्। श्रीलंकामा जस्तै पाकिस्तानमा पनि द्वन्द्वको चरम समयमा पत्रकारीताको गुणात्मकतामा ह्रास आएको थियो।

पाकिस्तानमा प्रजातन्त्रको पुर्नस्थापनामा पत्रकारहरु अग्रपंक्तिमा रहेर काम गरे। उनीहरुले संचार मालिक, सम्पादक साथै वकिलहरुसँग वृहत एकता गरी निरङ्कुशता विरुद्ध लडे तर उनीहरुको एकता २००८ पछिको राजनैतिक उपलब्धी पछि कायम रहन सकेन। तथापी पाकिस्तानको पत्रकारहरुको सर्वोच्च संस्थाले २००१ मा घोषणा गरिएको राष्ट्रिय पारिश्रमीक पुरस्कारको कार्यन्वयनको कडा प्रयत्न गर्‍यो। त्यस्तै सो संस्थाले द्वन्द्वग्रस्त क्षेत्रमा पत्रकारको सुरक्षाको लागि पनि आवश्यक कदम चाल्न सरकार समक्ष आवाज उठायो। जनताको विरोध र उत्कर्षका घटनाहरु जस्तो कुनै कार्यमा संलग्न नहुने, अथवा काम बन्द गर्ने कुराहरुमा पत्रकारहरु माध्यमका रुपमा प्रयोग भए र आंशिक उपलब्धि पनि प्राप्त गरे।

अरु देशमा जस्तो बंगलादेशमा सक्रिय युद्धको समस्या रहेन। चितागोङ हिल प्याकटस र दक्षिण पश्चिम खुल्नाको प्रशासनिक विभाजनको सामान्य तहुको द्वन्द्वलाई अपवाद मान्दा। यहाँको द्वन्द्वको प्रमुख स्रोत भनेको यहाँको गहिरोसँग विभाजित राजनैतिक वातावरण, नागरिक सामाजिक संस्थाहरुको विभाजन। पत्रकारहरुमाथि दक्षिण पश्चिम जिल्लामा हुने धम्की र शारिरिक घटनाहरु, मुख्य समस्याका विषयहरु थिए। खुल्ना विभाजन जुन बंगलादेशको ६ मध्ये एक महत्वपुर्ण प्रशासकिय इकाइले पत्रकारलाई एउटा खतरापुर्ण वातावरण बनायो। बास्तवमा पत्रकाहरु तथा अन्य नागरिकहरु माथि यदाकदा र सुनियोजित हुने आतंककारी घटना यस क्षेत्रमा सुरु भयो। अझपनि दुवै मुस्लिम समुहहरु र क्रान्तिकारी कम्युनिष्टहरुबाट संचार माध्यमहरुलाई खतरा रहिआएको छ।

विगत तीन वर्षदेखि नेपालमा संचार अस्वतन्त्रता गहिराइमा पुगेको छ। जुन स्वतन्त्र संचारको फाइदाहरुको प्रशंसा गर्ने र यसको लागि लड्ने क्षमताको वृद्धि भएकाले हो। सन् २००५ फेब्रुअरिमा राजा ज्ञानेन्द्रले सम्पुर्ण अधिकार आफ्नो हातमा लिए। नेपाल पत्रकार महासंघ एउटा पहिलो संघ हो जसले राजाको कार्यलाई निद्या गर्‍यो। र सो कार्यलाई प्रजातन्त्र माथिको 'क' भन्यो। सो समयमा सो संघमा केहि निर्वाचित माथिल्ला नेताहरु जेल हालिए। पुर्ण रुपमा संचार मा बन्देज लगाइयो।

सन् २००७ मार्च सुरुसँगै माओवादी युद्धबाट नराम्रो सँग प्रभावित शाही निरङ्कुशता, प्रजातान्त्रिक शक्तिहरु परि चालित भए जसलाई संचार समुदाय, नेपाल पत्रकार महासंघ, नेपाल प्रेश युनियन तथा अन्य संगठनहरुले महत्वपुर्ण साथ दिए। पछि राजाबाट राष्ट्रिय सभा (प्रतिनिधि सभा) पुर्नस्थापना भयो ।जुन संचारको लागि ठुलो नैतिक शक्ति हुन पुग्यो। संचार समुदाय विद्यमान पत्रकारिता ऐन संसोधन गर्ने कार्यको लविङ गर्न सफल भयो जसले पत्रकारहरुको कामको सुरक्षा र पारिश्रमिकको किटानी गर्ने कामहरु गर्‍यो। जसले

1. हेर्नुहोस् Alike ThakoreBreaking into the Media, The Hoot June 12, 2006 र caste Matters in the India Media, The HinduJune 3, 2006 संचारको भूमिका सहित पक्षपाति क्रिया र (छुवाछुत) सम्बन्धमा थप विवाद र वहसका लागि हेर्नुहोस् Reservations : The Die is caste, The Little Magazine, Volume VI, Numbers 4 and 5, 2006 – अनलाइजमा किन्तको लागि उपलब्ध 5. WWW littlemag.cm/reservation_ printmag.htmal मा

2. S. Deshapriya र S. Hattotuwa, Study of the Media in the North-East of Sri Lanka Centre for policy alternative, Sri lanka and International Media Support , Denmark, 2003, Page 8.

उनीहरुको व्यवसायिक दक्षता अभिवृद्धि गर्न सहयोग पुऱ्यायो। प्रजातन्त्रको पुर्नस्थापनामा संचारका योगदानलाई मुल्यांकन गर्दै अन्तरिम राष्ट्रिय सभाले सुचनाको हक सम्बन्धि कानुन ल्यायो।

तथापि यी कानुनहरु देशको विषम परिस्थितीका कारण कार्यन्वयन हुन सकेनन्। संचार जगत नेपालको नयाँ सरकारले संचारको स्वतन्त्रताको समस्या र पत्रकारहरुको सामानिक तथा व्यवसायिक अधिकारहरु प्रति पर्याप्त ध्यान दिने कुरा हेर्न अत्यन्तै चाहेको छ।

## सिमापारबाट हुने द्वन्द्धको सम्भावना

दक्षिण एशियाली राष्ट्रहरुको आन्तरिक द्वन्द्वको साथसाथै दुई देशहरुबिचको द्वन्द्वहरु पनि इतिहासमा स्पष्ट पाइन्छन्। खास गरेर भारत र पाकिस्तान तर केहि हदसम्म भारत र बंगलादेश, नेपाल र श्रीलंका, भारत र पाकिस्तानबिच द्वन्द्धको सम्भावना सबभन्दा बढी कास्मिर र परस्पर सिमापार आतंकवाद सँग सम्बन्धित छ। अफगानस्तान सँग जोडिएको पाकिस्तानी भुभागले अन्य देशमा राजनैतिक अस्थिरताको बढवा गर्छ। संचारमाध्यमको मुल्य र मान्यता विकास गर्ने कार्यमा सक्रिय भुमिका निभाउनु पर्दछ। भारतको उत्तर-पूर्वमा पर्ने मनिपुर मा भएको घटनालाई उदाहरणको रुपमा लिन सकिन्छ। जहाँ विभिन्न आतंककारी समुहहरुको दबाब पत्रकारहरु माथि पर्दछ। महासंघले पत्रकारहरुमाथिको आचारसंहिता विकास गरेर तथा यसको प्रचार प्रसारण गरेर यी समस्याहरुको सम्बोधन गर्दछ ताकि राज्यका निकायहरु र आतंककारी समुहहरुले संचार माध्यमद्वारा कुन हदसम्म आफ्ना विचारहरु सम्प्रेसित गर्न सक्छन् भन्ने स्पष्ट हुन्छन्। यस्तो सामुहिक रुपमा स्वीकारीएका आचार संहिताले पत्रकारहरुको शक्तिलाई धेरै हदसम्म बढाउन्छ र हतियाधारी समुहको विचार सम्प्रेसित गर्ने डिमान्डलाई कमी ल्याउँछ।

पत्रकारहरुको अर्को समस्या भनेको द्वन्द्व सम्बन्धि सुचना प्रेषित गर्दा उपयुक्त शब्दावलीको छनौट पनि हो। उनीहरुको कुशलतापूर्वक तयार पारिएको द्वन्द्व सम्बन्धि न्युजको सम्पादन, मुख्य समाचारको निर्माण र कुन पेजमा राख्ने भन्ने कुराहरु सुरुमा काम गर्ने पत्रकारहरु स्पष्ट समाचार प्रसित गर्न अधर्य हुन्छन्। पत्रकारले मुख्य समाचारमा आफ्नो कुराहरु भन्न नसक्ने अनि फोटोग्राफरले चाहेको क्याप्सनमा दिन नसक्ने पनि हुन्छन्। यस्तो भ्रमको बाडफाडले द्वन्द्वग्रस्त क्षेत्रमा काम गर्ने पत्रकारहरुमा अफठ्यारो पार्दछ।[3] यस्ता पत्रकारहरुलाई निश्चित शब्दावलीहरुको व्याख्या गरिन्छ। पत्रकारहरुको संस्थाहरुले दक्षिण एशियाको द्वन्द्वग्रस्त आफ्नै शब्दावली निर्माण गरी ती समस्याहरुको समाधान गर्दछन्। दुर-दराजमा काम गर्ने पत्रकारहरुले सम्पादकिय क्षमताको लागि केन्द्रको सहयोग लिनुपर्दछ ताकी सही शब्दको छनौट होस् र समाचार प्रकाशन गर्न उपयुक्त होस्।

द्वन्द्वग्रस्त क्षेत्रमा पत्रकारको सुरक्षासँग सम्बन्धित निश्चित मान्यताको स्थापना गर्नु रोजगारदाता र संचार संगठनको प्रमुख दायित्व हो। सामुहिक पद्धति जसले सांस्कृतिक रुपमा योगदान पुऱ्याँउछ। जस्तो खतरायुक्त क्षेत्रमा भएका घटनाको समावेश गरी सर्व स्विकार्य मान्यतामा आधारित भएर महत्वपुर्ण समाचार प्रेसित गर्नु पत्रकारहरु मृत्युमयी बाटोमा हिडेर महत्वपुर्ण समाचार प्रेसित गरिरहेका हुन्छन्। यो प्रवृत्तिलाई पृष्ठपोषण चाँहि संचार संगठनहरु बीचको प्रतिस्पर्धाले गर्दछ जुब केबल भू-उपग्रह च्यानलले बढावा दिन्छ।

आन्दोलनका प्रकृतिहरु फरक हुन्छन्। सडक प्रर्दशन देखि पर्दा पछाडीबाट गरिने भिन्न प्रकारको बुझाई। जब समस्या व्यापक हुन्छन् सडकमा हुने प्रदशर्नले अत्याधिक प्रभाव राख्दछ। साथै उस्तै उद्देश्इ भएका व्यापक नागरिक समाजको ध्यान आकृष्ट गर्छ। जहाँ धम्कि अत्याधिक बहुआयमिक हुन्छ। त्यहाँ पत्रकारहरुको प्रायः बहुसंख्याक जनताको नजिक भएर काम हुन्छ जहाँ संचार माध्यमहरुले उच्च सांगठनिक, औद्योगिकरण गरिएको ठाउँमा काम गर्छन् र निर्णयकर्ताहरु धैर्य हुन्छन्।

यदि निर्वाचित पदाधिकारी जनताप्रति उत्तरदायि भएमा अरुलाई सम्झाउने कार्य सफल हुन्छ। साथै ती पदाधिकारीहरुको संचार माध्यमप्रति सद्भाव राख्ने हून्छन् तर यसरी प्राप्त गर्ने सद्भाव पत्रकारको व्यक्तिगत व्यवसायिक क्षमतामा भर पर्दछ नकि सामुहिक संस्थामा यसको लागि नेताहरु र सहजकर्ताहरुले सम्पुर्ण पारदर्शिताको निति अवलम्बन गर्नु पर्दछ। सामान्यतयाः यो आवश्यक क्षमता त्यहाँ पुग्दैन जहाँ पत्रकारहरुको संगठनहरु संस्थागत भएका हुदैनन् र उनीहरुको नेतृत्वले विना बलियो उत्तरदायी भावनासाथ सम्पुर्ण समुदायसँग काम गर्छन्।

## अनुसन्धान तरिका वा विधि

यस परियोजनाले प्रथमतः पत्रकारहरुको अर्न्तराष्ट्रिय संगठनसँग सम्बन्धित र सहयात्रीले समस्या र द्वनद्वग्रस्त परिस्थितका मुख्य व्यवधानहरुका स्मृतिहरु र क्रियाकलापहरु समावेश गर्दछ। द्वन्द्वको सुचना प्रेसित गर्दा पक्रिएका पत्रकारहरुको विचार सम्बोधन गर्ने कार्यहरु (युद्धको परिवेशदेखि नागरिक अस्थिरता गर्ने 'क' र अप्रजातान्त्रिक तबरले स्थापित सरकारको समर्थन गर्ने कार्य) यी परिवेशमा यो परियोजनताले कसरी द्वन्द्व संवेदनशीलताका समस्याहरु प्रशिक्षणमा उठाइन्छन् र पत्रकारहरुको संगठनहरुले गरेका अरु कार्य र स्थानिय आचारसंहितामा द्वन्द्वको संवेदनशिलताको प्रवेश जस्ता कुरालाई लेखन गर्दछ।

3 Willew Van Schendel The Wagah Syndrome Territorial Roots of contemporary violence in South Asia in Amrita Basu and Sriripa Roy (ediors) violence and Democracy in India Seagull Books, London and New York, PP36 to 82

हरेक घटनाका मुख्य व्यक्तिहरुसँगको अनौपचारिक भेटघाटको सर्वेक्षण र अन्य इच्छुक समुहहरुसँगको अर्न्तवार्ता यसमा समावेश गरिएका छन्। एशियाका पाँच राष्ट्रमा अस्तित्वमा रहेका दक्षिण एसियन संचारसँग सम्बन्धित सहयोगी संस्थाहरुसँगको औपचारिक तथा अनौपचारिक भेटभाटबाट प्राप्त सुचनाहरु संकलित गरियो। आई.एफ.जे. द्वारा विकसित हिंसा तथा धम्की ग्रस्त क्षेत्रमा काम गर्ने पत्रकारहरुसँग पूर्नताजगी गरियो ताकि दुर दराजका पत्रकारीता सम्बन्धी बुझ्न सकियोस्।

भारत र बंगलादेशमा सम्बन्धित सरोकारवालासँग छलफल गरियो। श्रीलंकामा पत्रकारहरुलाई सामुहिक रुपमा समावेश गर्ने परिस्थिति प्रतिकुल रह्यो त्यसो भएकोले व्यक्तिगत सोधखोज र विदेश निकालिएकासँग छलफल सिमित पारियो। नेपाल र पाकिस्तानमा अनुसन्धानकर्ताहरु विभिन्न ठाउँमा गएर प्रेस स्वतन्त्रताको लागि संघर्षरत पत्रकारहरु र द्वन्द्वले सृजित समस्याहरुको राम्रो ज्ञान भएका व्यक्तिसँग अर्न्तवार्ता लिइयो। त्यस्तै आई.एफ.जे. द्वारा संचालित परियोजनाहरुद्धारा पनि अन्य क्रियाकलाप गरियो जस्तो उपस्थित व्यक्तिहरुबाट महत्वपुर्ण सुझाव र सल्लाह २००८ र २००९ सेप्टेम्बरमा गरेका वार्षिक साम्सन ९क्ष्क्ल० गोष्ठिबाट प्राप्त भयो।

अनुसन्धानको निचोड विस्तृत राष्ट्र विवरणमा तयार पारियो र त्यसलाई काठमान्डु नेपालमा २०१० मा पाँच देशका उच्च संचार प्रतिनिधिहरु सम्मिलित छलफलमा प्रस्तुत गरियो। उक्त गोष्ठिमा संचारको भुमिका पत्रकारहरु र पत्रकारहरुको संगठनहरु द्वन्द्व प्रभावित परिस्थितीमा र दक्षिण एशियन देशहरुमा द्वन्द्वमा उनीहरुले खेलेका भुमिकाको बारेमा छलफल गरियो। छलफलमा संचार समुदायले अपनाएका संचार सम्बन्धि कार्यहरु क्याम्पेइन र वकालतको रणनितिहरुको पहिचान गरियो। देश भित्र र क्षेत्रीय स्तरमा ताकि द्वन्द्वको परिस्थितीलाई सम्बोधन गर्न सकियोस् र अन्ततः द्वन्द्व समाधानमा सहयोग पुऱ्याओस्। छलफल कार्यक्रममा विभिन्न व्यक्तिहरुले विविध परिवेशमा कस्ता रणनिति प्रभावकारी भए भन्ने मुल्यांकन गरे र भविस्यमा द्वन्द्वको शान्तिपुर्ण समाधानमा र यसको सुधारमा कस्ता कार्यहरु गर्न सकिन्छ भन्ने पनि विमर्श भयो। यो रिपोर्टले यस्तो सम्पुर्ण क्रियाकलापहरु र सम्पर्कबाट आएका परिणामलाई प्रस्तुत गर्दछ।

## बंगलादेश

### राजनैतिक धुव्रिकरण र संचारमा पक्षपात

सन् २००९ जनवरीमा निर्वाचित सरकारको पुर्नस्थापना भएपछि लगतै बंगलादेशले कालान्तर सम्म बाटो निर्देश गर्ने स्थायी सर्वसम्मतीलाई पूर्ननिर्माण गर्न खोजेको छ। यो कार्यको लागि धेरै नै प्रयास र जोड गर्नुपरेको छ। मुख्य प्रतिपक्षी दल Bangladesh Nationalist Party ले नयाँ निर्वाचित संसदले आफ्नो प्रमुख विरोधी *Awani Leafue* लाई कपटपुर्ण सहमति जनाएकोले चुनावको विरोध गर्दै यसका प्रक्रियाहरुलाई बहिष्कार गर्ने घोषण गऱ्यो।

देशको प्रमुख दलहरुले आधारभुत विन्दुमा सहमति जुटाउन नसकेकोले पुनः संचार माध्यम संकटग्रस्त भई पक्षपाती हुन



संसदवाद पनि विरोधि पक्षहरुलाई निराकरण गर्न कुनै नियम ल्याएको पाइदैन जसले पत्रकारीतालाई धरासयी बनाएको छ।

सक्ने भनिएको छ। जुन बंगलादेशी समाचार जगत्को अधिकार को वडापत्रको विस्तार हुन नसक्नुको पनि एक मुल कारण हो।

स्वतन्त्रता युद्ध सन् १९७१ का नायक *Skeikh Mujibar Rahman* को हत्याका ९ जना अभियुक्त मध्ये पाँच जनालाई करिब दुई दशक भन्दा बढी समय पछि कानुनत सन् २०१० जनवरीमा फासी सजाय दिइएको कारणले गर्दा गम्भिर राजनीतिक फुटको संभावना उत्पन्न भयो। धर्म निरपेक्षता र प्रजातन्त्रको पुन सुदृढिकरणको लागि यो फासिको सजय एक अति आवश्यक कदम हो भन्ने *Sheikh Mujim* द्वारा स्थापित सत्तारुढदल *The Awani Leafue* को धारणा भयो। विपक्षी दल *Bangladesh National Party* भने दशक देखि संरक्षित व्यक्तिहरुलाई फासि दिदैमा समस्याको समाधान नहुने कुरालाई स्पष्ट पार्दै मौन रहे।

यस घटनालाई विधिको शासन प्रति देशको संकल्पको साङ्केतिक विशेषता र महत्वलाई भने संचार माध्यमले स्वागत गरेका थिए। त्जभ ल्भध ब्नभ ले आफ्नो सम्पादकीयमा लेखे को थियो, "*Mujib* हत्याकाण्डको अन्त्य र दोषीहरुको मृत्यूसँगै राजनैतिक विवादको अन्त्य हुने छैन र समाजमा विद्यमान विवाद र घातक राजनैतिक अराजकता माथि निरन्तर अन्तर क्रिया गरि ३४ वर्ष[1] देखिको अराजकता र राजनैतिक पिडाबाट देशको इतिहासलाई बचाउनु पर्छ।

बंगलादेशको ठुलो अंग्रेजी दैनिक The Daily Star सकारात्मक टिप्पणी गर्दै भनेको छ। “यो राष्ट्रका लागि र कानूनी प्रक्रियामा देश फर्केको अवस्थाले सबैका लागि न्यायपुर्ण भएको छ र कोही पनि कानुन विपरीत जाने बच्नु हुदैन। साच्चै नै फेरि न्यायका सिद्धान्तहरुको बैधानिकता सँगै पुनः स्थापना पनि भएका छन्। यो समय सबै नागरिकका लागि राजनैतिक विश्वास बोक्नेका लागि उपयुक्त छ  जसका कारण भविष्यमा आउन सक्ने कालो छाँया प्रति लक्षित छ।”[1]

यो प्रतिवेदन तयार पार्ने सर्न्दभमा बंगलादेशको प्रेस समुदायसँग गरिएको सोधपुछले खुलासा गरे अनुसार बंगल भाषिक प्रेसको समर्थन र पक्षपातमा ५ जनालाई फाँसी दिइएको थियो। दक्षिणीपन्थी धधार्मिक पार्टी *The Jameet-E-Islam* द्वारा नियन्त्रित पत्रिका *Sangram* र *Amar Desh* जो *Awami League* को विपक्षमा उभिन्थ्यो। *Amar Desh* सरकार र प्रतिपक्ष दुवैको गम्भिर मुडभेडका कारण अन्ततः सम्पादकको गिरफ्तारी भयो र पत्रिका बन्द गरियो। बंगलादेशमा पत्रकारहरुको संघर्षका कारण आंशिक रुपमा भएपनि जनताले सही र वास्तविक समाचारबाट बञ्चीत हुनु परेन। विभिन्न बाधाहरु बीच या कोशिशका कारण पत्रकारहरुले ठूलै महत्वपूर्ण उपलब्धि हासिल गरे।

निर्वाचित सरकारले आफ्नो हातमा बागडोर लिएको केही हप्तापछि बंगलादेशलाई सैनिक विद्रोहले विचलित बनाइदियो। हालसालै निर्वाचित नयाँ सरकारको विधानका लागि यो घटना अत्यन्तै दु:खदायी थियो र यस घटनाले निर्वाचित प्रजातन्त्रको आधारभुत सिद्धान्तमा नागरिक र सैनिक संस्था बिचको प्रतिवद्धताको कमजोर पक्षलाई जोड दिन्छ। यो घटनाको प्रतिक्रियामा सरकारले सैनिक विद्रोह सम्बन्धी सामग्री भएका *You Tube Vedio Shaving Website* र अरु *Web play Site* मा अंकुश लगाई दियो। बंगलादेश बाहिरका इन्टरनेट प्रयोगकर्ताका कारण र सुचनाका लागि अनेकन प्रयास गर्ने इन्टर नेट प्रयोगकर्ताको ज्ञानका कारण सरकारी अंकुश पूर्ण रुपमा सफल हुन सकेन।[3]

बंगलादेशका मुल प्रवाहका संचार माध्यम विभिन्न व्यावधान भएता पनि सैनिक विद्रोहको बेला र पछि पनि बच्न सफल भए यसको आंशिक कारण जब विद्रोही कर्ताले गरेको विद्रोहको कुराको थाहा भयो सबैले सरकारलाई साथ दिए जसको परिणामा विद्रोहकर्तालाई न्यायलयको अगाडी ल्याउन सफल भयो। सन् २०१० सेप्टेम्बरको मध्य सम्ममा तुलनात्मक रुपमा सानो घटनामा भाग लिएका क्थजिभत नगरको व्यारेकमा विद्रोहीलाई न्यायिक फैसला सुनाइयो। ढाका विद्रोहीलाई कर्तालाई खेतीपाती गर्नुपर्ने फैसला सुनाइयो भने कसैलाई प्रकृति हेरेर मृत्युदण्ड सम्म दिइयो। नागरिकले पाउनुपर्ने नागरिक अधिकारका सामु संचार माध्यमको स्वतन्त्रता पनि अनिश्चित भयो। बंगलादेशको नागरिक अधिकार संस्था “ओधिकार” का अनुसार सन् २००८ मा ११५ बटा प्रेस स्वतन्त्रताका विरुद्ध अतिक्रमण, धम्की, आक्रमण, अपहरण भएका थिए।[4] सन् २००९ मा निर्वाचित सरकारको पुनः स्थापना पछि पनि त्यही संस्थाका अनुसार २६६ वटा प्रेस स्वतन्त्रताका विरुद्ध आक्रमण भएका थिए।[5]

संकटकालमा भएका विभिन्न बाधा अड्चनका कारण र विवरण दिँदाका अप्ठयारा परिस्थितीका कारण सन् २००८ को तथ्याङ्कलाई असान्दर्भिक भएको हुनाले अंङ्गीत गरिनुपर्छ। “ओधिकार” ले आफ्नो सन् २००८ को प्रतिवेदनमा भनेको छ। “स्पष्ट र अस्पष्ट नियन्त्रणले सन् २००८ मा प्रेस र विद्युतिय संचारलाई निरन्तर रुपमा पुरै प्रभावमा राख्यो। विभिन्न दबाबका

1. सम्पादकिय न्यू एज, जनवरी २९, २०१० http//www.newagebd.com/2010/jan/29/edit/htm#1 बाट  लिइएको हो र यसमा लगअन गरेर हेर्न सकिन्छ।

2 सम्पादकिय, The daily star, January 29,2010, http//www/thedailystracnet/new Design/news-details php3nid+123985 बाट लिइएको हो। साथै यसमा लगअन गरेर हेर्न सकिन्छ।

3 यहाँ भएका र अन्य यस सम्बन्धी घटनाहरु IFJ's Press freedom Report for South Asia को सन् 2009, मे को सुचना दिइएको वेभसाइटमा लगअन गरेर हेर्न सकिन्छ: http//asiapacific.ifj.org/assest/docs/082/145/do84a52-925c91.pdf.

4 ओधिकरको पेज ३६ मा भएका सुचनाहरु Human rights in Bangadesh 2008 को रिपोर्टमा उपलब्ध छ। http//www.odhikar.org/report/pdf/hr report 2008. pdf.

5 पेज २७ मा भएका ओधिकरका सुचनाहरु human rights situation in Bangladsh in 2009, http//www.odhikar.org/documants/2009/English report/HRR% 20,2009 pdf. मा उपलब्ध छन् र



संकटकालको स्थिती सृजना भएपनि पत्रकारहरुले संकटपूर्ण स्थितीमा नै काम गर्नुपर्ने अवस्था छ।

प्रतिस्पर्धात्मक सम्प्रेषण र राष्ट्रिय सरोकारमा सहायता गर्ने छिमेकी देशसँगको संलग्नतामा पनि गहिरो विभाजन देखियो।

सन् २००६ मा जब नयाँ चुनावी चक्र सुरु हुन लागेको थियो। राजनैतिक हिंसा सडकमै शुरु भयो । यस गोली हाना हानको स्थितीमा संचार फेरी पनि धरापमा पऱ्यो। बंगलादेशको राष्ट्रिय कानुनले काम चलाउ सरकारको व्यवस्था गरिदिएको छ जसमा कानुनी राष्ट्राध्यक्ष नभएको अवस्थामा देश चलाउन सकोस्। तर राष्ट्रिय बाटो बिचको बेमेल र राष्ट्रिय संस्था प्रतिको जन विश्वास यति गहिरो भयो कि सम्पुर्ण प्रजातान्त्रिक प्रक्रियाको अन्त्य भयो र सरकारी कर्मचारीद्धारा शासन लादियो।

संकटकालको घोषणाको असर स्वरुप समाचार सम्प्रेशनमा रोक लगाइयो। सम्पादक वरिष्ठ पत्रकार र काम चलाउ सरकारका प्रमुखहरु बीच लगातार रुपमा पटक पटक गरी बैठक अर्को दिन सम्म चल्यो। केबल वास्तविक खबर प्रचार गर्ने शर्तमा समाचार सम्प्रेशन नगर्ने रोकलाई यसैबेला छुटाइयो। ततपश्चात टेलिभिजन र पत्रपत्रिकाहरुले धेरै नै होसियार भई आफै छानबीन गरेर मात्रै कार्यक्रम देखाउने र खबर छाप्ने गर्न थाले।

बंगलादेश सैनिकका प्रमुख र राष्ट्रपतिका प्रमुख सल्लाहकारले प्रधानमन्त्रीको शक्ति उपयोग गर्दै संसद स्थगित भएको बेला प्रत्येक अवसरलाई आफ्नै अनुकुल बनाउथ्यो। सर्वसाधारणद्वारा प्रेस र संचार माध्यमले सर्वसाधारणको विचार व्यक्तका लागि ठाउँ दिन्छु भनी सोचिन्थ्यो। तर सर्वप्रथम संकटकालमा छुट्टै विशेष विभाग बनाई प्रेस र संचार माध्यममाथि हस्तक्षेप गर्दै सिमित पारियो। संभावित स्थितीबारे जानकारी गराउने अलिखित संचारमाध्यमबाट प्रकाशन र प्रसारण गरियो। *Broad Cast Media* का लागि लिखित आदेश बाट सिमित अर्न्तवार्ताको छुट दिइयो।

संकटकाल राज्यको समर्थनका लागि प्रशासनद्धारा नयाँ राजनैतिक कारबाही बारम्बार दोहोरी रहे। सन् २००७ अप्रिलमा सरकारद्धारा सबै संचारमाध्यमलाई पत्र मार्फत अनुरोध गर्दै सम्पादन कार्यमा अझ कढाइ गरिदियो। सरकार, सरकारी कार्यालय, व्यवसायी, पेशाकर्मी, विद्धान् तथा नेताका अनैतिक अभिप्राय, अपमानजनक र असान्र्दभिक लेख, समाचार, काटुन, वार्तालाभको प्रसारण गरि प्रेसले सकारात्मक भुमिका निर्वाह गर्नेछ भनी लेखिएको थियो। तर प्रेस र संचारमाध्यमलाई कुन हद सम्म हस्तक्षेप गर्ने भन्ने कुरा चाँहि उल्लेख थिएन। त्यसकारण सुरुमा यसको असर धेरै ठुलो नभएतापनि यी कुराहरु संचार माध्यमका लागि नियम बनेर रहे।

नयाँ प्रशासनको लागि पहिलो पटक सन् २००७ अगस्तमा

कारण वास्तविक प्रेस स्वतन्त्रता हननका घटनाहरु नागरिक स्तरमा नआउनुका कारण वास्तविक तथ्याङ्कको निर्धारण हुन सकेन। नागरिक अधिकारको पुनः स्थापना पछि मानव अधिकार को स्थितिमा सुधार आए नआएकोमा विश्वस्त हुने कुनै आधार छैन।

दक्षिण एसियामा विगत २ दशक देखि संचार क्षेत्रको विकास बंगलोदेशमा व्यापक रुपमा भएको छ। यद्यपी विकास असमान्तर नै छ। मुद्रित संचारको पहुँच र विद्युतिय संचार माध्यमको पनि विकास भएको छ तर यो मनोरञ्जनमा बढी के न्द्रित छ। दिक्कलाग्दो नियमकाकारण रेडियो प्रतिबन्धित थियो। सन् २००८ मा घोषित सामुदायिक रेडियो अनिश्चितताका कारण लागु हुन सकेको छैन।

## संकटकाल र तत्पश्चात

विद्यमान यथास्थितिको सर्न्दभ भन्दा बाहिर रहेर आउने प्रतिवेदन धेरै महत्वका साथ हेरिएको छ। सन् १९९४ मा तीन वर्षिय गैर सैनिक शासन पछि *Sheikh:* गवगद को हत्या भयो र पछि सन् १९९४ मै *Bangladesh Federal Union* या *Journalist* टुक्रियो। दुवै पक्षले आफु प्रमुख युनियन भएको दाबि गऱ्यो र देशको प्रमुख दुई राजनैतिक खेमामा धुव्रिकरण भएकोले यस दुरीलाई न्युन गर्न सकिन्छ।

सन् २००१ मा एक राजनैतिक दललाई जितको अवसर दिँदै राष्ट्रिय चुनाव भएको तुरुन्तै केही समयपछि बंगलादेशको अल्पसंख्यक धर्म मान्नेहरुको विरुद्धमा सुनियोजित ढंगले एक पछि अर्को आक्रमण हुन थाल्यो। यस बेलासम्म *Awami League* र *BNP* विचको तिक्तता चरमा विन्दुमा पुगि राकेको थियो र यसलाई निरुपण गर्न नसक्ने अवस्थामा पुगी सकेको थियो। यो फाटो मन फराकिलो हुँदै गयो। जसलाई इतिहासको

ढाका विश्वविद्यालयका विद्यार्थीको विरोध अगाडी आएपछि प्रशासन कडा रुपमा प्रस्तुत भयो । संकटकालमा भएको उक्त विरोधले प्रशासकलाई विषेश परिस्थितिमा राखिदियो र यो विरोधको कारण संचारले अगाडी ल्याएको लेख समाचारका कारण हो भन्दै राज्यका प्रमुख ६ वटा प्रशासनिक क्षेत्रमा कर्फ्यु आदेश जारी गरियो। राष्ट्रपतिका तत्कालीन सुचना सल्लाहकार *Mainul Hosein* ले बंगलादेशका प्रमुख सम्पादकहरु र टेलिभिजन प्रमुखसँग भेट गरी कर्तव्य परायण र जिम्मेवार र ही समाचार प्रकाशन र प्रसारण गर्न दबाब दिए। सरकारले कुनै पनि तरिकाले सम्पादन गर्ने इच्छा नभएको व्यक्त गर्दै तर आफुमा त्यो अधिकार निहित भएको जानकारी दिए। यो प्रेस प्रतिको निर्देशनलाई गम्भीर अवस्थाको संज्ञा दिइयो तर संकटकालको अवस्थामा रहेका धेरै विरोधाभाषपुर्ण परिस्थितिले गर्दा राजनैतिक समभ्रुदारी तर्फ सबैको ध्यान रहेको स्थितिमा प्रेस माथिको नियन्त्रण केही खुकुलो भएको हुँदा प्रेसले त्यती असहज परिस्थिति सामना गर्नुपरेन।

यो अवस्थाको अन्त्य सन् २००८ डिसेम्बरमा संकटकालको समाप्ती पछि भयो । सन् २००८ डिसेम्बर ५ मा संकटकाल पुर्णरुपमा समाप्त भएपछि बंगलादेशको प्रमुख अंग्रेजी पत्रिका ल्भध ब्नभ ले सम्पादकीय छाप्दै लेख्यो "विगत १५ वर्षको प्रेस माथिको सबैभन्दा ठुलो हस्तक्षेप यो संकटकालको समयमा भएको टिप्पणी गऱ्यो।"

## केहि प्रमुख घटनाहरुको श्रृङ्खला

विगत पाँच वर्ष देखिका केही घटनालाई निम्न अनुसार संक्षेपमा वर्णन गरिएको छ र यसले पत्रकारिताका बाधाहरुलाई एकताविहिन भएमा कसरी राजनैतिक एकता माथि क्रियाशिल हुन्छ र संवाद क्षेत्रलाई सिमित पारिदिन्छ भन्ने कुरामा विशेष महत्व दिएर हेरेको छ।

- सन् २००५ नोभेम्बरमा *Manikhar* एचभयक ऋगिद का महासचिव तथा दैनिक *Ajker Kajoi / Dainik Supravat* का संवाददाता हेविवुर रहमान हदिवको *BNP* का कार्यकर्ताद्वारा कुटपिट गरियो। यो काण्ड अगावै एक संसदले *Khafrachan* का पत्रकारहरुलाई धम्की दिएका थिए। बंगला भाई इस्लामी लडाकुका प्रमुख *Bangladesh National Party* का नेताको घरमा बसेको खबर प्रकासित गरेको कारण म्बष्लक्ष्प ब्गनबलतयच का अखबार प्रतिहरु उल्लाहपारा, सिरजंगमा जलाइएको थियो भने द्यल्ए का सदस्यद्धारा प्रदर्शन पनि गरिएको थियो।
- राजशाहीका *Amar Desh* दैनिकका संवाददाता *Rafiqul Islam* माथि *Jatiyatabadi Chaatra Dal (JCD)* विद्यार्थी संगठनका सदस्यहरुद्धारा ठुलो आक्रमण गरियो। दुर्गापुर प्रेस क्लका अध्यक्ष रहेका च्बतष्त्रगी क्ष्ककि माथि दश आक्रमणकारीद्धारा कार्यालय भित्र पसि कुटपिट गरे। क्लबका महासचिव नुरुल इस्लामले प्रतिवाद गर्न खोजे काले उनीमाथि पनि आक्रमण भयो। उनीमाथि गरिएको आक्रमण अगावै रफिकुल इस्लामले प्रहरी माथि आफुलाई *JCD* कार्यकर्ताबाट आएको धम्कीको बारेमा बताए पनि प्रहरीद्धारा कुनै सुरक्षा प्रदान गरिएन।
- सन् २००६ को मे मा कुस्तीमा नगरमा द्यल्ए का संसद साहीदुल इस्लाले एउटा स्थानिय प्रेस क्लबमा भइरहेको पत्रकार सम्मेलनमा आफ्ना समस्त कार्यकर्ताद्धारा आक्रमण गराए। इस्लाम सोमन चौधुरी, *Bangladesh Observer* का पुर्व सम्पादक *BFV* का अध्यक्ष लगाएत ढाकाबाट निमन्त्रित यो सम्मेलनमा वरिष्ठ पत्रकार यो आक्रमणमा परि घाइते भए।
- समाचार एजेन्सी तथा स्थानिय दैनिक *"Dainik Giri Darpan"* का संवाददाता जमल उद्धीन सन् २००७ मार्च ५ मा आफ्नो घर कथल टालाबाट वेपत्ता पारिए र अर्को दिन उनको लास नजिकै रहेको रंगामती तालमा भेटियो। उनको अनुहारको भागमा क्षति भएको थियो भने अन्य शारिरिक अंगहरु यत्रतत्र छरिएका थिए। उनको घाटीमा डोरी बाधिँएको थियो। १२ दिनपछिको पोष्टमा रिपोर्टको अनुसार *Jamal Uddin* को मृत्यु आत्महत्या भएको भनियो तर उनका आफन्त र साथीभाइ यो कुरालाई अस्वीकार गर्दै उनी त्यस्तो आत्महत्या गर्ने खालका थिएनन् भनेका थिए। प्रहरीले उनको आत्महत्याको कारण एउटा उनको शरीर मा पाइएको *Audio Casatte* मा उल्लेख भएको बताइपनि त्यो क्यासेट भन्ने *Jamal Uddin* का साथीहरुलई सुन्न दिइएन। क्बलनदबम दैनिक तथा *CSB Television* का समाचारदाता जहागिर अलाम आकाश सन् २००७ अक्टोबर २३ मा बंगलादेशको राजशाही प्रशासकिय विभागको आफ्नै गृह बाट *Rapid Action Battalion V (RABV)* का कर्मचारीद्धारा गिरफ्तार गरिए। यो गिरफ्तारी थियो। यद्यपी आकाशले सम्बन्धित अदालतबाट धरौतिमा रिहाइ पाए लगतै उनलाई अर्को अभियोगमा *RABV* द्धारा उनको घरमा खानतलासी गरि गिरफ्तार गरियो। आकाशलाई नोभेम्बर १२ सम्म नजरबन्दमा राखी *RABV* र राजशाही प्रहरीद्धारा यातना दिइयो र फेरी धरौटीमा रिहाइ हुनासाथ उनीविरुद्ध नयाँ अभियोग दर्ता गरियो जसका कारण उनले ढाकामा शरण लिनुपऱ्यो। आफ्नो घरपरिवार सँग बस्नुको सट्टा उनी अहिले पनि निर्वासनमा छन्।
- *Inqilab* र *New Nation* दैनिकका संवाददाता जाहरिल हक्यु रिटुलाई बंगलादेशको दक्षिण पश्चिममा पर्ने गृहनगर पिरोक्षपुरबाट सन् २००७ अक्टुबरमा नजरबन्द गरियो। उनको गिरफ्तारीको कारण उल्लेख नगरिएतापनि उनको गिरफ्तारी १६ धाराको उपधारा २ अर्न्तगत विशेष अधिकार अनुसार भएको थियो भनियो। जस अनुसार गैर प्रहरीलाई पनि प्रहरी सरह यस कानुनको प्रयोग गरि खानतलासी गर्ने र जफत गर्ने अधिकार निहित हुन्छ। रिटुले इस्लामीक तत्व

## अमर देश विवाद

सन् २०१० जुन १ मा बंगलादेशी सरकारले स्थानिय कानुन अर्न्तगत पत्रिकाको दर्ता गर्ने नियमको खारेजी गऱ्यो। बंगला दैनिकी अमर देश को आधिकारीक प्रकाशक नहुनु कानुन विपरीत थियो *Mahmudur* रहमान अमर देश का निमित्त सम्पादकलाई तुरुन्तै गिरफ्तार गरियो र *Anti Comption Cammission* द्वारा विभिन्न आर्थिक हिनामिना गरेको आरोप लगाइयो। ढाकाको *Deputy Commissioner* ले छापाखाना र प्रकाशन (घोषणा र दर्ता) धारा १९७३ को आधारमा अमर देश को दर्ताको खारेज गऱ्यो किनकी जुन व्यक्तिको नाममा अमर देश दर्ता भएको थियो उक्त व्यक्तिले सन् २०१० मार्चमा आफ्नो संग्लग्नता अब उक्त पत्रिकासँग नहुने सुचना दिएको थियो।

सन् २००९ मा बंगलादेश गैर सैनिक शासनमा फर्किसकेको बेलामा उक्त पत्रिका च्वजकबल ले किनेका थिए। पुर्व प्रकाशकले सन् २००९ अक्टोबरमा आफु सो पत्रिका सँग संलग्न नहुने निधो गरि औपचारिक रुपले स्थानिय अधिकारीहरुलाई सन् २०१० मार्च मा सुचित गरेको थियो। रहमान अमर देश को प्रकाशक हुने भनेर लेखिएको बोलपत्रको निवेदन अस्विकृत भयो कारण थियो रहमान को विभिन्न अपराधिक गतिविधिमा संलग्न भएको आरोपका कारण अयोग्य ठहर भएको थियो। ढाका प्रहरीको विशेष शाखाको एक प्रतिवेदनले सो कुरा जानकारी दिए लगतै उक्त पत्रिकाको दर्ता खारेज भएको थियो।

अमर देश को बन्द सम्बन्धिको आधिकारिक विवरणले आश्चर्य रहित ढंगले सत्तारुढ दलका केही पक्षधरहरुको मात्र मन जित्यो। अमर देश को मुख्य कारण जो सबैलाई थाहा थियो। यसले प्रकाशित गरेका विभिन्न खतराहरु जो सरकारी उच्च आयुक्त व्यक्तिहरुले गरेको आर्थिक हिनामिनाको घटनाहरु थियो।

सन् २००९ डिसेम्बर १७ मा अमर देश ले *United States Oil Company* सँगको शंकास्पद कारोवारमा प्रधानमन्त्रीको उर्जा सल्लाहकारले विशेष सुझाव दिएको प्रतिवेदन प्रकाशन गऱ्यो र उक्त प्रतिवेदनका अनुसार करिब ५ मिलियन अमेरिकि डलर गैरकानुनी तरिकाले उक्त कारोवारको लागि घुस दिएको खुलासा गऱ्यो। ३ दिन पछि उक्त प्रतिवेदनको संवाददातालाई ढाकाको व्यस्त ठाउँमा आक्रमण गरियो।

*BNP* को शासनकालमा *Board* या *Investment* बलम *energy Advisor* को अध्यक्ष रहेको रहमान आफ्नो गिरफ्तारीको ५ दिनपछि धरौटिमा रिहा भए। यसैको आधारमा अदालतले अन्य तल्लो अदालतहरु लाई रहमान विरुद्धको कुनै पनि मुद्धा अर्को पटकको सुनुवाई सम्ममा नहेर्न आदेश दियो। सन् २०१० फेब्रुअरि ११ मा रहमान माथि ढाकामा आक्रमण भयो। उनी यस आक्रमणमा बच्न सफल भएतापनि उनी चढेको गाडी क्षति ग्रस्त भयो। उक्त घटनालाई लिएर तुरुन्तै प्रेस स्वतन्त्रता माथिको अत्याचारको विरोध स्वरुप एक सार्वजनिक बैठक बोलाइयो। तर धेरै प्रमुख पत्रकारहरुले BNP द्वारा यसलाई राजनैतिक स्वरुप दिएको भन्दै सो बैठकमा भाग लिएनन्।

सन् २०१० एप्रिल ३ को बैठकले BNP सँग आवद्ध पत्रकार र यसका राजनैतिक समर्थक Jamaat-e-Blam ले संचारकर्मी माथिको दमनको भत्सना गऱ्यो र केही मागहरु राखेर सरकार समक्ष २०१० जुन १५ सम्मको अन्तिम चेतावनी दियो। सो अभियानले Awami League Camp को पत्रकारहरुबाट प्रशस्त मात्रामा प्रतिकुल टिका टिप्पणीहरु पायो। तिनीहरुले के औंल्यायो भने *Rahman* को सम्पादक र प्रकाशकको परिचय एकदम नयाँ थियो र यो केही हदसम्म

र द्यलए गठबन्धनको खुल्ला दुश्मनीको सामना सन् २००३ देखि नै गरिरहेका थिए। द्यलए को विकल्पमा रहेको *Awani Leagune* को शक्ति प्रदर्शनका कारण *Titu* माथिका धेरै आक्रमणहरु अन्वेषण नभएको स्थिति हो।

- सन् २००७ मे ११ मा मानव अधिकारवादी तथा पत्रकार *Tasneen Khalil* लाई ढाकाको उनकै निवासबाट सामान्य कपडा लगाएको *(Plain Cloth)* अधिकारीद्वारा गिरफ्तार गरिए। *Khalil* लाई संसद भवनको *Army Camp* मा लगी यातना दिइयो। बंगलादेशको प्रमुख अंग्रेजी दैनिक *Daily Star* का सह सम्पादक रहेका *Khalil* ले *CNN International* मा समेत रहेर काम गरेका थिए र *Human Right Watch* का लागि प्रतिवेदन संकलन पनि गरेका थिए। एक दिनको नजरबन्द पछि यातनाबाट गम्भीर घाइते अवस्थामा उनको रिहाइ गरियो।
- सन् २००७ सेप्टेम्बरमा इस्लामीक समुहद्धारा बंगला दैनिक एचयतजक बयि कार्टुनिष्ट *Arifur Rahman* द्वारा निर्मित मोहम्मदको कार्टुनको विरोधमा व्यापक प्रर्दशन गरिएपछि *Arifur Rahmon* लाई जागिरबाट निलम्बीत गरियो। सबै पत्रिकाले माफि माग्दै सम्पादक र प्रकाशकले सो कार्यको असमर्थन गर्दागर्दै २ दिनपछि *Rahman* लाई गिरफ्तार गरियो र ३० दिनका लागि जेल चलान भयो। बारम्बार गिरफ्तारीको समयावधी बढाइयो र उसलाई सन् २००८ मार्च २० मा मात्र छुटकारा दिइयो। उसको सम्पूर्ण कारबाही सन् २०१० जनावरीमा मात्र बरखास्त गरियो।

बंगलादेशको पत्रकार निकाय विभिन्न चुनौतिको सामना र पेसागत सुरक्षका लागि संगठीत रुपमा एकिकृत भएका छन्।

शंकास्पद प्राप्ती पनि थियो किनकी उनले *Amar Desh* खरिद गर्दा आफु *Board* या *Investmet and Eergy Advisor* को अध्यक्ष भएका थिए।

सन् २००७ मा BNP ले राजनैतिक शक्ति गुमाएपछि Rahman विरुद्व धेरै भष्टचारको मुद्धा दायर भयो। उदाहरणको लागि सन् २००८ मा *ACC (Anti Comiption Company)* ले "संक्टकालिन" प्रसारण अर्न्तगत रहेर उनीमाथि आफ्नो विभागको रकम *BDT 100 Million* अनावश्यक रुपमा खर्च गरेको आरोपमा कार बाही सुरु गऱ्यो। यस मामिलामा उनको *Shinepukur Holdings Ltd* जसले घरजग्गा किनबेच गर्ने संस्थामा संलग्न रहेको कुरालाई पनि समावेश गऱ्यो।[1]

सन् २०१० फेब्रुअरि १० मा *Rahman* माथि जर्मनी यात्रामा रोक लगाइयो। *April* मा दिएको आफ्नो हानी विरुद्धको एक निवेदनमा उनले आफ्नो जर्मनीको यात्राको मुख्य उद्दे श्य व्यापारिक मेलामा भाग लिने थियो र उनको सिरामिक उत्पादन गर्ने काममा सम्भाव्य व्यवसायिक फाइदा लिनु हुन्थ्यो। तथापी यस घटनालाई स्थानिय संचार माध्यमले प्रेस स्वतन्त्रता माथिको दमनको रुपमा सम्प्रेषण गऱ्यो।

यस मामिला त्यस्तै अरु धेरैले कुनै पनि पत्रपत्रिकाको मालिकको व्यक्तिगत दाबीको सम्बन्ध ठुला स्वतन्त्र पत्रकारहरुको समुदायसँग रहेको हुन्छ भन्ने तथ्य देखाउँछ। यस्तो वातावरण जहाँ संचारलाई निष्पक्ष र सुचनाको स्रो तको रुपमा लिइनछ त्यहाँ पत्रकारहरु राजनैतिक मोलमो लाइको बिचमा फस्छन्।

1 यो समाचार (सुचना) सन् २००८, जुन २० को Daily Star मा पनि हेर्न सकिन्छ। यसका लागि www.dailystar.net/story.php?nid+42890 मा पनि हेर्न सकिन्छ।

तर विभिन्न स्तरमा बाधा अड्चनहरुको सामना पनि गर्नु परे को छ। जस्तै सन् २००५ नोभेम्बरमा बढ्दै गएको प्रेस प्रतीको धम्की र आक्रमणको विरोधका लागि गर्न लागिएको राष्ट्रिय पत्रकार सम्मेलनको कार्यक्रम जसमा उक्त स्थलका लागि पहिलेनै आरक्षित गरिएको थियो र सरकारले झुटो सुरक्षाका कारण देखाइ विना कुनै उचित स्पष्टिकरण रद्ध गरिदियो।

यस्ता पत्रकारिता र प्रेस विरुद्धका दमनकारी कार्यका लागि कुनै सजायनै छैन र केही अपवाद बाहेक बंगलादेशको संस्कृतीमा दक्षिण एसियाकै धेरै दण्डहिनताका नमुना पाउन सकिन्छ।

## मानहानी मुद्धा र हस्तक्षेपका आरोप

विशेष गरी बंगलादेशको सुरक्षा नियोग र सैनिकद्धारा हुने गैर कानुनी हत्याका विषयमा लेखिने मानव अधिकारका लेखका कारण पत्रकारहरुले व्यापक रुपमा धम्कीको सामना गर्नुपर्छ। मानहानी मुद्धा र हस्तक्षेपको आरोप लगाई सम्प्रेसनमा बाधा पुऱ्याएर यथास्थितीलाई छायाँमा पारिन्छ।

द्यलए का सदस्यले २ वटा बंगला भाषाका दैनिक पत्रिका सम्पादक विरुद्ध हत्याको सर्न्दभमा आफु र आफ्ना २ भाईको मानहानी गरेको भनी उक्त आधारमा सम्पादकलाई गिरफ्तारि का लागि सन् २००५ जुलाई मा पत्र काटियो।

अर्को घटनामा *Jamalpur Melandaha* मा द्यलए नेता तथा नया नगर युनियन परिषद्का अध्यक्ष *Farir Abu Bakkar Siddiqui* द्वारा दैनिक पत्रिका *Bhoror Kajrj, Prothom Alo* र *Shamotal* का स्थानिय संवाददाता, सम्पादक र प्रकाशक उनको बारेमा लेखेको समाचार प्रति मानहानी मुद्धा दायर गरे को थिए।

उच्च अदालतको *(High Court)* सकारात्मक कदमका कारण सन् २००६ फेब्रुअरीमा दैनिक पत्रिका *Sanybad* का सम्पादक *Bizlur Rahman* लाई धरौटीमा रिहा गरिदियो।

सन् २००५ जुलाई मा *Sangbad* ले *"Jamal Pur* मा स्थानिय द्यलए सदस्यको द्वन्द्व शिर्षकमा समाचार छापेको थियो। जसमा स्थानिय नेताहरु अपराधिक गतिविधिमा सम्मीलित भएको र जसको नाममा समाचार आयो उसले सम्पादक र सम्वाददात माथि मानहानीको मुद्धा दायर गर्ने अभियोग लगाइएको थियो।

## पत्रकार संगठन/संस्था दुखद विभाजन

प्रेस र राजनीति बिचको दुश्मनीका परिस्थितीले अन्तरनिहित शस्त्रुता धरातलमा आएको छ। सन् २०१० मार्चमा पत्रकार तथा राष्ट्रिय प्रेस क्लबमा अध्यक्ष साकेत मुहमद र द्यलए को सल्लहाकार तथा राष्ट्रपति खालिदा क्रियाका सर्वसाधारणलाई गरिएको हस्तक्षेपले खुब चर्चा पाएको थियो।

प्रधानमन्त्री शेख हसिनाले सार्वजनिक खर्चबाट *General Zia-Ur Rahman* को समाधिस्थल मर्मत गरिनुपर्छ भनि दिक्कलाग्दो भनाइको कारण पुर्व बंगलादेशी राष्ट्रपति तथा द्यलए को संस्थापक तथा राजनैतिक हस्ती *Mahmud* ले सो महान् स्मारकको विरुद्ध भौतिक क्षति गर्ने दुस्साहरु गर्नेलाई खुल्ला रुपमा सतर्क गराए। उनले प्रधानमन्त्री पनि सो स्मारकको छे कबार प्रत्येक पटक गुज्रदा बंगलादेशमा बहुदलिय प्रजातन्त्रको संस्थापकको सम्मानका दृष्टिकोणले सलाम गर्नुपछि भनि उर्दी जाहेर गरे।

सरकारमा रहेका पार्टीका सदस्यहरुले *Muhmud* को न्यायिक मान्यताको अपहेलना र झैझगडा गरेकोमा पिडा युक्त सजायको माग राखै सरकारमा रहेका पार्टीका सदस्यहरुले गजफगम को विरुद्ध विभिन्न अदालतमा गरी २७ वटा मानहानीका मुद्धा दाहेर गरे। यसको प्रतिवादमा द्यलए ले प्रेस संजाललाई सक्रिय बनाई :बजफगम को गठबन्धन एकिकृत गर्दै

आफ्नो सल्लाहकारको दुरव्यवहार प्रति विरोधका ऱ्यालीहरुको आयोजना गऱ्यो। देशका विभिन्न भागबाट प्रमुख पत्रकारलाई विरोधमा भाग लिन दबाब दिएको थियो।

प्रेस समुदाय पनि धुव्रिकरणको स्थितिमा पुग्यो। *Daily Star* दैनिकका स्तम्भकारहरुले महमुदको प्रधानमन्त्रीलाई दिइएको खबरदारी प्रति अचम्मीत र स्तब्ध भएके जनाउँदै निर्वाचित प्रधानमन्त्रीलाई दिइएको धम्की आफ्नो साँस्कृतिक मुल्य मान्यताको अवमूल्यन भएको बताए। *General Zia-Ur Rahman* लाई बहुदलिय प्रजातन्त्रको संस्थापक भनि गरिएको सम्मान भ्रमपुर्ण भएको भन्दै यसरी स्पष्ट पारियो। "प्रजातन्त्रको स्थापनाको नाममा स्वर्गीय तानाशाहले नयाँ सिद्धान्तको आडमा स्वतन्त्रताको युद्धलाई पाखा लगाई राजनितिको मुलधारमा स्थापित गरिदियो।[6]

*JPC* को राजनैतिकरणका कारण पत्रकार समुदाय प्रति जनचासोको असन्तुष्टि व्याप्त थियो। तर यो असन्तुष्टि *Mohumud* को प्रमुख रहुन्जेल बाहिर आउन सकेन। सन् २००९ मा *BFUJ Awami League* र *Lqbul Sobham Chaudhary* बिचको धुव्रीकरणका कारण राष्ट्रिय निर्वाच भयो र हार पनि भयो। राष्ट्रिय पत्रकार संगठनका नेता तथा देशको मुख्य पार्टीको जन सेवकबिच कुनैपनि प्रतिरोध देखिदैनथ्यो।

## सीमावर्ती द्वन्द्व *(Cross-Border Potential)*

बंगलादेशको भारतसँगको गम्भीर दईपक्षिय मैत्रीपुर्ण सम्बन्ध विग्रिएको कारण संचार माध्यम ओझेलमा पर्न गयो। मनिपुरको *Tipaiukh* वा तटबन्धन बनाउनु भारत प्रस्तावका कारण दुई देश बिचको बैभनस्यता कायम थियो। बंगलादेशका पानी विशेषज्ञले तल्लो तत्वर्तीय क्षेत्रमा यो तटबन्धका कारण ठुलो क्षति हुने अनुमान गरेका थिए। आमसंचारले यो घटनालाई र बंगलादेशको भारतीय उच्च आयुक्त नियोग माथि असंयमित आरोप लगाएको थियो। यसका कारण सरकारी अधिकारी र संचारमाध्यमका बिच गम्भिर दुर्घटनाको स्थिति उत्पन्न भएको थियो।

यो बाहेक दुई देश बिचको सिमावर्ती समस्याका कारण समाधानमा चुनौति उत्पन्न भयो। भारतको सार्वभौमिकतामा केहि भुभागहरु बंगलादेश भित्र पनि पर्दछन र बंगलादेशको सो भुभागप्रतिको दाबी माथि भारतको असंग्लग्नताका कारण सिमावर्ती क्षेत्रमा तनाव उत्पन्न भई केही सर्वसाधारणको समेत मृत्यु भयो र आमसंचारले यो घटनालाई अगाडी ल्याएपछि सही समस्याको पहिचान गरी दुवै देशको समस्या समाधान तर्फ केन्द्रित हुन बाध्य बनायो।

दुई देश बिचको व्यापार, व्यवसायलाई जस्ता कुरामा धक्का पुग्यो। ढाका स्थित भारतीय उच्च आयुक्त नियोगले नयाँ प्रवेश आज्ञाका लागि अनलाईन निवेदनको नियम अगाडी सारेपछि दुइ देश बिचको आवातजावातमा पनि बाधा उत्पन्न भयो। हालैमा महिनामा *UN Dry Control Agency* को रिपोर्टमा हालैको प्रेस र संचारमाध्यमले लागु औषधिको तस्करीमा समाचार प्रति बढि केन्द्रित रहेको जनाइ सो लागु औषधिको कारण भारतीय प्रेसको यसप्रति ध्यानाकर्षण गर्दै तत्काल बंगलादेशको यस अवस्थाका कारण उत्त अन्तराष्ट्रिय सम्बन्ध कायम गर्नेहरु नभएको जनाएका थिए।

## द्वन्द्वको स्रोत र विद्यमान उपायहरुः पत्रकारहरुको सुझावहरु

*IFJ* ले बंगलादेशको संकटकालको पहिला वर्षको बंगलादेशी पत्रकार माझ गरेको सर्वेक्षण का आधारमा द्वन्द्वको प्रमुख कारण "राजनैतिक शक्ति" भएको निष्कर्ष सनकालेको थियो र हालका सर्वेक्षणले पनि यो कुरालाई अंकित गर्दछन्। धेरैजनाको प्रतिक्रिया अनुसार सहयोगात्मक व्यक्ति व्यक्तिको संगठनमा पत्रकारको भूमिकाले यि समस्यालाई मत्थर पार्न सकिने र त्यसका लागि प्रेसले सबै द्वन्द्वका पछाडी मानवीय तत्वलाई सहि र साचो रुपमा अगाडी ल्याउन पर्छ। धेरैजनाको प्रतिक्रिया अनुसार पत्रकार संगठन र नागरिक समाजको अत्याधिक बहुमतले राजनैतिक र नागरिक मुद्धा माथि हस्तक्षेप गर्न सकिने कुराको विश्वास लिएका थिए। धेरैले पत्रकार संगठन र नागरिक समाजको एकताले प्रजातन्त्र स्थापना गरि शासनको १५ वर्षे सैनिक अधिपत्यलाई सन् १९९० को आन्दोलन मार्फत प्राप्त भएको विश्वास व्यक्त गरे। अन्तराष्ट्रिय स्तरमा ध्यानाकर्षण नभएको तथा स्थानिय घटनाहरु यस्तै पनि छन्। सन् २००१ एप्रिल महिनामा *Chittajory* स्थित *Purbakon* पत्रिका माथि *Awani League* का स्थानिय पत्रकारद्धारा आक्रमण भयो र यसको विरोधमा संगठनीक रुपमा पेशाकर्मी, विद्यार्थी संगठन र नागरिक समाजद्धारा दोषि माथि कानुनी कारबाहीको लागि पेश पनि गरियो।

पत्रकार संगठन र नागरिक समाजको समन्वयमा भएको अर्को कोषे ढुङ्गा सावित भएको घटना थियो। ल्वतष्यलबी ऋयक्रभतभ को अग्रतामा भएको आन्दोलन जसमा तेल, ग्यास, बिजुली र बन्दरगाह बचाउका लागि थियो भने अर्को सन् १९८० को खुल्ला विश्वविद्यालयका लागि थियो। जब छुट्टाछुट्टै आतंककारी घटनामा पत्रकारद्धय मनिक शाह र सुमसर रहेकमा मारिए तब ठुलो गठबन्धन स्थापना भएको थियो। यस्तो राजनैतिक अवस्थामा कति सम्म यति ठुलो एकता रहन्छ त भन्ने ठुलो प्रश्नका रुपमा अगाडी आएको थियो।

सर्वेक्षण अनुसार धेरैजनाको प्रतिक्रिया अनुसार जब सम्म सम्पादक प्रकाशक र पत्रकारहरु एक हुदैनन् तब सम्म प्रेस अधिकारका नियमहरु लागु हुन सक्दैन र यस्तो एकताका कारण मानव अधिकार आफ्नो प्राकृतिक स्रोत तथा

6 Syed Badrul Ahsan," The medioere and the maddening" daily star, March, 24, 2010 सोही दिनमा www.thedailystarnet/new design/ printnews.php?nid+131302 बाट लिइएको हो र त्यहाँ दुई राजनैतिक bn MUslim League / Jamaat-e Islami को उदाहरण प्रस्तुत गरिएको छ।

साधन माथिको अधिकार, स्वतन्त्रताको लडाई, प्रजातन्त्र र प्राप्तीका लडाई र राज्यको स्वतन्त्रता माथिको खतराहरुमा एकजुट र बलियो बनाउन सक्छ। यस्तो ठुलो संगठन र एकता कायन गर्न प्रेस माथिका अनुचित कानुनलाई पुनः विचार गर्न जरुरी छ।

बंगलादेशमा पत्रकारमाथि निरन्तर रुपमा धम्की र भौतिक क्षतिका चुनौती आइनै राख्छन्। पत्रकारहरुको लागि राज्यमा काम गर्ने वातावरण एकदमै खतरनाक भएको कुरा खुल्ना छैठौ प्रशासकिय विभागले जनाएको थियो। पत्रकारहरुको आधारमा खुल्ना क्षेत्र आतंककारीको कारणले पत्रकार र आम जनता हिंसाको सिकार भइनै रहेका थिए। हालका दिनसम्म पनि इस्लामिक समुह र समाजवादी समुहको डर र त्रासका कारण प्रेस माथि असुरक्षाको अनुभुति गरिएको छ।

बंगलादेशमा प्रत्येक क्षेत्रमा समस्या विद्यमान छ। *Chittagory* क्षेत्रमा निम्न स्तरको जातिय द्वन्द्वका कारण विद्रोह छ जसको कारण पत्रकारलाई असहज बनाएको छ। *Chittagary Hill Trac* मा पत्रकार तथा संचारकर्मी माथि आफ्ना उपकरण तथा सामन लान बन्देज छ जसको प्रमुख कारण हो जातिय विद्रोहा।

पहिलो अवस्थामा *IFJ Project* मा द्वन्द्वको अवस्थालाई उजागर गरियो। २ तिहाइले १० वटा द्वन्द्वका कथामा जोड दिए। २ प्रतिशत भन्दा कमले आफ्नो पेशाका कुनै द्वन्द्वको स्थिति नभएको जानकारी दिए। प्रतिक्रिया दिनेमा ६० प्रतिशतका अनुसार सरकारी नियोग, प्रहरी प्रशासन, सैनिकद्धारा दिइने हिंसा र द्वन्द्वको सूचना अपुर्ण भएको जनाए। ३६ प्रतिशत भन्दा धेरैले यस्तो सुचनाको स्रोत पक्षपातपुर्ण भएको बताए। ८८ प्रतिशतले प्रेस तथा संचारको द्वन्द्वको समाचार नै पक्षपातपुर्ण भएको जनाए र आधा भन्दा बढिले संचारले पक्षपात गर्नुपर्ने कारण उसको फाइदा र व्यवसायका आधारमा हुने बताए। २० प्रतिशत भन्दा कमले संचालकको राजनैतिक इच्छाका उपच माथि जोड दिए।

उनीहरुले भोगिरहेका समस्याको समाधानका उपायको प्रश्न राख्दा धेरै प्रतिक्रियाहरु उनीहरुसँग भरपर्दो निवारणको व्यवस्था नभएको बताए। ८० प्रतिशत हाराहारीले आफ्नो गुनासो स्थानिय संगठन शाखा, आफ्नै संचार माध्यममा स्थानिय प्रेस क्लबमा राख्ने बताए भने केहीले यो सर्न्दभमा वास्ता गरेनन्।

सर्वेक्षणमा भाग लिएका पत्रकारहरुले धेरै संस्था लाई परि वर्तन गर्नुपर्ने सुझाव दिएका थिए।

- द्वन्द्वको अवस्थामा क्षेत्रिय र अन्तराष्ट्रिय निकायहरुले पत्रकारको अधिकार हनन हुँदा सम्बन्धित निकायलाई समस्या समाधान गर्नतिर उन्मुख गरानुपर्ने।
- सबै संचार माध्यममा अधिकारको दुरुपयोग सम्बन्धमा निकाय खडा गरि जनजातीय क्रियाकलाप र सम्पादकीय चाहनालाई निरिक्षण गर्ने।
- बंगलादेश प्रेस काउन्सीलमा एउटा विभाग निर्माण गरि पत्रकारको हकहितका लागि सम्पुर्ण स्रोत साधन र अधिकार दिनुपर्ने।
- विशेष नियोगको गठन गरी सदस्यता लिएका पत्रकार निकाय, प्रेस संचालक संघसंस्था र सरकारलाई प्रेसको लागि तालीम संचालन गर्ने निकाय बनाई पत्रकारिताको मुल्य र मान्यता भित्र रही काम गर्ने।

देशका दुई ठुला राजनैतिक पार्टीको सहयोगबाट मात्र माथि उल्लेखित सतैको प्रतिस्थापना गर्न सकिने तर यो कार्यबाट आफ्नो पार्टीगत द्वन्द्व र नागरिक समाजको हस्तक्षेपका बाधा उत्पन्न हुने हुनाले उक्त कुरालाई मजबुद तुल्याउन गाह्रो भयो। हालैको बंगलादेशको इतिहासको लागि आपसी समझदारी बाट मात्र स्वतन्त्रताका लागि लडिएका युद्ध र नागरिक समाजको सार्थकता रहन्छ।

## भारत


### बलियो आधारका बाजुत अनबरल समस्याहरुः

भारतमा प्रेस स्वतन्त्रता रक्षाको लागि पक्षपातिरहित न्यायिक क्षेत्र र बलियो संविधान रहेको छ। यति हुँदाहुँदै पनि केही प्रदेशहरुमा प्रेस स्वतन्त्रता खोको नाराको रुपमा मात्र सिमित रहेको छ। त्यस्तै गरेर भारतका केही क्षेत्रहरुमा प्रेस स्वतन्त्रतालाई सिमित व्यवसायिक सञ्चारका माध्यम बनाई कडा रुपमा प्रस्तुत गरिएको छ। सञ्चार क्षेत्रको व्यापकताले प्रेस स्वतन्त्रताको मुद्धालाई भारतको केही क्षेत्रहरुमा र यसको राजधानीमा जनताका विचारहरुलाई केही खुकुलो रुपमा प्रस्तुत गर्ने मौका प्रदान गरेको छ। विभिन्न समयमा भएका विविध सहमति र व्यावसायीकरणको विकासले राष्ट्रिय आर्थिक मामिलामा समेत आत्मियता प्रदान गरेको छ।

सन् २०१० को जुलाइको सुरुवातमा पत्रकारहरुको दिल्ली संघले भारतिय पत्रकार संघलाई एउटा अंगको रुपमा विस्तार गऱ्यो जसले पत्रकारीतामा एउटा अतुलनिय परिवर्तनको आधार तय गऱ्यो। जहाँ जम्मु र कस्मिर क्षेत्रमा सर्वसाधारणहरुको अवरोध व्याप्त थियो। जम्मु कस्मिरको शहरहरुमा जुन महिनामा करफ्यु लामो समयसमम लागेको थियो। फेरी जुलाई ७ वटाँ सैनीकहरुको निर्णय अनुसार कफ्युलाई थप केही समय लम्बाइयो जुन नागरीकहरुको स्वतन्त्रताको दमनका लागी थियो जहाँ प्रेस तथा मिडियाका व्यक्तिहरुलाई समेत प्रवेश गर्ने अवस्था प्रदान गरिएन। कस्मिर क्षेत्रमा काम गर्ने मिडियाका कर्मचारीहरु आ-आफ्ना घरमा बन्दी हुन बाह्य भए। राजधानी, श्रीनगर या केही फोटो पत्रकारहरु दैनिक घटना क्रमलाई क्यामरामा कैद गर्न अग्रसर भएका बेला सुरक्षाकर्मिले धरपकड गरेको अवस्था थियो।

जुलाई ६ मा पनि अघिल्ला दिनमा भएका गतिविधिहरु जस्तै थिए। जहाँ १२ जना फोटो पत्रकारहरु स्थानिय, राष्ट्रिय तथा अन्तराष्ट्रिय सञ्चार माध्यमका व्यक्तिहरु थिए त्यतिनै बेला श्रीनगर सुरक्षा फौजले नागरिकहरुको प्रदर्शनलाई फेरी दमन गऱ्यो। फोटो पत्रकार र समाचार संकलन गर्ने क्यामेरा व्यक्तिलाई आक्रमण गरेको कुरा पुलिस अफिसहरुले मिडियाको ध्यानाकर्षण गर्दै निकट भविष्यमा नै आक्रमण रोकिने सम्भावना बताए।

प्रेस क्लब अफ इन्डिया र सम्पादकिय गिल्डको सम्बन्ध भारतिय अर्थतन्त्रका मुख्य संगठनहरु हुन्। यसले कस्मिर पत्रकारहरुलाई आत्मियता प्रदान गरेको छ। यो एउटा असाध्यै मजबुद व्यावसायीक संगठन बन्न पुगेको छ। पहिलेको २ दशकलाई कासमिरी क्षेत्रमा समस्या पुर्ण वर्षको रुपमा लिइयो




कास्मिरका पत्रकारहरुले धेरै वाधा अड्चनको मुकाविला गर्दै समभ्रूदारी गरेको पाइन्छ।

त्यही अवस्थामा ५ वटा विभिन्न संगठनहरु एउटै सुत्रमा आवद्ध भई व्यावसायिक स्वतन्त्रताको मुद्धालाई अगाडी बढाउन थाले। यस संगठनमा कास्मिर प्रेस गिल्ड, कास्मिर पत्रकार संगठन, कास्मिर फोटो पत्रकार संघ, कास्मिर भिडियोग्राफर संगठन, कास्मिर पत्रकार कर्रप्स रहेका छन्। यि विविध संगठनहरु सुरुका वर्षहरुमा एकतावद्धहुन नसके पनि पछिल्ला वर्षहरुमा एकढिक्का भएर काम गरीरहेका छन्।

यो एकिकृत विचारले अन्तराष्ट्रिय सहयोग प्राप्त गर्‍यो र सोही अनुरुप संवेदनशिल भएर आफ्नो कार्य सञ्चालन गर्‍यो। प्रेस काउन्सील अफ इन्डियाले आफ्नो म्यान्डेट र आँचारसंहिता अनुसार प्रेस स्वतन्त्रता र पत्रकारहरुको सुरक्षाका लागि कास्मिर क्षेत्रका विविध निकायहरुमा घटनाक्रमहरुको जानकारी गराउँदै आफ्नो विचार व्यक्त गरायो। पत्रकारहरुको काम गर्ने वातावरण सन् २०१० सेप्टेम्बरमा फेरी विग्रन गयो जति इदुलफिटरको समयमा मानिसहरुको ठुलो प्रर्दशन भइरहे को थियो। सन् २००८ नोभेम्बरमा कनसाम ऋषिमान्त सिंहको इम्फालमा हत्या भएको थियो। त्यति नै बेवला लगभग १५ जना प्रर्दशनकारी प्रहरीको फाइरिङ्गमा परेर मरे।

डि.जे.यु. ले भारतिय संक सरकारलाई गरेको हड्ताल र प्रर्दशनले भारतको उत्तर पुर्वि क्षेत्र मनीपुरमा पत्रकारहरुलाई जिटकता प्रदान गर्‍यो। वास्तवमा सरकारको अस्थिरता नै प्रेस स्वतन्त्रताको मुख्य बाधक रहेको उनिहरुको ठम्याई रह्यो।

## प्रेस स्वतन्त्रताको लागि सर्वत्र दबाबः

मनीपुरको पत्रकारहरुको वास्तविकता प्रस्तुत गर्नको लागि ‘गिल्ड’ लाई सरकार र मनीपुर मिडिया बिचको आकस्मिक समस्या समाधानको मुल भनिन्छ।

सन् २००९ को मध्यतिर जब आइ.एफ.जे. ले मनीपुर पत्रकारहरुको बारेमा खोजतलास सुरु गर्‍यो तब वातावरण मिलिन पुग्यो र मुख्य सम्पादकहरुलाई राजधानी शहरहरुमा आफ्नो सुरक्षाको लागि पिस्तोल बोक्न बाध्य तुल्यायो। जुन सम्पादक आफ्नो निर्भिक रुपमा आफ्नो अधिकारको लागि नागरिकको रुपमा प्रस्तुत हुन चाहन्छ उसलाई आचारसंहीता स्वतन्त्र विपरीत काम गरेको मानिन्थ्यो। तर पनि सम्पादकहरु आफ्नो जिवनलाई आहुति दिन तयार हुन्थ्। भारतका अत्यन्तै समस्यापुर्ण क्षेत्रमा काम गर्न उनिहरु जागरुक देखिन्थे र यति हुँदा हुँदै पनि सन् १९८० को दशकमा पन्जाव पत्रकारहरुको रक्षाका लागि उत्रिएको देखिन्थ्यो। यति हुँदाहुँदै पनि मनीपुरका पत्रकारहरु आफ्नै पुराना घटनाक्रमबाट ग्रसीत थिए त्यसलाई निराकरण गर्न यसले मार्गनिर्देश पनि गरिरहेको थियो । मनीपुरका मुख्य सम्पादकहरुका अनुसार सभ्य समाजले समाजका भएका फौजी तथा असभ्य व्यवहारहरुको सुरक्षा गर्दछ।

सन् २०१० को मध्यतिर थुइङगोङ्ग मुइभहले नागलिभ क्षेत्रलाई एउटा स्वायत्त प्रदेशको माग गरे जसलाई बुहत्त नागाल्यान्ड भन्ने गरिन्छ। नागा क्षेत्रहरुलाई एकिकृत गरी मनिपुर को निर्माण भएको पाइन्छ। विविध जातिहरुको समिश्रण रहेको क्षेत्रमा मुइभहको भ्रमणलाई त्यहाँको सरकारले रोक लगायो। उसका सहयोगीहरुको आक्रमणमा त्यहाँ २ जना व्यक्तिको समेत मृत्यु भयो। नेशनल सोसलिस्ट अफ नागलिमका कार्यकर्ताहरुले त्यस क्षेत्रका राजमार्ग बन्द गराएका थिए। नागरिकहरुको दैनिक उपभोग्य सामग्रीहरु वैकल्पीक बाटो काट ल्याइएको थियो। बन्द लगभग तेस्रो महिनासम्म पुगेपछि भारतिय संयुक्त सरकारले दबाब दिएपछि केही खुकुलो भएको थियो।

पत्रकारिताका हरेक क्षेत्रहरु बन्दबाट प्रभावित थिए जसका कारण पत्रपत्रिकाहरुले समाचार सम्पादन गर्ने क्रममा आफ्ना पत्रिकाका पानाहरुसमेत कागजको अभावका कारण घटाउन बाध्य भए। इम्फल्सका सम्पादहरुलाई भने केही खुकुलो अवस्था थियो।

मे महिनाको मध्यतिर मुइभको भ्रमणलाई रोक्न सिभिल सोसाइटिका कार्यकर्ताहरु खटिए। उनिहरुले उसका कार्यकर्ताहरुसँग प्रतिवाद पनि गरे। लामो समय सम्मको बन्दले मासिनहरुको दैनिक जिवन कष्टकर बन्दै गएपछि मनिपुरमा आवश्यक वस्तुहरुको आपुर्ति छिमेकी पहाँडी जिल्लाबाट गरियो।

सिभिल सोसाइटिका व्यक्तिहरु र पत्रकारहरुले उखुलमा बन्दको खुलेर प्रतिवाद गर्न थाले। जातिय आत्मियता देखाँउदै मनिपुर पत्रकारिता कार्यदल संघले पत्रपत्रिका सम्बन्धि भएको प्रतिबन्धको प्रतिकार गर्न थाले। उनीहरुले आफुमा भएका अन्तर जातिय सुचनाहरुलाई मध्यनजर गर्दै बन्दप्रति खुलेर मुकाविला गर्न थाले।[1]

पत्रकारहरु र सिभिल सोसाइटि बिचमा केही मतभेद रहेको पाइएको छ। नागामा रहेको नागरीकहरुको मागका विपरित सिभिल सोसाइटी रहेको पाइन्छ। इम्फल प्रेस स्वतन्त्रताका अनुसार नाँगाको उखुल क्षेत्र मनिपुर उपत्यकाको पत्रपत्रिकाबाट प्रभावित नभएको पाइन्छ। त्यसकारण सिभिल सोसाइटिले गरेको काम पत्रकारहरुलाई उल्टो सावित हुन पुगेको छ।

अल मनिपुर पत्रकार कार्यदल संघले लामो समयसम्म पत्रकारहरुको सुरक्षाका लागि काम गरेको छ। धेरै किसिमको सामाजिक विविधता भएपनि स्थानिय पत्रकारहरुले यसलाई बहु-साँस्कृतिक[2], बहु परिचयात्मक र आफ्नो कार्यसम्पादनमा सधै संघर्षरत संगठनका रुपमा लिएका छन् जसले उनिहरुको

---

1 यो सम्प्रेषण मनिपुर र त्यहाँका स्थानीय पत्रकारहरुको अन्तवार्तामा आधारित छ, जहाँ सान्गि र इम्फल पत्रिका मुख्य पात्र थिए। केही महत्वपूर्ण सुचना www.e-pao-net मा पनि हेर्न सकिन्छ। पहाडी इलाकाका सुचना सान्गि express को http://www.e-pao.net/GP.asp?src+14.180510.may10 and http//www.e-pao.net/GP.asp?src+14.180510.may10 मा उपलब्ध छ । साथै counter-blockade को सुचनाः http://www.pe-pao.net/GP.asp?src+19-230510may10 मा लगअन गरेर हेर्न सकिन्छ।

2 अन्जुलिका थिङ्गनमः Media under siege, Media Functioning in an Armed Conflict situation: मनिपुर अवस्था अध्ययन रिपोर्ट र सामाजिक घट्ना volume 57, Number 4 October-December 2007, Page382 बाट लिइएको हो।

उद्देश्य पुरा गर्न सहयोग गरेको छ।

२० नोभेम्बर सन् २००८ अल मनिपुर वर्किङ्ग जर्नालिस्ट युनियनले सबै पत्रपत्रिकालाई युवा पत्रकार कोनसाम ऋषिकान्त सिंहको ३ दिन अगाडी भएको हत्याको विरोध स्वरुप बन्द गर्ने निर्देशन दियो। तर बन्द लम्बीदै गयो। ११ औं दिनमा स्थानिय प्रशासनले उनिहरुको मागप्रति चासो देखाँउदै ऋषिकान्तको हत्याको बारेमा छानविन गर्न सि.वि. आई लाई संयुक्त सरकारले निर्देशन गऱ्यो। फेब्रुअरि १७ सन् २०१० सम्ममा ऋषिकान्तको हत्या छानबिनको बारेमा सामान्य प्रगति भएको गिल्ड अफ इन्डीयाले जनाएको छ।

सन् २००५ मा मनिपुर पत्रकारहरु साँचो समाचार सम्प्रेषण गर्नका लागि एकिकृत भएका थिए। लामो समयसम्मको छलफल विवादपछि निष्कर्षमा पत्रकारहरुको रिपोटिङ्गको आधार बनाउन उनिहरु सफल भए। पत्रकारिता नियमको प्रकाशन गरियो जसबाट आर्मि तथा सुरक्षाका अंगहरुलाई यसको आधार क्षेत्र बारेमा समेत जानकारी गरायो। यस आधारपत्रको नियम विपरित कसैले पनि आफ्ना मागहरु प्रस्तुत गर्न नपाउने र बन्द हड्ताल जस्ता कार्यपनि गर्न नपाउने गरी निर्णय गरियो। पत्रकारहरुको सुरक्षाका लागि साथै उनीहरुको पेशका संरक्षणको लागि आचारसंहिता समेत लागु गरियो।[3] मनिपुर एउटा त्यस्तो क्षेत्र हो जहाँ मिडियाको दैनिक कार्य सम्पादन गर्न असाध्यै अतरा छ र पत्रकारहरुले कसैको दबाबमा रहेरमात्र समाचार सम्प्रेषण गर्नुपर्छ।

## अस्सामः एउटा दण्डमुक्त क्षेत्र :

जुलाई २९ सन् २००९ मा गुवाहटीको ट्रायल कोर्ट जुन अस्सामको ठुलो शहर हो जहाँ असोमिया प्रतिदिन पत्रिकाका डाइरेक्टर पराग कुमार दासको हत्याको छानविन गरियो। दास प्रख्यात पत्रकार, मानव अधिकारवादी र सरकारको कमिकमजोरीका बारेमा स्पष्ट कुरा गर्ने भएकाले उनि हत्याको शिकार बन्न पुगेको मानिन्छ। सन् १९९६ मा आफ्नो छोरालाई स्कुलबाट घर लयाउँदै गर्दा उनको हत्या भएको थियो।

जर्नालिस्ट युनियन अफ असाम र असाम युनियन अफ वर्किङ्ग जर्नालिस्टले एउटा कार्यक्रम गरी पत्रकार दासको हत्यको छानविनको लागि प्रादेशिक सरकार बाट सि.वि.आई. लाई जिम्मा दिन उक्साहट गरे। खानतलास एजेन्सीले राम्रोसँग काम गर्न नसकेको पनि उनिहरुको आरोप छ। दास पत्रकारको लिस्टमा एउटामात्र भएको र अन्य २० जना पत्रकारको हत्या भएको पनि उनिहरुले जनाए।

द युनाइटेड लिबरेसन फनट अफ असाम र बोडो ग्रुप नै असाममा राजद्रोहका मुख्य पात्रहरु हुन्। ति दुई बिचको सहकार्यले नै राजनैतिक र अन्य मागहरुलाई द्वन्दात्मक बनाएका छन्। द युनाइटेड लिबरेसन फन्ट अफ असामका कार्यकर्ताहरुले राजद्रोहीका मुद्दा खेपेकाले सरकार समक्ष आत्मसमर्पण गरेका थिए साथै बोजे ग्रुपका कार्यकर्ताहरु पनि विचलित हुन पुगे र अन्तमा संफु सरकारसँग सन् २००३ मा युद्धविराम घोषणा भयो जहाँ रोडो स्वायत्त प्रदेशको समेत सम्झौता गरियो। केही अन्य साना देशद्रोही संघहरु सन् २००८ को मेलीटरी अपरेशनमा छिन्न भिन्न भए।

२ वटा पत्रकार जगजित साकिय सन् २००८ र अनिल मोजुम्दर सन् २००९ पछिल्लो समयमा मारिएका पत्रकार हुन्। प्रादेशिक प्रहरीका अनुसार उनीहरु आन्तरिक वा बाह्य जुन रुपमा भएपनि देशद्रोही भएका कारण हत्या भएको मान्दछन्। उनीहरुले राज्य विद्रोहीलाई सघाएको र स्थानीय पत्रपत्रिकामा उनीहरुको समाचारलाई स्थान पनि दिइएको पाइन्छ। केही पत्रकारहरु आफ्नो इज्जतलाई पैसामा लिप्त गर्न चाहान्छन् भने केही विद्रोही सँगमिलि आफ्नो स्थनालाई उच्च बनाउन चाहन्छन्। जसले अन्य व्यक्तिको प्रतिष्ठालाई समेत आघात पुऱ्याएको हुन्छ। अन्तमा यि २ वटा हत्याहरु देशद्रोहि सँगको मिलेमतो भएकाले मानिन्छ यति हूँदा हुँदै पनि यसको ठोस प्रमाण भने त्यति स्विकार योग्य मानिदैन।

## जिविकोपार्जन र निति सम्बन्धि अभावः

निति नियम र राम्रो अदालतीय क्षेत्रहरु केही हदसम्म राम्रा भएतापनि उनिहरुको ध्यान असाध्यै कमजोर निति भएको पत्रकारीता मानिन्छ। भारतका महानगरीय क्षेत्रहरुमा पत्रकारहरुले आफ्ना साथीहरुको अवस्थालाई त्यति ध्यान दिदैनन्। पत्रकारहरुको जागिरको नियुक्ति सम्बन्धि पत्र हुँदैन र उनिहरुले के काम गर्ने भन्ने कुराको टुङ्गो पनि लागेको हुँदैन। मिडियाका लगानीकर्ताहरु जब स्थानिय समाचार सम्प्रेषणाबाट दिक्दार हुन्छन् तब सामान्य ध्यानाकर्षण नियुक्ति सम्बन्धि गर्दछन्।

त्यहाँ कुनै पनि पेशागत आचारसंहिता छैन पत्रकारहरुलाई राजनितिमा नलाग्न कुनै किसिमको रोकाव छैन उनिहरुनै जबर जस्ती नियम मिच्ने कोसीस गर्दछन। तर असाम पत्रकारहरु सक्रिय र मोजुम्डरको हत्याबाट आचारसंहिता उल्लंघन गर्दैनन् र देश दोह्रीहरुसँग कुनै किसिमको सम्बन्ध वा सम्झौता पनि गर्न चाहाँदैनन्। दुवैले पैसाका निम्ति ति ग्रुपहरुमा आवद्ध रहि पत्रकारहरको इज्जतलाई उल्ल.घन गरेको पाइन्छ। पत्रकारहरुको यस्ता संगठन भन्दा बाहिर पनि केही अन्त तत्वहरुको संगठन समेत रहेको पाइनछ र ति संगठनमा लाग्न बाध्य तुल्याइन्छ। पत्रकारहरुलाई थोरै पैसा दिनु र कामको अवस्था चर्को हुनु र मिडिया ग्रुपहरु गुणस्तरताको खोजिमा मात्र लाग्नु नै पत्रकारीताको दुर्भाग्य हो। भित्रि वा बाहिर आडमा राजनितिक मागलाई नै आफ्नो सुरक्षित अवतरण हुने मान्यता पत्रकारहरुले राखेकाले असामका केही जिल्लामा उनिहरुलाई स्वयंसेवकको रुपमा लिइन्छ।

उल्फा र बोडो ग्रुपहरु बाहेक असाममा विविध क्षेत्रबाट आवद्ध योद्धाहरु राजनैतिक आन्दोलनले देश द्रोहीका विरुद्ध

3 Ibid, page 391

## मनिपुरः मिडियाको एकाधिकारको सुरक्षः-

सन् २००१ अक्टोवरमा मनिपुर युनाइटेड जर्नालिस्टले फौजीहरुको सहमति अनुसार आचारसंहिताको निर्माण भयो। फेरी यसर्लाा ससन् २००५ मा ए.एल.डब्लु, जे.य. ले पुर्नविचार गऱ्यो। धेरै उद्देश्यहरु राखि आचारसंहितालाई के ही जटिल बनाइयो जहाँ सम्पादकियको एकाधिकारलाई न्यायीकरण गरियो, जहाँ सत्य तथ्य समाचार र अपराधिक गतिविधिका विषय वस्तुहरुलाई समेटिएको थियो।

मिडिया क्षेत्रको विकासका लागि यिनिहरुलाई पनि नियमको घेराभित्र बाध्ने प्रयासको थालनी भयो। मिडियाका लागि कुनै कुराहरुलाई प्रकाशमा ल्याउनुभन्दा पहिले त्यसको स्रोत प्राप्त गर्नुपर्ने कुरालाई आधारभुत आवश्यकता बनाइयो। स्रोत प्राप्त गरेपछि त्यसलाई कस्तो स्थान दिने भन्ने कुरा सम्पादकले निर्णय गर्ने पनि बताइयो। कुनै पनि पत्रकार सम्मेलनका लागि पठाइने निमन्त्रणा पत्रमा सम्बन्धित व्यक्तिको हस्तान्तर र संगठनको लोगो सहितको छापलाई अनिवार्य बनाइयो। सबै निमन्त्रण पत्रहरु सम्बन्धित संगठनले नै वितरण गर्नुपर्ने र कुनै पनि मिडिया वा पत्रकारले राजनैतिक समुहको जिम्मा लिन नपाउने आधार पत्र समेत तयार पारियो।

जब पत्रपत्रिकाका लागि माथि उल्लेखित आवश्यकता पुरा हुन्छ तब सम्पादकले सम्पूर्ण कुराहरुको लेखाजोखा गरी सबैलाई बराबर स्थान दिन्छन् र यदि कसैलाई दबाब पर्ने खालको वा कुनै पनि व्यक्तिको प्रत्यक्ष जिवनलाई असरपर्ने समाचार भएको त्यसलाई सम्पादकले हटाउन सक्ने प्रावधान समेत बनाइयो। सबै सञ्चार माध्यम तथा पत्रकारहरुले प्रेस काउन्सिल अफ इण्डीयाको आचारसंहिता लाई अवलम्बन गर्नेछन् जसबाट उनिहरुको व्यक्तित्व समेत विकस हुने देखिएको छ। सम्पादकले कति सम्मको क्षेत्रलाई न्युजले ओगट्न सक्नेछ यदि सम्पुर्ण क्षेत्र ओगट्ने नसकेमा अनावश्यकलाई हटाई आवश्यक न्युनलाई सम्प्रेषण गर्न समेत सक्ने उक्त आचारसंहितामा थियो।

जुन प्रकार समाचारले व्यक्तिहरुको धारणालाई नराम्रो असर गर्दछ। त्यस्ता समाचारलाई सम्पादकले हटाउन पाउनेछन्। ए.एम., डब्लु.जे.यु. नै यस कामको थालनी गर्ने प्रथम संगठन बन्यो। यसले पारदर्शी नियम र परिधिलाई पछ्याउदै आएको पनि पाइन्छ। यदि आचारसंहिताको उल्लङ्घन भयो भने यो संस्थालाई घातक सावित हुने उनिहरुको तर्क छ। ए.एम. डब्लु, जे.यु. लाई यस्ता संहिता कार्यान्वयन गर्न धेरै कठिनाइ रहेको समेत पाइएको छ। समस्याको प्रमुख स्रोत भनेको नै सरकारले परिचालन गरेका सुरक्षा फौज रहेको छ। सन् २००७ मा मनिपुरका गृहमन्त्रालले सुचना जारी गरी कुनै पनि सञ्चारका जफत गर्न सक्ने र तिनिहरुलाई बन्द गर्न सक्ने निर्णय गऱ्यो।

आवाज उठाउने गर्दछन्। सबै आफ्नो जातिय मार्गमा देखापर्नेछन् जसले राजभक्तिलाई नै विर्सने गर्दछ। साथै पत्रकारहरुले जो आफु सुरक्षित रहन चाहन्छ र विपरीत क्षेत्र लिन चाँहादैन उसलाई देशद्रोहीले संकटमा पार्दछन्।

यस्ता घटनाहरु भारका राष्ट्रिय मिडियामा देखिदैन। राष्ट्रिय मिडिया भएका रिपोर्टिङ्गले यि जिल्लाहरुमा योद्धाहरुको समुहबाट कहिल्यै नटुङ्गीने युद्ध निम्त्याउँछ जसले सर्वसाधारणहरु मुख दर्शक बन्न बाध्य तुल्याउँछ। सरकारका विविध अंगहरु विविध जनजाती र राजनैतिक मुद्धासँग सम्झौता गर्दछन् तर साँचो र सच्चा एजेन्डा जहिले पनि हेला गर्ने गर्दछन्। जसले द्वन्द्व सृजना गर्दछ। एजेन्डा पत्रकार जसले राम्रो व्यवहार गर्न चाहन्छ उनै खतरामा पर्दछ। अन्तमा जनआवाजको माध्यमबाट भएपनि मिडिया क्षेत्रले द्वन्द्व निराकरणको निम्ति ठुलो भुमिका खेलेको नकार्न सकिदैन।

## जम्मु र कस्मिरः विकासको गति तिरः-

विगत २ दशकमा कस्मिर उपत्यकामा आर्मीहरु फुटेपछि मिडिया क्षेत्रले प्रादेशिक संस्थाहरुसँग सम्बन्ध बढाएको छ। सन् ९९६ जम्मु र कास्मिरमा भएको निर्वाचन पछि मात्रै सञ्चार माध्यमले मात्रै जताजतैको दबाब खेप्नु पर्थ्यो। सन् २००२ मा इलेक्ट्रोल साइकलले यि दबाबहरुले कम गराएको थियो।

सन् २००८ को निर्वाचन सबैलाई समान दृष्टिकोण राख्ने र कुनै पनि दुविधामा नरहि जमिनलाई गुठिमा परिणत गर्ने हेतुले गरीएको थियो। कास्मिरमा भएको हड्तालले राजनैतिक संकट पैदा गऱ्यो। जसले विस्तारै जम्मुलाई समेत असर गऱ्यो संकट पैदा भएको केही दिनपछि कास्मिरका पत्रकारले प्रादेशिक प्रशासनले पारदर्श रुपमा मिडियालाई काम गर्ने नितिको निर्माण हुनुपर्ने र जनताले जम्मु र कास्मिरमा भएका अपराधिक नियमविहिनताको बारेमा बुझ्न पाउनुपर्ने बताए। तर अवस्था जटिल बन्दै थो र अगस्ट २३ मा करफ्यु लगाइयो। श्रीनगरमा पत्रपत्रिकाहरु छापिन सकेनन्। लगातार ६ दिनसम्म पत्रकार र अन्य सञ्चारकमीहरु माथि समाचार सम्प्रेषणमा बञ्चित गराइयो। सुरक्षाकर्मीहरुले लोकल केबल नेटवकलाई समाचार मा च्यानलहरु प्रसारण नगरी अन्य मनोरञ्जनका च्यानलहरु प्रसारण गर्न बाध्य तुल्याए। १५ पत्रकार र सञ्चारकर्मिहरु मुख्य ड्युटिमा अगस्ट २४ मा रहेको सुरक्षाकर्मीको आक्रमणबाट घाइते भएको थिए। घाइते हुने मध्ये प्रेस ट्रस्ट अफ इण्डीया र युनाइटेट न्युन अफ इण्डीयाका कर्मचारीहरु थिए। श्रीनगरका ३ वटा अंग्रेजी पत्रपत्रिका ग्रेटर कास्मिर, एटलाअट र र इजिङ्ग कास्मिरले वेवसाइडमा पश्चाताप गर्दै सुचना सम्प्रेषण







कोनसाम ऋषिकान्त सिंहको हत्याबाट मनिपुरमा आठ दिनसम्म स्थिती सहज बन्न सकेन।

गरेको थियो किनकि कुनै पनि कर्मचारीहरु आफ्नो कामना जानसक्ने अवस्था थिएन। उर्दु भाषाको पत्रीकाको पनि हालत सोहीनै थियो। न्युज वेवसाइडहरु अपडेट भइरहेका थिए किनकि केही कर्मचारीहरु करफ्र्युका कारण कार्यालयमा नै थुनिन बाध्य थिए। त्यही समयमा जम्मुबाट प्रकाशित हुने पत्रिका डेली एक्से लसिअरलाई श्रीनगरमा जलाइएको थियो।

द्वन्द्वग्रस्त क्षेत्रहरुमा धेरै व्यक्तिहरुले कस्मिरको नियमलाई घृणा गरे। त्यस अवस्थामा कास्मिरको सामुदायिक क्षेत्रमा काम गर्ने मिडियाहरुले स्थानिय मानिसहरुको आवाजलाई सुन्ने कि नकार्ने भन्ने प्रश्नमात्र उब्जीएको पाइन्छ। कास्मिरमा भएका पत्रकार मध्ये केही व्यक्तिहरुको आवाजलाई सुन्ने र चिन्ने गरिन्छ। कास्मिरमा भएका पत्रकारहरुको मुख्य समस्या मध्ये पत्रकारको कामलाई प्रतिरोध गर्नु हो यस कार्यमा पाकिस्तानका राष्ट्रिय तथा अन्तराष्ट्रिय सम्प्रेषक रहेका छन्।

द्वन्द्वको इतिहासमा भारतका अन्य क्षेत्रहरु जस्तै, प्रादेशिक सुरक्षा निकाय नै कास्मिरका मुख्य समाचार स्रोत हुन्। पत्रकारहरु अनिवार्यरुपमा प्रदेश सरकारको पक्षमा रहनुपर्ने बाध्यता छ। पत्रकारहरुले आफ्नो हातमा जस्तो समाचार प्राप्त गर्दछन् त्यसलाई कार्यालयिय स्रोत बनाउन नपाउनु नै द्वनद्व निम्त्याउने एउटा नितिको प्रयास हो।

द्वन्द्वलाई निराकरण गर्न सञ्चारका माध्यमहरुले कास्मिरमा कडा भाषाको प्रयोग गरे यसलाई पनि कार्यालयहरुमा राम्रो मान्यता दिइयो। त्यति हुँदा हुँदै पनि यसले पत्रकारहरुको सभ्यता प्रति यसले गम्भिर असर पारेको थियो। कडा भाषाको प्रयोगले विविध भाषाहरुमा धेरै किसिमको समस्या ल्याये साथै राष्ट्रिय तथा अन्तराष्ट्रिय क्षेत्रमा समेत यसले विविध समस्या ल्याएकोले यसले पत्रकारहरुको सुरक्षालाई केही सहयोग गरेन।

यो समस्या सामान्य शब्द चयनमा समेत देखिन थाल्यो। कास्मिरका राजद्रोही तत्वहरुको वर्णन गर्न र को अपराधि हो र को सुरक्षाफौज यस्ता कुराको अवस्थालाई निर्क्यौल गर्न निकै कठिन भयो। पत्रकारहरुले पत्रिकाका शिर्षकहरु आफ्ना समकक्षिहरुको आधारमा बारेमा जम्मु र नयाँ दिल्ली बारेमा राख्न थाले।

सुरक्षाकर्मिहरुले पत्रकारलाई र सञ्चार साधनलाई आफ्नो नियन्त्रण भन्दा केही खुकुलो बनाए। समाचार रिपोटहरुमा पाकिस्तानको कारणबाट यि घटनाहरु भएको कुरा आउन थाले। कास्मिरका प्रख्यात नेताहरु प्रदेश सरकारको बन्दीबाट मुक्त हुन थाले त्यसपछि भारत र पाकिस्तानलाई छुट्याउने सिमाक्षेत्र निर्माण हुन थाल्यो। फौजीको तालिम केन्द्रहरु बन्द भए कास्मिरका सञ्चार माध्यमहरुले जनताका भावनालाई समेट्ने खालको समाचार सम्प्रेषण गर्न पाउन थाले। सामान्यतया पत्रकारहरुले प्रणघातक दबाबका कारण वास्तविक समाचार नदिइ झुटा समाचार दिइरहेका थिए।

कास्मिर पत्रकारहरु थुनिनु पनि एउटा समस्या थियो। वास्तवमा स्थानिय पत्रकारहरुले सच्चा र कानुन सम्मत रुपमा काम गरेको पाइन्छ। माक्बुल साहिललाई सन् २००४ सेप्टेम्बर मा ल्याइयो। कास्मिर पत्रकारहरुले यस घटनालाई त्यति ठुलो

रुप लिन दिएनन्। साथसाथै इपटिखर गिलानि कास्मिर टाइम्स डेलीका कर्मचारी सन् २००२ मा आफ्नै घरबाट गिरफ्तार भए। उनका बारेमा स्थानिय बेवसाइटहरुले विविध सुचना लिइरहेका थिए। सम्मेलन र सभा मार्फत गिलानीको मुत्ति,का लागि सबै कास्मिर पत्रकारहरुले आवाज उठाए।

## हर्टल्याण्डमा माओवादी विद्रोहः

भारतका ५ ओटा राज्यहरु छत्तिसगरह, ओरीसा, आन्ध्रा प्रदेश, माहाराात्र र झारखण्ड पत्रकारिताको क्षेत्रमा खतारायुक्त क्षेत्र हुन्। अक्टोवर २००९ मा राजद्रोहीहरु विरुद्धमा भएको खानतलासमा छत्तिसग्ररहमा पत्रकारहरुलाई प्रहरीले आफ्ना सुचनाहरु प्रसारण गर्न निर्देश गरेका थिए। हिन्दि भाषाका २ पत्रकारलाई २ जना सर्वसाधारणको हत्या भएको भन्ने समाचार सम्प्रेषण गर्न त्यहाँ सेक्युरिटि फोर्सले निर्देशन गऱ्यो। अर्को छुट्टै घटनामा टि.भि च्यानलका पत्रकारहरुलाई प्रहरीको समाचारलाई नमानी ति व्यक्तिहरुको हत्या स्थानीय राजनितिज्ञ भएकाले माओवादी गरेको हो भन्ने जिम्म माओवादीले लियो। सिनियर प्रहरीका अनुसार त्यस ठाउँको सुरक्षाका लागि कडा फाइरिङ्ग गर्ने निर्देशन प्राप्त भयो। जो छत्तिसग्रह पार गर्दछ त्यो आन्ध्रा प्रदेशमा पुग्छ र फेरी राजद्रोही कारवाहीमा पर्दछ भन्ने उनिहरुको विचार थियो।

पत्रकार संघ र छत्तिसग्रह श्रमजिवि पत्रकार संघले अक्टोवर १२ मा बैठक बसी दबाबपुर्ण स्थितिको बारेमा छलफल गरे। उनिहरुले जनतालाई सचेत बनाउनुपर्ने कुरामा समेत विशेष जोड दिए। प्रेस स्वतन्त्रताको लागि माओवादी विद्रोहका बेला पत्रकारहरु, प्रादेशिक प्रशासनको दबाबमा रहेर काम गर्नुपर्ने अवस्था थियो। सन् २००९ मा सुरक्षा अंगहरुले दक्षिणि क्षेत्र गच्छानपल्ली गाउँमा सुरक्षा कार्बाही गऱ्यो। ३० जना विद्रोही माओवादी र ६ जना सुरक्षा फौजको निधन भयो। त्यसको केही दिन कार्बाहीमा १२ जना माओवादी कार्याकर्ताको निधन भयो। सन् २०१० जनवरीमा भारतको सर्वोच्च अदालतले दोस्रो  घटनामा घाइते भएका व्यक्तिहरुको उपचारको लागि दिल्ली लैजान आग्रह गऱ्यो। जब उनीहरुलाई राइपुरमा सार्ने निर्णय गरियो। उनीहरुलाई भेट्न खोज्ने पत्रकारहरुलाई घृणा गरियो। वास्टरका जनरल इन्सपेक्टरले विद्रोहीबाट ग्रस्त क्षेत्र छत्तिसग्रहको बारेमा सुचना लोकल सुपरिनटेन्डेन्टबाट लिएका थिए। उनले प्राप्त सुचना अनुसार सञ्चार माध्यमहरुलाई टाढा राखिएको थियो। जुन बेला डक्टरहरुले उपचार गरिरहेका थिए।

जनवरी १७ मा हिन्दु नै गोम्पड घटनामा भएको प्रहरी हस्तक्षेपको बारेमा रिपोट गर्ने पहिलो पत्रिका बन्यो। यस पत्रिकाका अनुसार प्रहरीले नै सम्पुर्ण आन्दोलन दबाउन सफल भएको थियो।[4] जनवरी १५ को रिपोट अनुसार शसस्त्र प्रहरीको गस्तीले छातेवाडा देखि कोन्टा सम्मको पुरै राजमार्ग ढाकेको थियो। जहाँ उनीहरुले सवारी साधानलाई रोकी सुचनाहरु लिने काम गरिरहेका थिए। हिन्दु पत्रिका सम्वाददाता दाँतेवडाका २ पत्रकारसँग यात्रा गरिरहेका थिए। उनिहरु नाई दुनियाका अनिल मिश्र र नवभारतका यशवन्त यादव हुने। उनीहरुले गोम्पड गाउँ प्रहरीको आक्रामणबाट आक्रान्त बनेको बताए।

मिश्र र यादव दातेवाडा जिल्लाका चलाख सदस्यहरु हुन्छ। उनिहरुको प्रस्तुतीलाई त्यस क्षेत्रका स्थानिय साधनहरुले भ्याउन हम्मे हम्मे पर्दथ्यो। सर्वप्रथम उनिहरुलाई वास्तविक समाचार संकलनका लागि प्रशस्त अवस्था दिइएन। दोस्रो मौसमी अवस्था पनि अत्यन्त नाजुक थियो। जतिबेला प्रमुख सुरक्षा माओवादी विद्रोहीका विरुद्ध भइरहेको थियो। अन्तमा द्वन्द्ध चर्किरहेका बेला स्थानिय बासिन्दाहरु समेत आक्रान्त भइसके यतिबेलानै माओवादी समर्थित व्यक्तिहरुले भारतको आन्तरिक सुरक्षा संयन्त्रलाई प्रतिस्पर्धाको चुनौति दियो।

राष्ट्रिय पत्रिका भएकाले गोम्पड काण्डको सम्पुर्ण खतरा उसले नि सक्यो तर साना पत्रिकाहरुले लिन सकेनन्। त्यसैले सन् २००९ ुलाइमा लोकल मिडियाको अवस्था अतुलनिय रुपमा परिवर्तन भयो। त्यस्तै गरेर सन् २००९ जनवरीमा दक्षिणी सिंगभराममा सुरक्षा कार्वाही भयो। त्यहाँ राजद्रोही भन्दा पनि बढी जनजातीहरु आ नि सक्यो तर साना पत्रिकाहरुले लिन सकेनन्। त्यसैले सन् २००९ ुलाइमा लोकल मिडियाको अवस्था अतुलनिय रुपमा परिवर्तन भयो। त्यस्तै गरेर सन् २००९ जनवरीमा दक्षिणी सिंगभराममा सुरक्षा कार्वाही भयो। त्यहाँ राजद्रोही भन्दा पनि बढी जनजातीहरु आफ्नो मागका लागि उत्रिएका थिए। त्यतिबेला  सिभिल सोसाइटिले लोकल मिडियालाई समाचार संकलन गर्न बढी प्रोत्साहन गऱ्यो। माओवादी विद्रोहका बेला अस्तवेस्त भएका प्रेसहरु पुनस्थापना स्थानिय मानिसले समेत सन् २००९ मा प्रदेश सरकारसँग माग गरे।

## सुरक्षा नियमले असुरक्षा निम्त्यायो :-

राम्रो सुरक्षा निति ले सर्वसाधारणलाई कास्मिरमा सुरक्षित गर्ने अवस्था सृजना भयो। शसस्त्र फोजले कास्मिर र उत्तर पुर्वि छत्तिसग्रह क्षेत्रलाई उच्चस्तरिय सुरक्षा निति अपनायो। यस नितिका विशेष विशेषता भएतापनि त्यस क्षेत्रमा नितिविपरीत कार्यहरु फेरी दोहोरीन थाले। फेरीपनि सुरक्षाकर्मिहरुले विविध कार्यहरु गर्न सर्वसाधारणलाई अपराध गर्न थाले। माओवादी विद्रोहमा भएका घटनाहरुको सुचना सम्प्रेषण गर्न फेरी पत्रकारहरुलाई अवरोध गरियो। भारतिय प्रधानमन्त्री र गृहमन्त्रीले माओवादी शसस्त्र द्वन्द्वले सरकारी निकायहरुले पनि लापारवाहि रुपमा त्यस क्षेत्रमा काम गरेको स्विकार गरे। प्रदेश सरकारको निरिहपनले गर्दानै त्यस क्षेत्रमा असुरक्षा भएको उनिहरुले बताए। जसले गर्दा केन्द्रिय सरकारको ध्यानाकर्षण भएको छ। उनिहरुको लापरवाहीले गर्दा

4 'The Hindu" पत्रिकाको समाचार रिपोर्ट http//www.thehidu.com/2010/17 stories/2010011761241000htm बाट लिइएको हो र यसमा हेर्न सकिन्छ।

नै माओवादीलाई प्रोत्साहन पुगेको उनिहरुको निष्कर्ष छ।

पत्रकारहरुले पनि निडर भएर कसैको पक्षमा नलागी समाचार सम्प्रेषण तथा सम्पादनको स्थिति सृजना भयो। समिउहिन आलिएसनिलु पत्रकार जो हिन्दि दैनिक अमर उजला सँग आवद्ध थिए उनिहरु लोकल प्रहरीको थकाईमा परेका थिए। र सन् २००५ मा प्रहरीको कब्जामा परे। समिउद्धिनको समस्यालाई बुझेपछि उनि एक सामान्य व्यक्ति रहेको कुरा लोकल प्रहरीले बुझ्यो। २००६ मे मा उनको बारेमा भारतिय राष्ट्रिय मानव अधिकार आयोगले यो एउटा प्राणघातक कार्य भएको निष्कर्ष निकाल्यो उनको हरेक गतिविधिहरु बुझ्नको लागि हेरालुको व्यवस्था समेत गरियो जसको कारण उनलाई फेरी दबाब आउँछ वा आउँदैन त्यो पत्ता लगाउन सजिलो भयो।

राष्ट्रिय मानव अधिकार आयोगले ५ वर्षपछि उक्त घटनालाई बन्द गर्ने निर्णय गर्‍यो किनभने उनि एक बहुआयमिक पत्रकार भएकाले कुनैपनि घटनाको रिपोट लिनु र त्यसलाई प्रवाह गर्नु पत्रकारको काम हो। यसले उत्तर प्रदेश सुरक्षा संयन्त्रलाई भा.रु ५०००० समृद्धिणलाई प्रदान आग्रह गर्‍यो। जहाँ उनको ६ हप्तासम्मको काममा व्यावधान उत्पन्न भएको थियो। फेरी प्रेस काउन्सिल अफ इण्डीयाले समृद्धिणको टना विरलै हुने भएकाले त्यसप्रति उसको ध्यानाकर्षण भएको बताए।

एन.एच.आर.सि र पि.सि.आई. ले प्रेस स्वतन्त्रताको बारेमा धेरै घटनाहरु बेहोरी सकेको छ तर पनि ति सरकारी संयन्त्रहरुमा यसले कुनै असर नपारेको उनिहरुको गुनासे छ। जे सत्य तथ्य पत्ता लाग्छ त्यसैको पछि उनिहरु लाग्ने भएकाले कसैको लागि त्यो अपचहुन सक्ने समेत उनिहरुले बताए।

सन् २००७ मा पि.सि.आइले प्रेस स्वतन्त्रताको लागि आसाम र उत्तरपुर्वी राज्यमा खोजतलास गर्ने समुह निर्माण गर्‍यो जहाँ लडाकु देशदोह्रीहरुले पत्रकारहरुलाई चर्को दबाब दिइरहेका थिए। यस छानविनबाट पि.सि.आइको अन्तिम रिपोर्ट सन् २००७ र २००८ का लागि निर्माण भयो।[5]

भारतका सबै पत्रकारहरुले पि.सि.आई. र एन. एच. आर.सि.को प्रयोग आफ्नो अधिकार प्राप्तिका लागि गर्न थाले। केही क्षेत्रमा मानव अधिकारकर्मिहरु पनि प्रेस स्वतन्त्रताका लागि लडेको पाइन्छ।

## त्रासपुर्ण हड्ताल र मिडया :-

सन् २०१० फेब्रुअरि १३ मा पुने मा एउटा बम काण्ड भयो जुन स्थान मुम्बई भन्दा २२० किलोमिटर पर पर्दछ। भारत र पाकिस्तान केही हदसम्म भएपनि वार्ताको माध्यमबाट इतिहास देखिनै देखिएका समस्याको समाधान गर्न खोजिरहेका थिए। धेरै जसो मिडियाहरे सहमतिको प्रयास भइहरेको थियो। पत्रकारहरु दुई छिमेकी बिच सहमतिको प्रयास भइरहेको थियो। पत्रकाहरु जुन अस्पताल वरपर समाचार संकलन गर्न गएका थिए। उनिहरुलाई घाइतेको बारेमा बुझ्नका लागि प्रवेश दिइएन। अर्कोदिन पुनेको पुलिस कमिसनरले पत्रकार सम्मेलन गरि आफ्ना पुलिसले गरेका कामहरु प्रति केहि प्रश्न नरहेको भन्दै पत्रकारहरुसँग उक्त बम काण्डमा प्रेसलाई प्रवेशाधिकार रहेको र पत्रकारनै प्रतयक्षदर्शि रहेको जानकारी गराए। पुनेको मुख्य प्रहरीका अनुसार पत्रकारहरुको पहुँच हुँदाहुँदै संकटपुर्ण अवस्थामा खानतलास भएको उनले बताए। राजनितिज्ञहरु यस कुरालाई नकार्न सक्दैनन् कि त्यहाँ जसको नाजुक अवस्था थियो तिनिहरुलाई राहतको अनुभुति मुख्य संयन्त्रले गराएका थिए।

दुइहप्ता पछाडी सम्म पनि वमकाण्ड मच्चाउने पाष्टिहरु अत्तोपत्तो लगाउन नसकेकाले प्रहरीलाई विविध प्रश्नहरु आइरहेका थिए। मे २४ मा एउटा शंकालु व्यक्तिलाई प्रहरीले समात्यो। उ पनि जुन १५ मा छुट्यो किनकी सेसन अदालत प्रहरीले दिएको रिपोर्टबाट सन्तृष्ट हुन सकेन।

विगत १० वर्षमा भारतमा अन्य देशमा भन्दा बढी आतंकवादको घटनाहरु देखिएको थियो। सन् २०१० डिसेम्बरमा संसदमा भएको आक्रमण सन् २००८ नोभेम्बर मा भएको मुब्मई आक्रमण आतंकवादी कार्यहरु हुन्। पछिल्लो समयमा केन्द्रिय सरकारले आतंकवादलाई रोक्न निकै ठुलै प्रयास गरेको पाइन्छ। यसका साथै विभिन्न राजनैतिक दल तथा व्यक्तिहरुलाई आतंकवादको अभियोग समेत लगाएको छ। सुरक्षा संयन्त्र र प्रहरी फोर्सलाई अपराधिसँग मुकाविला गर्न विशेष किसिमको शक्ति दिइएको थियो जसले अपराधिलाई एउटा सिमाभित्र राखेर सुचनाहरु प्रवाह गर्दा सुलभ भएको थियो। यति हुँदा पनि सञ्चार क्षेत्रहरुले अपराधिहरुको बन्दको बारेमा केही वास्तविकता पत्ता लगाउन सकेका छैनन्।


दिल्ली युनियन अफ जर्नालिस्ट सँग आवद्ध सञ्चार मध्येका अनुसार अपराधिहरुको प्रतिरोधमा सन् २००८ मा २ युवाहरुको मृत्यु भएको थियो जुन दिल्लीको दक्षिण पूर्वि क्षेत्रको जमिय नगर क्षेत्रमा पर्दछ। अपराधिहरुले आफ्नो छुट्टै धार्मिक सम्प्रदाय भएको समाज निर्माण गर्न चाहन्थे।[6] जहाँ कुनै पनि मिडियाको उपस्थिति उनिहरुलाई स्विकार्य हुँदैनथ्यो। नयाँ दिल्लीमा माइल टुडेका अनुसार नयाँ दिल्लीका व्यस्त बजारहरुमा शसस्त्र प्रतिरोधका कारण अवस्था जटिल बन्दै गएको थियो जहाँ प्रहरी फोर्सले साधारण व्यक्तिहरुको हत्या हुन सक्ने सम्भाव्यतालाई मध्यनजर गर्दै सोही अनुरुप कार्य गरिरहेको थियो।[7]

सामान्यतया सुरक्षा र सुचना प्रवाह जनताको चाहना अनुसार उनिहरुको पहुँच पुग्ने तरिकाले दिलाइयो भने त्यसले प्रहरीहरुको कार्यलाई सहयोग गर्दछ र तिनै जनताका चाहना अनुरुपका विश्वासिला दुत बन्ने छन्।

5. http/pressouncil.nic.in/HOME.HTM मा यस सम्बन्धी सुचना प्राप्त गर्न सकिन्छ।

6 सर्वेक्षणको सुचना http//www/thehoot.org/web/home/searchdetail.php?sid+3360 bg+1 http//www/thehoot,org.web.home/search-deatil/php?sid+3367&bg+1

7 Mailtoday through the month of October 2008 बाट धेरै सुचनाहरु समावेश गराइएको छ जुन www.mailtoday.in मा लगअन गरेर हेर्न सकिन्छ।



भिजिलान्तेहरुको आक्रमण र धम्किबाट लोकमत त्वल्त्व को विस्तार भएपछि महाराष्ट्रमा आक्रमण भई संगठित भई काम गर्ने निर्णय गरियो।

जब सन् २००८ को मुम्बइ आक्रमण भयो तब त्यहाँका विभिन्न स्थानहरु छिन्नभिन्न भए र फेरी मिडिया क्षेत्रहरुले[8] प्रदेश सरकारको मातहतमा काम गर्नुपर्ने अवस्था सृजना भयो। फेरी डि.जे.यु. ले गहन अध्ययन गरि मिडियालाई अपराधिक कार्यको संज्ञा दिनु गलत भएको ठानेका छन्। मुम्बई आक्रमणको एक वर्ष पुरा भएको समयमा, मुम्बई युनियनका सदस्यहरुले यदि कानुन नै सबै कुरा भएको भए यस अवश्य पनि द्वन्द्व र छुटको चक्रलाई मिलाउन सक्नुपर्ने र कहिले मिडियाले यसको पक्षमा वकालत गर्न पाउँछ?[9] भन्ने जस्ता प्रश्नहरु उठाएका थिए।

## भारत पाकिस्तान सन्धि र सञ्चार माध्यमः

इन्दुज नदीमा भएको पानि जुन सिमा क्षेत्र भएर बग्ने गर्दछ। त्यो नै भारत र पाकिस्तानको झगडाको बिउ थियो। यस्ता टेक्निकल समस्याहरुले गर्द मिडियाले पनि इन्दुज नदिको बारेमा केही लेख्न सकेको छैन। जब सन् १९६० मा २ र ाज्य बिचको सन्धि भयो। हर्डबर्ड विश्वविद्यालयका एक पानी विशेषज्ञले आफ्नो अवलोकनका क्रममा यसो भनेका थिए, दिल्लीमा बसेर दुवै भारत र पाकिस्तानमा काम गर्छु भनेका थिए, एक दिल्लीमा बसेर दुवै भारत र पाकिस्तामा काम गर्छु जसले मलाई विछिप्त बनायो।[10] एउटा राज्य प्रजातान्त्रिक पत्रिकाले त्यस पानीको विषयमा भारतको विचार प्रस्तुत गरिरहे को छ भने भारतको पत्रिकाले कहिल्यै त्यसो गर्दैन।

यसबाट के बुझ्न सकिन्छ भने कुन देशका मिडियाहरु आफ्ना कार्यालयभित्र कार्यप्रति कत्तिको सम्बन्ध विस्तार गर्न सक्षम रहेछन् भन्ने बुझिन्छ। जब सन् २०१० फेब्रुअरिमा भारत र पाकिस्तानले फेरी सन्धि गरे त्यसपछि मिडियाहरु विपरित धुव्रमा उभिन थाले। जब २ देश का विदेश मन्त्रीहरुको बैठक फेव्रुअरि २५ मा भयो यसबाट २ लेशका मिडियाहरुले जनताले आशा गरेको समाचार व्यक्त गर्ने र कुनै पनि देशले अर्को देशका जनतालाई क्रुर व्यवहार वा शासन नगर्ने निर्णय भयो।

भारत र पाकिस्तानका स्थानिय व्यक्तिहरुलाई एउटा नयाँ कुराको विकास भयो जहाँ सन् २०१० मा 'अमन कि आशा' भन्ने पत्रिकाको विकास भयो जहाँ भारतका टाइम्स अफ इण्डीया र पाकिस्तानका ज्याङ ग्रुपले यसलाई सहयोग गरेका थिए। यि २ मिडियाहरु भारत र पाकिस्तानका ठुला मिडिया सेन्टरहरु हुन्। जहाँ टि.भि, पत्रपत्रिका र रेडियोलाई समेत समावेश गरिएको छ।

यसले जनताका विचारलाई समेत समेट्न थाल्यो जसबाट मानिसहरुलाई आवश्यक परेको शान्ति र व्यवसायिक सफलता हाँसिल गर्न सहयोग हुने बताए।

8 अन्जली देशपाण्डे र एस के पाण्डेको "Three Days of Mumbai Terror Reporting" athttp://www:thehoot:org/web/home/searchdetail/php?sid+3490&bg+1 मा लगअन गरेर हेर्न सकिन्छ। जुन DJU कार्यालयबाट उपलब्ध भएको छ।

9 गिता सेहुको 26/11 myth.makingto what purpose? जुन http//www.thehoot.org/web/home/searchdetail.php?sid+4219&bg+1 मा उपलब्ध छ।

10 जाने व्रिस्को को "War or Peace on the Indus" http://thesouthasianide:wordpress.com/2010/04/03/war-or-peace-on-the-indus को बाट लिइएको हो।

## नेपाल

## अनुभव हिन प्रजातन्त्रको संरक्षण

सन् १९९० को जनआन्दोलन पश्चात सयौवर्ष निरंकुश शासन र पंचायती व्यवस्थाको अन्त्यसंगै नेपालमा निजी संचार माध्यमहरुको स्थापना भयो। सन् १९९६ को नेपाल कम्युनिष्ट पार्टी माओवादीको जनयुद्धको घोषणासंगै वहुदलिय प्रजातन्त्रको अभ्यासको पनि अन्त्य भयो। यो जनयुद्ध कालको अन्यौलको अवधिमा नेपालले सञ्चारत्रत्र जगतमा आफ्नो स्वतन्त्रता वचाई राख्न भौगोलीक विकटता, न्यून भौतिक पूर्वाधार, व्यापक अशिक्षा र अति गरिवी जस्ता कठिनाई विच धेरै नै सर्घष गर्नुपर्‍यो।

नेपाल पत्रकार महासंघको तथ्याङ्क अनुसार सन् २००१ जुलाई देखि ३१ जना संचारकर्मीको हत्या उनिहरुको कामको परिणाम स्वरुप भएको जनाएको छ। वृहत शान्ति सम्झौता सन् २००५ पछि पनि धेरै संचारकर्मीको हत्या हुनुले द्वन्द्वको चरम विन्दुको सम्झना गराईदियो। नेपालमा सन् २००६ पछिको प्रजातन्त्रको आगमन संग सँगैको राजनैतिक अस्थिरताले संचार माध्यमलाई सहज वनाउन सकेन जुन अवस्थाको अनुभव दशक लामो संकट कालमा पनि गरियो।

विद्यमान सक्रमण कालले प्रजातन्त्रलाई व्यवस्थितगर्नबाट वञ्चित राखि राख्यो। माओवादी लडाकुलाई अहिले पनि राज्यको सुरक्षा निकाय अधिनमा राख्नुपर्ने अवस्था र नयाँ संविधान लेख्नका लागी विभिन्न चुनौतीहरु छ छदैछन्। निर्णायक राजनैतिक नेतृत्वको कमीले विद्यमान सामाजिक, राजनैतिक र आर्थिक अस्थिरता निम्त्याएको छ।

हालसालै मारिएका संञ्चारकर्मीले राज्यको सामान्य नियम कानुन नभएको कुरालाई दर्शाउछ, जुन मुख्यतया पशिचम भेगमा र तराई भेगमा छ। सन् २०१० को रेडियो तुलसिपुर एफ.एम.का अध्यक्ष देवी प्रसाद धितालको अज्ञात समुहद्धारा भएको हत्याले यो कुरालाई पुष्टि गर्दछ। वितेका ६ महिनामा धितातको हत्या तेस्रो संचारकर्मी माथिको प्रहार हो। फेवररीमा च्यानल नेपालका अध्यक्ष तथा स्पेस टाईम्स नेटवर्कका जमिम शाहलाई काठमाडौको व्यस्त सडकमा मारि एको थियो। त्यसको एक महिना पनि नवित्दै अरुण सिंगहानिया, टुडे समुहका अध्यक्ष तथा जनकपुर टुडेका प्रकाशक साथै टुडे रेडियोका संचालकलाई मोटर साईकलमा आएका अज्ञात समुहले जनकपुर स्थित आफ्नै निवास अगाडी धनुषामा गोली प्रहार गरि मारिदिए।

निरन्तर रुपमा प्रेसमाथिको प्रहारलाई नेपालका पत्रकारले सहदै आएका छन्। हालसालै मात्र वितेका समयमा भएका माओवाद विद्रोही र तराई शशक्त समुहद्धारा पत्रकारीता वा प्रेस माथिको प्रहार यो कुरालाई पुष्टि गर्दछ। नेपाल पत्रकार महासंघ प्युठानका उपाध्यक्षको अपहरण र माण्डली रेडियोको समाचार



पत्रकारहरुले वर्षभरी खतरा मुक्त भए त्यस अवस्था काम गर्ने स्थिती सृजना भयो।

दाता तथा एफ.एम. संञ्चालक केशव बोहोरालाई सन् २०१० जुनमा गरिएको अपहरणले पत्रकारले उठाउनुपर्ने जोखिमलाई स्पष्ट पारिदिन्छ। जिल्लामा रहने पत्रकारको स्थिति कमजोर भएको कुरा राजधानी दैनिकका समचारदाता टिका विष्टको उदारहणबाट प्रष्ट हुन्छ। उनको स्थानिय पत्रिका जन्तिधारमा प्रकाशित माओवादी विराधी लेखका कारण सन् २००९ डिसेम्वरमा धारिलो हतियार प्रयोग गरी उनकै घर अगाडी रुकुममा हत्या गरिएको थियो। यो घटनाको एक वर्ष नवित्दै शाहशी पत्रककार उमा सिंहलाई तराईको जनकपुर नगर मै निर्ममता पूर्वक हत्या गरियो। केहि व्यक्तिलाई हिरासतमा लिएपनि उनको हत्या पछाडि धेरैको हात छ भनेर भनियो।

## प्रेसमाथिको भए राजतन्त्र देखि माओवादी सम्म

सन् १९९७ देखि माओवादी जनयुद्धका कारण नेपालको राजनितिलाई ठुलो प्रभावमा पार्‍यो। विद्रोहका नेता पुष्पकमल दाहालले गरिव र अशिक्षाको नाममा नेपालको पहाडी दुर्गम क्षेत्रको खुवै धेरै वकालत गरे। काठमाडौ स्थित नारायणहिटि राजदरबारमा सन् २००१ जुनमा घटेको दर्दनाक घटनाका कारण तत्कालिन राजा वीरेन्द्र रानी ऐश्वर्या र अन्य ८ जना राजपरिवारको सदस्यको हत्या गरियो। राजकुमारर दिपेन्द्रलाई



धेरै पत्रकारहरु प्रहरीको धरपकडमा परे जतिवेला काठमाडौंमा पत्रकार अरुण सिंहनियाको हत्यामा विरोध जनाइएको थियो।

नै यस घटनाको जिम्मेवार व्यक्तित्व घोषणा गरियो। यसको तिन दिनपछि दिपेन्द्रको मृत्युसंगै उनका काका ज्ञानेन्द्रको राजगद्दिप्रतिको अधिकारको बाटो खुल्यो। यो हत्याकाण्ड पछाडि विभिन्न षडयन्त्रको अनुमान गरियो तर अन्ततः एक सरकारी अनुसन्धानको प्रतिवेलनले दिपेन्द्र नै यस हत्याकाण्डको दोषी ठहऱ्यायो।

राजपरिवार हत्याकाण्ड पछि सरकार र माओवादी विच केहि समयकालागि युद्धविराम भयो। सन् २००१ नोभेम्वर युद्धविरामको अन्त्य संगै सरकारले राज्यलाई संकटकालको घोषणा गर्‍यो ततपश्चात राज्य फेरी ३ वर्ष देखिको गृहयुद्धको चपेटामा फस्यो र परिणाम नागरिक आफ्नो अधिकारबाट वत्तिचत हुन पे। दजर्नौ पत्रकार तथा संचारकर्मी मारिए वा वन्दि वनाईए।

सन् २००२ अक्टोवर ४ मा तत्कालिन राजा ज्ञानेन्द्र संसदिय व्यवस्थालाई विघठन गरिदिए। पछि शेर वहादुर देउवालाई प्रधानमन्त्रीमा नियुक्ति गरि संसदिय व्यवस्था सूचारु भयो। सुरक्षा व्यवस्था कडा हुदाँ पनि र माओवादीसंगको शान्ति सम्झौताका विच नेपालमा मानव अधिकारको ठाडो उल्लंघन भयो। सन् २००३ को युद्धविराम पश्चात पनि नेपालको पत्रकारीता र वाक स्वतन्त्रतालाई निरन्तर दवावमा राखियो। प्रेसलाई राजतन्त्र र माओवादीको विचमा कागति जस्तै निचुरिने काम भयो। वेपत्ता अपहरण, नजरवन्द यातना र हत्या सामान्य जस्तै बने जुन क्रुर आतंकको नमूना हुन। पत्रकारहरुको अवस्था र प्रेसमाथिको अत्याचार सन् २००२ अगस्त २९ पछि संकटकालको समाप्ति पछि पनि सुधार हुन सकेन। सन् २००४ अगस्त २७ को युद्धविरामको समाप्ति पछि विभिन्न पार्टीगत प्रत्यक्ष वा अप्रत्यक्ष धम्कि का कारण पत्रकारहरुलाई आफ्नो कार्यक्षेत्र बाट हटाइयो। सन् २००४ मा संयुक्त राष्ट्रसंघ मानव अधिकार आवद्ध संस्था *(Working Group on Enforced or involuntary Disappearance)* १३० जना वेपत्ता पारिएको प्रतिवेदन सरकारलाई वुझायो। यो आकडा अन्य देशको तुलनामा सवैभन्दा धेरै नेपालको ईतिहासमा घटेको सवैभन्दा तुच्छ घटनाको व्याख्या गर्दछ।

## शाही कदम : स्वतन्त्र संचारको अभ्यास

निर्वाचित सरकारको सहयोहमा विद्रोहीसंग शान्ति सम्झौता गरी समस्या समाधान गर्ने अवस्था श्रृजना भएको वेला तत्कालिन राजा ज्ञानेन्द्रले सवै शक्ति खोसि लिए। राजनैतिक पार्टीका नेताहरुलाई कब्जामा लिएर तुरुन्तै मिडियाको स्वतन्त्रतामाथि सन् २००५ को फेवरुरी १ मा दमन शुरु गरे। नेपाली सैनिकको अप्रत्यासित टेलिभिजन र रेडियोमा प्रवेश हुनु र समाचार संकलन र प्रसारणमा रोक लगाउनु नै प्रजातन्त्र तथा पत्रकारिता माथिको दमन हो। संचारका साधनहरु टेलिफोन, ईन्टरनेट लगातार ३ दिनसम्म काटिनु र मोवाईल सेवा १ हप्ता सम्म अवरुद्ध गरियो। राजाको हस्तक्षेप पछि २ दिन पश्चात एउटा सूचना निकालियो, जस अनुसार राष्ट्र र राष्ट्रियताको हितको आधारमा श्री ५ को सरकारले ६ महिना सम्म शाही घोषणा सन् २००५ फेवरुरी १ का विरुद्ध हुने अर्न्तवार्ता लेख, समाचार, सूचना, विचार अथवा व्यक्तिगत विचारर दिएका त्यसले प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा आतन्कवाद र विनाशलाई मद्दत गरेको ठहरिनेछ।

ततपश्चात नेपाली प्रेस विरोधकालागि व्यङ्ग्यात्मक रिर्पोटको सुरुवात गर्‍यो। नेपालको चर्चित अग्रेजी दैनिक दि काठमौ पोष्ट ले व्यङ्ग्यात्मक सम्पादकीय शिर्षक सक्स ईन सोसाईटी सुरु गर्‍यो। नेपाली टाईम्स र हिमाल खवर पत्रिकाले सम्पादकीयको ठाऊ खालि राखी विरोध गरे। खालि ठााऊ छोडने पत्रिकामा देशान्तर र विमर्श पनि हुन। यो विरोधमा काठमाडौका प्रमुख जिल्ला अधिकारीले ५ जना सम्पादकमाथि केरकार गरेर थुनामा राखे। ति सम्पादकलाई तारिकमा थुना मुक्त गरियो। सम्पादकीय पृष्ठ खाली छोडन नपाईने नियम लागु भए पश्चात अर्को खालको विरोध कार्यक्रम अगाडी सारियो, जसमा साँघुका सम्पादकले सम्पादक र प्रकाशकको नाम हटाई विरोध गरे। सम्पादक र प्रकासकको नाम लेख्ने ठाँऊमा म यस पत्रिकाको सम्पादक होईन र सुरक्षाकर्मिबाट सम्पादन भएकोले उनिहरुको नाम उपलब्ध हुनासाथ म सम्पादकको रुपमा उसको नाम राख्ने छु।

विज्ञापनमा प्रसस्त खर्च नपाउने नीति अगी सारी त्यसको निश्चित मापदण तयार पारी विज्ञापन प्रतिको नीतिमा पनि कडाई गरियो। विज्ञापनदाताले प्रशस्त विज्ञापन खर्च गर्न

नपाईने गरि नियम वनाइयो। जस्का कारण साना पत्र पत्रिका बन्द हुने स्थितिमा पुगे।

## प्रेस स्वतन्त्रताका लागि संगठनको युद्ध

पेसागत वकिल, शिक्षक र इन्जिनियरको प्रजातन्त्रको लागि संगठित भएर विरोध गरि यो। यस अभियानमा पत्रकारको अग्रसरता प्रमुख थियो जस्मा नेपाल पत्रकार महासंघको छाता संगठनको अग्रसरतामा प्रेस चौतारी, नेपाल पत्रकार संघ, क्रान्तिकारी पत्रकार संघ र अन्य पार्टीगत संगठनको सहभागितामा शशक्त आन्दोलन शुरु भयो। त्यस वखत नेपाल पत्रकार महासंघका सचिव शिव गाउलेले भनेका थिए। यो समय आवाज उठाउने समय हो। राजतन्त्र विरुद्ध सामान्य मन्तव्य निकाल्नु पनि त्यसवेलाको लागि शाहसिक कार्य थियो। पत्रकारिता जगतले पनि प्रजातन्त्रको पक्षमा रहेर सक्रिय भूमिका निर्वाह गर्‍यो।



फोटो पत्रकारले सन् २००९ अक्टोवरमा काठमाडौंमा भएको प्रर्दशनमा एउटा घाइते महिलालाई सहयोग गर्दछन्।

नेपाल पत्रकार महासंघको छाता संगठन माथि राजतन्त्रद्धारा कमजोर बनाउने प्रयास गरियो। पत्रकारलाई विभाजन गर्ने काममा राजतन्त्र सफल हुन सकेन जस्काकारण राज्यको अधिनमा रहेका प्रेस (राष्ट्रिय समाचार समिति र रेडियो नेपाल बाट धेरैले आफ्नो जागिर गुमाए। पत्रकारले प्रजातन्त्रका लागि धेरै संघर्ष गरेतापनि अभिव्यक्त गर्न पाउने अधिकारबाट वञ्चित नै गरिए। नेपाल पत्रकार महासंघका महासचिव पोषण के.सि. ले पनि उक्त कुरालाई स्विकारेका छन्।

सने २००६ अप्रिल २९ को संकटकाल हटाइए पछि प्रेसमाथिका प्रतिवन्ध धेरै खुकुलो भएको महसुस गरियो यद्यपी देशभरका पत्रकारले आक्रमण मृत्यु, धम्कि दुवै राज्यपक्ष र माओवादी पक्षबाट सहनु पर्‍यो। खासगरी स्थानिय प्रेस जगतले त झनै ठुलो परिस्थितिको सामना गर्नुपर्‍यो। माओवादी पक्ष र शाही नेपाली सैनिकबाट विभिन्न स्थितिको सामना गर्नु पदर्थ्यो।

प्रेसमाथिको सम्पादनका लागि गरिने नियन्त्रण, र त्रास सामान्य जस्तै थियो। मिफिया वा प्रेस प्रतिको भौतिक आक्रमण वा सरकार, माओवादीका कारण बन्द हुन पुगेका थिए। प्रकाशित पत्र पत्रिकालाई वितरणमा समस्या उत्पन्न गराईन्थ्यो। ज्यानमार्ने गम्भिर प्रकारका धम्कि तराईका पत्रकारहरुले विशेषतया सहनु पर्दथ्यो।

## कुर नियम बिरुद्धको गुटबन्दी अथवा एकता

सन् २००५ अक्टोवर ९ मा स्थापित कुर संचार अध्यादेश र सन् २००६ अप्रीलमा नविकरण गरिएको संचार अध्यादेशले संचार जगतको स्वतन्त्रता र जनताको स्वतन्त्र रुपमा सुचना पाउने अधिकारको दमन गर्ने र सरकारलाई कानुनी सुरक्षा दिने प्रयास गर्‍यो। उक्त अध्यादेशले प्रभावकारी ढंगले प्रमुख ६ वटा संचार नियमको संसोधन गर्‍यो जस्तैः राष्ट्रिय प्रसारण ऐन १९९२, प्रेस काउन्सील ऐन १९९२, मुद्रण र छपाई ऐन १९९२ राष्ट्रिय समाचार नियोग ऐन १९६२, मानहानी ऐन १९५९ र रेडियो ऐन १९५८। नेपाल पत्रकार महाँरुपले यस अध्यादेश र यसको आश्रमा भइरहेका कार्यहरु जस्तै रेडियो स्टेसनमा छापामार्ने, रेडियो ट्रान्समिटर जस्ता सामानको जफत, समाचार प्रसारणमा बन्देज र संचारकर्मीहरुको थुनुवाई र उनीहरु माथि दुर्व्यवहारको घोर निन्दा गर्‍यो। नेपाल पत्रकार महासंघले उक्त अध्यादेशले सन् १९९० को संविधान (२०४७)ले प्रत्याभूमि गरेको अभिव्यक्ति, स्वतन्त्रताको हनन गरेको भन्दै कानूनीमुद्दा पनि दायर गर्‍यो। दोस्रो पटकको निवेदनलाई पनि थाती राखेर अन्त्यमा सर्वोच्च अदालतले उक्त अध्यादेशको वैद्यताको समर्थन गर्‍यो। सन् २००६ को मे मा राजाले दोस्रो जन आन्दोलनको अगाडी घुडा टेके पछि संसद पुर्नस्थापना पछि मात्र उक्त अध्यादेशको खारेज भयो।

आतकंकारी र तोडफोड क्रियाकलाप (बचाउ र रोकथाम) अध्यादेश सन् २००१ मा जारि गरियो र सन् २००५ सम्म लम्व्याइयो र पुन सन् २००६ मा स्वतन्त्र समाचारको प्रसारणलाई अवैद्य घोषणा गरियो। बिना कारण प्रक्राउ गर्न पाउने प्रावधानले गर्दा उक्त अध्यादेशले अनियन्त्रीत रुपले समाचार कर्मीहरुलाई दुर्व्यवहार गर्‍यो। सार्वजनिक सुरक्षा ऐन १९८९ को लगातार प्रयोगले अभिव्यक्ति स्वतन्त्रता र संगठनात्मक स्वतन्त्रतालाई बाधा पर्‍याउने काम गर्‍यो। दोस्रो जन आन्दोलन पश्चात तथा सन् २००८को ओलम्पीक खेलको पूर्व सार्वजनिक सुरक्षा ऐनको प्रयोग तिब्वती आन्दोलनकारीहरुलाई नियन्त्रण गर्न सहयोग गर्‍यो।

## सक्षम न्यायपालिका

## जिवन रक्षाको यात्रा

नियोग द्वारा जिवन उद्धार *MISSIONS SAVE LIVES* सन् २००५ को राजाको सत्तापलट तथा विद्रोह कालमा पत्रकार माओवादी र राज्यको विचमा पर्दथ्यो। सम्पादन, रोक, अपराधिक कृयाकलाप, अपहरक र बेपत्ता दैनिक जस्तै हुन्थ्यो भने बेइज्जती र घातक पनि सावित हुन्थ्यो पत्रकारिता। नेपाल पत्रकार महासंघले माओवादी केन्द्रिय कमिटीसंग वार्ता सुरु गर्‍यो। उक्त वार्ता पत्रकारहरुको सुरक्षा र प्रेस स्वतन्त्रका लागि थियो। तत्कालिन नेपाल पत्रकार महासंघका केन्द्रिय कमिटी सदस्य पूर्ण बस्नेतको नेतृत्वमा भएको वार्ताले आखाँ साप्ताहिकका पत्रकार सोम शर्माको रिहाईको लागि वार्ता गर्‍यो। उनलाई माओवादीको विरोधी लेख लेखेको हुनाले सन् २००५ मे १३ मा अपहरण गरिएको थियो। उनले घरमा पठाएको चिठीका आधारमा आफू माओवादीको हिरासतमा भएको कुरा पत्ता लागेको थियो। विभिन्न चरणमा वार्ता पश्चात शर्माको भेट नेपाल पत्रकार महासंघका अधिकारीसंग भयो र ५५ दिन पश्चात उनको उद्धार गरियो। यो नै पत्रकारको बचाउका लागि गरिएको महत्वपूर्ण कदम थियो। बस्नेतका अनुसार “यो सफलतापूर्वक गरिएको बचाउ अभियानले देशका सबै पत्रकार हरुको मनोबल उच्च भएको छ।” बस्नेतका अनुसार “नेपाल पत्रकार महासंघ प्रति विश्वसनियता पलायको छ। एक वर्ष भन्दा अगाडी डेकेन्द्र थापाको अपहरण र मृत्यु पछाडी अहिले नेपाल पत्रकार महासंघ प्रति विश्वसनियता पलाएको छ।”

यो अनुभवको आत्म विश्वासका कारण नेपाल पत्रकार महासंघले हस्तक्षेप विरुद्ध एउटा कमिटी बनायो। पूर्ण बस्नेतले थुप्रै बचाउ अभियानको सुरुवात गरे। १८ वटा भन्दा बढी उद्धार देशका विभिन्न ठाउँमा गरियो। केही उद्धारमा काम उल्लेख गर्नुपर्दा, दैलेखमा कान्तिपुर समाचारदाता सेनाको हीरासतबाट उद्धार गरियो। सिन्धुलीका दुई पत्रकार लाई पुनःस्थापना गरियो प्रमुख जिल्ला अधिकारीले ज्यान मार्ने धम्की दिएर दुई पत्रकार काठमाडौं विस्थापित भएका थिए। कञ्चनपुरका स्थानिय पत्रिकाका सम्पादक खेम भण्डारी सेनाको हिरासतबाट मुक्त भएका थिए। ताप्लेजुङका कान्तिपुर समाचारदाताको माओवादी कार्यकर्ताबाट भौतिक कारवाही गरिएको मुद्दा मिलाउने काम भएको थियो।

राज्यद्धारा संचालित रेडियो नेपालका पत्रकार डेकेन्द्र राज थापा सन् २००४ अगस्त ११ मा माओवादीद्धारा अपहरणको ६ हप्ता पछि पश्चिमी पहाडी भेगमा हत्या गरिएको थिए। नेपाल पत्रकार महासंघको प्रतिनिधि मण्डल माओवादी विद्रोहीलाई दैलेखमा भेटी थापाको पक्षमा वकालत गरेको थियो। थापाको गाँऊमा विद्रोहीले एउटा सूचना टाँसि थापालाई जासुसी गरेको आरोप मारिएको कुरा जनाइएको थियो। स्थानिय माओवादी कमाण्डरले थप १० जना पत्रकारलाई मार्ने योजना भएको कुरा उल्लेख गरेका थिए। अगष्ट १८ मा काठमाडौका सडकमा पत्रकारको हत्याका कारण विरोध गरियो। सेप्टेम्बर मा पहिलोपल्ट माओवादी प्रवक्ता कृष्ण वहादुर महराले नेपाल पत्रकार महासंघलाई चिठि लेख्दै हत्या गर्ने नीति भंग भएको जनाउदै हत्याको जाँचबुझ गरिने वताए। माओवादीले राष्ट्रिय समाचार समितिका कार्यकर्ता तथा शिक्षक ज्ञानेन्द्र खड्काको सन्दर्भमा पनि हत्या नीति भंग भएको जनाएको थियो। उनको हत्या सन् २००३ को सेप्टेम्वरमा सिन्धुपाल्चोकमा भएको थियो र उनको हत्या प्रति मओवादीबाट कुनै पश्चाताप व्यक्त भएन।

नेपालको सर्वोच्च अदालतले प्रजातन्त्र पुनस्थापना कालमा र विद्रोहको वेलामा महत्वपुर्ण भूमिका निर्वाह गर्‍यो। राज्यद्धारा गरिएका धेरै भन्दा धेरै गैरकानुनी गिरफ्तारी, नजर वन्द, यातना र गैरअदालती मृत्युका कारण वन्दि प्रत्येक्षीकरण मुद्धा मार्फत गैर कानुनी ढंगवाट हिरासतमा राखिएका पत्रकार लाई अदालतमा उपस्थित हुन लगाइयो। तसर्थ न्यायपालिकाले प्रभावकारी रुपमा पत्रकारहरुको अधिकारलाई यस्तो राजनैतकि अवस्था विच पनि संरक्षण गर्‍यो। वकिलहरु भिमार्जुन आर्चाय, तिलकराम भट्टराई तथा पूर्व नेपाल पत्रकारको पक्षमा १०० भन्दा वढि वन्दि प्रत्यक्षीकरण मुद्धामाथि न्यायलयले न्याय दिएको थियो भने विभिन्न स्थानका १६ वटा पुनरावेदन अदालतले पनि पत्रकारको पक्षमा न्याय दिएका थिए। नेपालमा जबरजस्ति वेपत्ता वनाइएका संख्या धेरै छ। संयुक्त राष्ट्रसंघका अनुसार नेपालमा जबरजस्ति वेपत्ता वनाईएकाहरुको संख्या सन् २००४ र २००३ मा संसारकै सवैभन्दा धेरै छ। राज्यको न्यायपालिकाले त्यस परिस्थितीमा उल्लेखनिय भूमिका निर्वाह गरेको थियो। कानुन व्यवसायी किशोर उप्रेतीका अनुसार नेपालको सर्वोच्च अदालतले सन् २००७ मा रुडिवादी र पुरातन न्यायिक पद्धतिलाई तोडदै उल्लेखनिय तथा महत्वपुर्ण फैसला गरिदियो जस्काकारण राष्ट्रिय तथा अन्तराष्ट्रिय कानुनको नजरमा नेपालको राजनैतिक प्रणालीलाई लामो समय सम्म असर पार्न सक्ने देखियो।[1] यसै सन्दर्भमा सन् २००७ जुन १ तारिखमा नेपालको सर्वोच्च अदालतमा न्यायधिस खिलराज रेग्मि र कल्याण श्रेष्ठमाथि ८३ जना बन्दि प्रत्यक्षीकरणको प्रतिउत्तरमा सरकारलाई निम्न कुराको निर्देशन दिए। (१)

1 उप्रेति के २००८ को Against Enforced Disappearance: the political Detainess' Case before the Nepal Supreme Court.' Chainese Journal of international law vol.7 No.2 PP 429-457 मा हेर्न सकिन्छ ।

राज्यद्धारा जवरजस्ति वेपत्ता पारिएका ८३ जना परिवारलाई क्षतिपुर्ति दिनुपर्ने। (२) जबरजस्ति वेपत्ता पार्नेलाई अपराध ठहर गरी कानुन वनाएर लागु गर्नुपर्ने। (३) मान्छे मार्ने काममा सम्मिलितव्यक्तिका लागि एउटा छुट्टै आयोग बनाई अनुसन्धान गरि कार्वाहीको लागि अगी बढाउने। सन् २००८ नोभेम्वरमा जबरजस्ति वेपता पारिएका माथि विधेयक वनाइयो तर त्यो विधेयक अहिलेसम्म पनि स्विकृत भएको छैन।

अर्को महत्वपुर्ण पक्ष न्यायलयबाट वाक स्वतन्त्रताका लागि न्यायलयले दिएको विशेष जोड थियो। विद्रोहीकालमा र राजाको सत्ताकब्जाको वेला न्यायिक अदालतले एफ.एम. रेडियो र सञ्चार माध्यमको पक्षमा वोल्न पाउने अधिकार र सुसुचित हुने अधिकार भन्दै कानुनी फैसला गरेको थियो। नेपालमा मानवअधिकार कमजोर भएको वेला यो महत्वपुर्ण निर्णय थियो। सर्वोच्च अदालतले नेपालको प्रेस स्वतन्त्रता भित्र रेडियो पनि पर्ने कुरालाई परिभाषित गर्दै सन् २००१ को उपलव्धिका रुपमा लिईएको थियो। आम सञ्चार दमनको उत्कर्षम सन् २००५ को सन् २००५ को अगष्टमा एफ.एम स्टेसनले दायर गरेको रिट पछि एफ.एम.मा समाचार पढन पाईने कुरको सरकारी वन्देज गैर संवैधानिक भएको ठहर गरेको थियो। सर्वोच्च अदालतको निर्णयलाई वेवास्ता गर्दै सर कारले एफ.एम. स्टेसनलाई बन्द गर्न निर्देशन दियो र विभिन्न सामानहरु जफत गरिदियो।



जति अवरोध भएपनि नेपाली पत्रकार न्यून प्राप्तीका लागि बढी चनाखो रहेको देखिन्छ।

## रेडियो क्रान्ति

दक्षिण एसियाकै रेडियो प्रसारणमा नेपालको अग्रता विषयतवस्तु र प्रभावकारी युक्त सम्मलग्नता कै कारण अग्रस्थानमा छ। अरु स्थानमा राजय र ठुला संस्थालले निरन्तर एफ. एम.लाई नियन्त्रण गर्दछन्। व्यक्तिगत तथा सामुदायिक एफ.एम. लाई मनोरञ्जनका लागि मात्र स्विकृत गरिएको हुन्छ। नेपालका स्वतन्त्र एफ.एम. रेडियोहरुले विभिन्न खालका समाचार, घटनाको प्रसारण र मनोरञ्जनका कार्यक्रमहरु प्रसारण गर्दछन् भने करिब ३२३ लाईसेन्स स्विकृती दिईसकेका छन्।[2]

नेपालको रेडियोको ईतिहासलाई हेर्नु पर्दा सन् १९५० बाट शुरु हुन्छ। जव नेपाली काँग्रेस पार्टी समान्तीकरण तानाशाही संग लडिरहेका थिए। स्वतन्त्रताका लागि लडने नाईकेहरुद्धारा नेपालमा पहिलोपटक प्रजातन्त्र नेपाल रेडियो नेपालको पुर्वीभाग विराटनगरबाट सुरुवात गरियो। रेडियोको उपयोग प्रजातन्त्रीक राजनितिलाई र पार्टिगत कार्यक्रमको उन्नतीका लागि गरियो जव राणाको आधिपत्यको अन्त्यभयो तत्कालिन नयनन सरकारले रेडियो स्टेसनलाई काठमाडौमा सारियो र नयाँ नाम राखियो, नेपाल रेडियो र पून: अर्को नाम राखियो रेडियो नेपाल र पछि निरन्तर यो रेडियोलाई सरकारसंग जोडेर हेर्न थालियो र यसले समाचार श्रोतको विश्वसनियता पनि केहि हदसम्म गुमायो।

सन् १९९७ पछि मात्र नेपाल प्रेस कार्यकर्ता र पत्रकारको मिलेमत्तोमा देशकै पहिलो सामुदायिक रेडियो स्टेसन काठमाडौ को एउटा सानो कोठामा स्टुडियो वनाई प्रसारण शुरु गर्‍यो। रेडियो क्रान्तिको अग्रदुत अथवा अगुवा रेडियो सगरमाथा थियो र यस्का नारा थियो जनसेवाका लागि संचार जब एफ.एम. स्टेसनलाई राज्यको नियन्त्रणबाट खुकुलो पारियो तव केहि वर्ष भित्र करिब ५० बटा एफ.एम. स्टेसनहरुको आफ्नो प्रसारण शुरु गरे। एफ.एम.संगितको क्षेत्रलाई मात्र नहेरी समचारको मुख्य श्रोतकै रुपमा धेरै ठाऊमा प्रतिस्पर्धा भयो। समाचार प्रसारण गर्न पाउने अधिकार सर्वोच्च अदालतले सन् २००६ को निर्णयबाट एफ.एम. स्टेसनका लागि कोषेढुङ्गा नै सावित भयो।

सन् २००५ को राजाको सत्तापलट पछि ६ महिनाकालागि रेडियोमा समाचार र समाचार दिने कार्यक्रम माथि रोक लगाईदियो। एफ.एम. समचार र सुचना दिने तिर उन्मुख भएको वेलामा राजाको यो कदमले ७० प्रतिशत निरक्षर, गरिव, दुर्गम ठाँऊमा वस्नेहरु सूचनाको पहुचबाट टाढा रहे। नेपालको समाचार पाउने एकमात्र विविसि नेपालका लागि सट वेभ रेडियो किन्नेको लाईनबाट नै यो कुरा प्रस्ट्र हुन्छ कि समाचार र सूचनाकालागि मानिसको चाहना सहजै अनुमान गर्न सकिन्थ्यो।

काठमाडौ पोष्टका तत्कालिन सम्पादक प्रतिक प्रधानका

2 सन् २०१० सेप्टेम्बर को रेडियो स्टेशन सुचना http//www:nepalradio.org/p2information.htm मा हेर्न सकिन्छ।

अनुसार यदि यो नियन्त्रण भइरहेको भए पत्रकारको एक समुहले भारतको सिमावर्ति क्षेत्रबाट रेडियो प्रसारणको लागि सञ्जालको विकास भारतका शहरहरुबाट गरिएको थियो।

स्वतन्त्र समाचारबाट मानिसलाई वञ्चित गराउनुवाहेक धेरै रेडियो स्टेसनहरुले समाचार मुलक कार्यक्रमहरुको अभावमा आयोजक नपाएकै कारण वन्द हुन पुगे। करिब १००० पत्रकारहरुले जागिर छाडनु पर्‍यो।

राजाको सत्तापलतको अन्यौल र आपतकालिन घोषणाका कारण सवै पत्रकार र संचार संस्थाहरु रेडियो स्टेसन बन्द र हस्तक्षेपका विरुद्ध आउन थाले। यस्ता संघ संस्थाहरुमा सामुदायिक रेडियो प्रसारण नेपाल, सामुदायिक रेडियोको छाता संगठन नेपाल प्रसारण संघ, काठमाडौ उपत्यका एफ.एम. प्रसारण फोरम, स्वतन्त्र रेडियो वचाऊ अभियान, रेडियो पत्रकारले विपक्षका विरुद्धमा अभियान संचालन गरे।

प्रजातन्त्रको आन्दोलाका लागि रेडियो आन्दोलन पनि अग्रस्थानमा स्थापित भै सकेको थियो। विरोध स्वरुप जनचेतनाका लागि सिर्जनात्मक तरिकाले जस्तै रेडियोको मृत्यु दर्शाउने र अन्तिम मलामि गित गाने तारको माध्यमबाट माईकमा समाचार पढेर सुनाउदै गल्लि गल्लिमा हिडियो। यो रेडियो पत्रकारहरुले गरेको सिर्जनात्मक प्रतिरोध र विरोध प्रजातन्तप्रमीको लागि प्रभावित पार्ने दृश्य थियो।

रेडियोको प्रभुत्वले देशको ठुलो क्षेत्र ओगटेको छ। हालसालै गरिएको सर्वेक्षण अनुसार ग्रामिण भेगमा रेयिो प्रतिको झुकाव टेलिभिजन भन्दा २:१[3] गुणा वढि छ। रेडियोप्रतिको लोकप्रियता रेडियो स्टेसनको वृद्धिबाट मात्र नदेखिकन रेडियोको टावर विस्तार र टावर क्षमतामा भएको विकासबाट पनि अनुमान गर्न सकिन्छ। विज्ञापनका लागि रेडियो स्टेसन विच कडा प्रतिष्पर्धा छ। भुपरिवेष्ठित अर्थतन्त्र, १२ वर्षे विद्रोह र राजनैतिक अस्थिरता डरलाग्दो प्रतिष्पर्धाका कारण अयोग्य व्यक्तित्वको संचार जगतमा हुने प्रवेश चासोको कुरा भएको छ। सन् २००८ मा विस्तार गरिएको रेडियो प्रसारण नियमावली र संचालन सहयोगी पुस्तकलाई आत्मसात[4] गर्नु जरुरी छ।

## अन्तराष्ट्रिय एकता

शान्ति प्रक्रियाको लागि अन्तराष्ट्रि नियोकहरु जस्तै सयुक्त राष्ट्रसंघको वन्दि गृहको सर्वेक्षणले उल्लेख्य भूमिका निवार्ह गरेको छ। यस्ता आधिकारीक संलग्नता वाहेक अन्तराष्ट्रिय एकताले गर्दा मानव अधिकार र प्रेस स्वतन्त्रता उल्लंघनका लागि महत्वपुर्ण भूमिका निर्वाह गर्‍यो। राजाबाट सत्तापलट भएपछि पाँचबटा अन्तराष्ट्रिय प्रस स्वतन्त्र नियोगको भ्रमण नेपाली पत्रकारिताको एकतामाथि र सत्तासासनको दवावका लागि भएका थिए। अन्तराष्ट्रिय पत्रकार महासंघको उक्त हस्तक्षेपका कारण दक्षिण एसियाको प्रेस एकता संजालसंग सम्वन्ध स्थापना भएको थियो। जसको फलस्वरुप देश वाहिरका पत्रकारहरुको एकताका कारण सत्ताशासनको हस्तक्षेपलाई मिलेर सामान गर्न सक्ने तिर उन्मुख थियो।

द्वन्द्वका कारणले वा डरका कारणले विस्थापित पत्रकारले अन्तराष्ट्रिय र क्षेत्रिय प्रेस संजालका कारण अव भारतमा शरणार्थीका रुपमा बस्न पाउने व्यवस्था गरिदियो। नेपालको राजनिति प्रति भारतले खेलेको भूमिका उल्लेखनिय थियो। दक्षिण एसियाका प्रभावशालि व्यक्तित्वहरुबाट समर्थन प्राप्त भएको थियो जसमा भारतका पुर्व प्रधानमन्त्री आई.के. जगुराल बरिष्ठ लेखक र पूर्व सांसद कुलदिप नारायण, पाकिस्तानका मानव अधिकार नियोकका अध्यक्ष अस्मा जाहाँगिर पाकिस्तान दैनिक टाईम्सका सम्पादक नजम सेटीको प्रतिवेदनले नेपालको प्रजातन्त्रको पुनस्थापना र प्रेस स्वतन्त्रता माथि जोड दिएका थिए। राजाका सत्तापलटपछि नजरबन्दमा रहेका नेपाल पत्रकार महासंघका महासचिव विष्णु निष्ठुरीका अनुसार नेपाल पत्रकार महासंघका लागि अन्तराष्ट्रिय सन्जाल गहना सावित भयो जुन शाहिकालमा सहयोगी वन्न पुग्यो।

पहिलो अन्तराष्ट्रिय हस्तक्षेप अन्तराष्ट्रिय पत्रकार महासंघका अध्यक्ष किस्टोफर वारेनद्धारा शाहि कदमको एक हप्ता पछाडी भएको थियो। अन्तराष्ट्रिय प्रेस सहयोग कोपनहेगनले सहयोग गरेको थियो केहि महिना सम्म पनि परिस्थिती अनुकुल नभएपछि १२ बटा संस्थाको[5] एकेवद्धतामा अर्को प्रेस स्वतन्त्रता अभियान नेपालमा सन् २००५ जुलाईमा अगाडी सार्‍यो। यस्तै अभियान सन् २००६ को मार्च र सेप्टेम्वर ,सन् २००८ को जनवरी र अप्रिल र सन् २००९ को फेरवरीमा पनि गरियो। यो स्वतन्त्रता अभियानको मुख्य उद्धेश्य नेपाली प्रेसलाई सघाउदै र वलियो पार्दै वाक स्वतन्त्रता र प्रस अधिकारलाई जोड दिनु नै थियो। यसका लागि सवै संस्थाहरुले एउटै आवाजमा उद्धेशय प्राप्तिका लागि वोल्नु पर्ने आवश्यकता थियो।[6]

यो अत्यन्तै पृथकीकरणको अवस्थामा प्रमुख कार्य भनेको पत्रकारहरुको उद्धेश्य र मनोवललाई वढाउनु थियो र साथसाथै उनिहरुको प्रजातन्त्र र प्रेस स्वतन्त्रताको मागलाई पनि वैधानिकता दिनु थियो।

नेपालको प्रजातन्त्र प्राप्तिका लागि गरिएको आन्दोलनलाई अन्तराष्ट्रियकरण गरिनु जरुरी थियो किनकी पाश्चात्य देशहरुले अझैपनि राजाको पक्षधर देखिन्थे किनकि उनिहरुको अनुसार माओवादी अत्याचारलाई रक्षा गर्ने राजा मात्र थियो।

3 सन् २००६ र २००७ को ब्रोडकास्ट अडियन्स सर्भे http//www.nepalradio.org/P3 audience report.htm मा हेर्न सकिन्छ। जुन सेप्टेम्वर १६,२०१० मा प्रवाह भयो।

4 रेडियो ब्रोर्डकास्टरको code of conduct ७ operational Guidelines २००८ at http//www.nepalradio.org/P2coc.htm मा प्राप्त गर्न सकिन्छ।

5 Article ixi, पत्रकार सुरक्षा समिति, अन्तराष्ट्रिय पत्रकार संघ, अन्तराष्ट्रिय मिडिया सपोर्ट, अन्तराष्ट्रिय प्रेस संघ, भारतीय प्रेस संघ, Reporters sans frontiers, दक्षिण एसियाली स्वतन्त्र प्रेस संघ, UNESCO, WORLD Association of Community Radio Broadcasters, World Association of newspapers, world press freedom committee.

6 भट्टराई, विनोद, २००८, यात्रा 'प्रेस स्वतन्त्रता' अन्तराष्ट्रिय प्रेस स्वतन्त्रता र नेपालको लागि प्रेस स्वतन्त्रता (२००५-२००८ सन्)

## भारतको हस्तक्षेप

भारतको डाइरेक्टोरेर अफ रेभन्यू इन्टेलिजेन्स *DRI* ले दक्षिण कोरिया र क्यानडाबाट आयात गरिएको १००० टन कागज काठमाडौ आउदैगर्दा सन् २०१० मे २७ मा जफत गरिदियो। ३९ वटा कन्टेनरमा राखिएको कागज सुर क्षाको कारण देखाई भारतै रोकियो। नेपाली र अंग्रेजी पत्रिकाको प्रकासक कान्तिपुर ग्रुपको सामान एक महिना भन्दा वढि को लकतामा जफत गरयो यद्यपी प्रकासकसंग काठमाडौ स्थित भारतिय राजदुतावाससंग वार्ता भईरहेको थियो।

व्यापार र पारवहन सम्झौता अनुसार नेपालले भारतिय भूमि हुदै कुनै अवरोध विना आयात वा नियती गर्न पाउने अधिकार छ। वन्द कन्टेनरहरु सिधै नेपालको सुख्खा वन्दर गाहामा आउन दिनुपर्ने थियो। काठमाडौ स्थित भारतिय राजदुतावास र भारतको परराष्ट्र मन्त्रालयको अनुसार यो घटना कुनै वदनियतपुर्व नभएको जनायो, अव के कुरा स्पष्ट भयो भने भारतको राष्ट्रियता विपरित कान्तिपुरको समाचार का कारण देखाईएको क्रोधको परिणाम थियो।

कान्तिपुरमा प्रकाशित भारतको आसाम मेघालय क्षे त्रमा एकजना नेपाली वक्तामाथिको आक्रमणको समाचार र कोशिको वाधको कारण नेपाली गाँऊ डुवानमा पर्ने खतरा युक्त समाचार सम्प्रेषण गरेको कुराले भारतिय दुतावासको आक्रोशको नतिजा हो भन्ने विश्वास गरिन्छ । यस्तै कान्तिपुर दैनिकको सम्पादकीयमा उल्लेख माधव कुमार ने पालको सरकार पछाडी भारतको हात भएको समचार र भारतमा आफ्नै देशको माओवादी समस्याको बारेमा आएका वारम्वार लेखका कारण भारतलाई आक्रोशित वनाएको हुनुपर्छ। जव वार्ताबाट यो समस्या समाधान भएन तव कान्तिपुरले प्रेस स्वतन्त्र संस्थाको ध्यानाकर्षणका लागि पहिलो पृष्ठमा समाचारमा भारतमा भएको कागज जफत भएको प्रकासित गर्ने तयारी गर्‍यो।

भारतिय राजदुतावासले त्यसको प्रतिउत्तरमा सो समचारको खण्डन गर्दै उक्त रुकावट भन्सारको जाँचवुझका लागि भएको र उक्त प्रकासित आरोपकारण केहि ढिलाई हुनसक्ने विज्ञप्ति प्रकाशित गर्‍यो। यो दवाव र समचार प्रकाशनको कारण २७ जुनमा पत्रिकाको काजगलाई छुटकारा दिइयो।

यस पश्चात धेरै विरोधहरु पत्रकार संगठनहरुले गरे, प्रेस संघसंस्था, नेपाल प्रेस काउन्सिलले भारतिय राजदुतावासले नेपाली प्रेसको स्वतन्त्रता, स्वाधिनतालाई भंग गर्न खोजेकोले निन्दा गर्‍यो। नेपाल पत्रकार महासंघले राजदुतावासको भनाई अयोग्य र असान्दर्भीक भएको टिप्पणी गर्‍यो र यो घटनाको विस्तृत अध्ययन गर्ने प्रतिवद्धता पनि जगायो। यसमा सहभागिता जनाउने अन्य संस्थाहरु टेलिभिजन वोर्डकास्टर्स नेपाल, नेपाल मिडिया सोसाईटी, वोंकाष्टिङ्ग एशोसियन अफ नेपाल र एशोसियन अफ कम्युनिटि रेडियो ब्रोडकास्टर्स हुन।

अन्तराष्ट्रिय पत्रकार महासंघले भारतको कान्तिपुर समहुका काजग जफत गर्ने नीति छोडन निर्देशन दिएको थियो र नेपालमा प्रेस आवद्ध संस्थाहरुलाई संगठनात्मक रुपमा नेपालको प्रेसलाई मुल्य र मान्यतामा रहेर एउटा उदाहरण निर्माण गरी सोहीको मार्ग निर्देशनमा चल्न सुझाव दियो।

पहिला ३ अभियानहरु मुख्यतय गम्भीर धम्की प्रति लक्षित थिए। सन् २००८ जेनवरीको अभियान पूनमूल्याङ्कन गर्ने प्रयास थियो र साथसाथै दिर्घकालिन प्रेस विकासका लागि लक्षित थियो। सन् २००८ अप्रिलको अभियान प्रेस अधिकारको संर क्षण र अवलोकन संविधान सभाको निवाचनमा गर्ने। सन् २०० ९ फेवरुरीको अभियान भने प्रेस प्रतिको अत्याचारको विरुद्धमा लक्षित थियो। प्रतिवेदनले दिएको निष्कर्ष अनुसार “अन्तराष्ट्रिय प्रेस अभियानले राज्यपक्षलाई तत्काल विश्वस्त पार्न नसके तापनि, प्रभावकारी रुपमा राज्यमाथि दवाब सृजना गरेको छ र ठूला हुनसक्ने घटनालाई नियन्त्रण गरेको छ।[7]”

### दण्डहीनताः

दशक लामो विद्रोहका कारण धेरै मानव अधिकार हननहरु भए। यस्तो मानव अधिकार हनन भित्र यातना, बेपत्ता तथा मारकाट पर्दछन्। मानव अधिकार हनन हुनुमा तत्कालीन शाही नेपाली सेना र माओवादी विद्रोही सेना जिम्मेवार छन्। धेरै पत्रकारहरुको हत्या यातना र वेपत्ता भएका थिए। युद्धको औपचारीक अन्त्य भएतापनि र शान्ति सम्झौतामा हस्ताक्षर भएपनि हिंसात्मक घटनाको तुरुन्तै अन्तय भएन। सन् २००९ मा युद्धकाल पश्चात पनि पत्रकार उमा सिंहको हत्या भयो। बाराका एभेन्यूज टि.भी.का पत्रकार विरेन्द्र शाहको लास सन् २००७ नोभेम्बरमा भेटियो र उनको अपहरण सन् २००७ अक्टोवरमा भएको थियो। अपराधीलाई अहिलेसम्म न्यायलायसम्म ल्याउन बाँकी नै छ।

युद्धकालको बेला वा युद्धपश्चात दण्डहीनताको संस्कृतिको कारण प्रेस र पत्रकार माथिको आक्रमण तिव्र भएर गयो। प्रेस स्वतन्त्रता र मानव अधिकार संघ संस्थाहरुका लागि दण्डहिनताको अन्त्य हुन प्रमुख विषय वस्तु हो। निरन्तर एकीकृतको प्रयास पछि नेपाल पत्रकार महासंघले राज्यलाई दिएको दवावका कारण द्वन्द पिडितको राहतको लागि कोषको

7 IBID

स्थापना गऱ्यो। अर्को खुड्कीला चाँहि के थियो भने जिल्लामा दण्डहिनताको स्थिति जाँचबुझ गर्ने पद्धतीको विकास गर्ने र यो कार्य राष्ट्रिय मानव अधिकार आयोग संग मिलेर गर्ने।

वर्तमान नेपाल पत्रकार महासंघका अध्यक्ष धर्मेन्द्र झा को अनुभवमा भौतिक सुरक्षाको कमीका कारण पत्रकारिता प्रति सम्मान गरेको छ जस्काकारण ज्यान जोखिममा पर्ने सम्भावना बढी छ। उनका अनुसार “न्याय खोज्ने तर्कसंगत संस्कृतिको विकास हुनु पर्छ, मुद्दाहरु अगाडि सारिनुपर्छ र समाधान हुनु पर्दछ” उनी थप्दै भन्छन् “हामीहरुले प्रभावशाली व्यक्तिको जमात जस्तै वकिल साथीहरु बनाइ छिटो भन्दा छिटो अपराधीलाई निष्कृय पार्नुपर्छ। जबसम्म निकम्मा न्यायप्रणाली मानव अधिकार हननमा घटना प्रति नयाँ योजना बनाइ अगाडि सर्दैन तबसम्म दण्डहीनताको अन्त्य हुँदैन।”

तत्पश्चात एउटा पनि यस्तो उदाहरण प्रस्तुत गर्न सकिँदैन जस्मा सम्वन्धित निकाय गम्भीर भएको होस्। जे.पी. जोशीको सन्दर्भमा जो धनगढीका सम्पादक हुन्। उनी माओवादी पक्षधर जनदिशाका सम्पादकलाई सन् २००८ अक्टोवर ८ मा वेपत्ता पारियो र उनका अवशेष सन् २००८ नोभेम्बर २८ मा फेला पारियो। नेपाल पत्रकार सहासंघका केन्द्रिय सदस्य रामजी दाहालको अध्यक्षतामा एक जाँचबुझ आयोग गठन गरियो। सो जाँचबुझमा ३० लाख नेपाली रुपैंया खर्च भएतापनि हालसम्म त्यसको प्रतिवेदन सार्वजनिक गरिएका छैन।

त्यस्तै वीरेन्द्र शाहको अपहरण र हत्याको विषयमा दोषीमाथी कार्वाहीको लागि मुद्दा दायर नगर्नुले हत्यारालाई छुट र पुरस्कृत गरेकै जस्तो देखिन्छ। एकीकृत माओवादीले आफ्ना कार्यकर्ताले शाहको हत्या गरेको कुरा स्वीकार गरि सकेको छ। पार्टीले व्यक्तिवादी चरित्र भएका र अराजक प्रवृर्तिका तल्लो स्तरका पार्टी कार्यकर्ताले यो घटना घटायको स्वीकारेको छ र अहिले पनि मानव अधिकार उच्च आयोग *(OHCHR)* ले नोभेम्वर २००९ को विज्ञप्तीमा भनिएको छ। बारम्वारको आग्रह पश्चात माओवादीका अनुसार लाल ब. चौधरी र कुन्दन पाउजदरलाई चार मध्येका २ अभीयुक्त ठहर गरेको छ यी दुई सचिव स्तरीय पदमा वाराको जिल्ला कमिटीमा थिए।

## जनआन्दोलन २ र वर्तमान चुनौतीहरु

सन् २००६ को दोस्रो जनआन्दोलनले शाही कदमलाई उल्टाइ दियो र संसद पुनःस्थापना भयो। शान्ति, प्रजातन्त्र, संङ्घीयता, समोशीकरण र जनजातीको प्रतिनिधित्वका प्रमुख मुद्दा यस आन्दोलनमा परिवर्तनका लागि सहजै देख्न सकिन्थ्यो। नेपाल पत्रकार महासंघ पनि नयाँ प्रतिनिधीत्वका लागि हतारिएको कारण विधानलाई सच्यायर दलित, जनजाती र महिलाको समावेशीकरणमा जोड दियो। यो परिपाटीलाई सर्वधारणका विभिन्न प्रश्नहरु बटुल्न सफल भयो। केहि आलोचकहरुको अनुसार यस्तो पेशागत संघसंस्था माथि जनजातीको उत्थानको लागि योग्य पेशाकर्मीलाई पाखा लगाउने काम उपयुक्त नभएको ठहर गरेका थिए।

सन् २००७ अप्रिलमा भएको संविधान सभाको निर्वाचनले पहिलेका निद्रोहीलाई एउटा ठूलो पार्टीका रुपमा अगाडि ल्यायो र मिलिजुली सरकार बनाउने मौका दियो। नेपाललाई ठूलो आशाका साथ गणतन्त्र घोषणा गरियो र जनजातिका आधारमा संङ्घीयतामा देशलाई विभाजन गर्ने, लडाकुलाई सुरक्षा अंगमा समायोजन गर्ने कुराले सन् २००९ मे माओवादीले सरकारबाट राजीनामा दियो।

हालसालैको नेपाल एकीकृत माक्सवाद लेनीनवादको नेतृत्वमा बनेको कम्यूनिष्ट पार्टीको सरकार आन्तरिक द्वन्द र अन्योलका विच रहन पुग्यो। नयाँ संविधान बनाउने कुरा टुङ्गोमा नपुग्दै जनजातिको संघीयताको मागले राजनितिलाई अन्योल बनाइदियो। आर्थिक बन्दीका बिच तराइमा गैरकानूनी रुपमा आतंक, धम्कीका कारण न्यूनतम प्रजातान्त्रिक स्वतन्त्रताको हनन भएको अवस्था छ। अहिलेको राजनैतिक संक्रमण कालका कारण प्रेसपनि विभिन्न पार्टीगत खेमामा विभाजित छन्। दुर्गम जिल्लामा काम गरिरहेका र तराईमा पत्रकारहरुले सुरक्षाको प्रत्याभूमि गर्न पाएका छैनन्। राज्य निर्माण र शान्ति सुरक्षा कायम गर्नुपर्छ भने प्रेसको भूमिका अहिले ओझेलमा परेको अवस्था छ र दण्डहीनताको अन्त्य नभएसम्म पत्रकारिताको लागि ठूलै चुनौती नै सामना गर्नु पर्दछ।

पत्रकारिता कानून, सुसुचित हुने कानून सन् २००७ जस्ता कानूनी विद्यान भित्र पत्रकारीता हुँदाहुँदै पनि यसको उपयोगीता नहुनाले पत्रकारिता ओझेलमा पर्न गयो। अन्तरिक संविधानले अभिव्यक्ति गर्ने स्वतन्त्रता प्रदान गरेता पनि अझ कानूनी रुपमा यो कुरालाई स्पष्ट पार्नुपर्छ। त्यसै गरी एकीकृत हुनका कारण न्यूनतम पारिश्रमीक ढुंङ्गोमा पुग्यो त्यसैगरी पोषाकको कार्यान्वयनका लागि पनि कमिटी र पत्रकार मार्फत हुन बाँकी छ। शाही सरकारको बेला प्रजातन्त्र पुनः स्थापनाका लागि सम्पादक, पत्रकार, मालिक, संचालक सबै एक भइ लागेका थिए। जब शान्ति सम्झौता भयो समस्याहरु चलिदै गयो व्यवस्थापन पक्ष र संचारकर्मी बिच असमझदारीको खाडल झन गहिरीदै गयो। सेवा सुविधा जागिरको सुरक्षा, विमा जस्ता कुरा ओझेलमा पर्न थाले। विद्रोह पछिको समयले पनि प्रेस माथि प्रभाव पारेको छ जस्का कारण कम तलब र असुरक्षित काम गर्ने परिस्थिती यस्का उपज हुन्।

दोस्रो जन आन्दोलन पश्चात नयाँ पद्धति अनुसार पत्रकारीतालाई पुनःनिमार्ण गर्न जरुरी छ। नेपाल पत्रकार महासंघका अध्यक्ष गोविन्द आचार्यमा अनुसार “हामीहरु सडक आन्दोलन गर्न तयार छौं र एकैदिनमा हजारौं पत्रकारहरु सडकमा आन्दोलनका लागि उभ्याउन सक्छौं र त्यो सरकारको दवाबमा लागि प्रसस्त हुन्छ यद्यपी हामी दीर्घकालिन रुपमा समस्या समाधान गर्न चाहन्छौं।” शान्ति सम्झौता पछि प्रशस्त ध्यानाकर्षण नपाएको विषय वस्तु भनेको राज्यको अधिनमा रहे

का प्रेस भिडियो जस्तै गोरखापत्र र राइजिङ नेपाल विधुतिय प्रेस रेडियो नेपाल र नेपाल टेलिभिजन र साथसाथै राष्ट्रिय समाचार समिति अव जनताको सेवामा समर्पित भएका छन् र यो परिस्थितीको सृजना अहिलेको राजनैतिक अवस्थाको परिणाम हो। राजनिति भित्र निहीत अपराध अहिलेको प्रेस स्वतन्त्रताको प्रमुख चुनौतीको रुपमा अगाडि आएको छ। अहिले बढ्दो व्यापारिक तथा व्यवसायिक विज्ञापनको प्रतिस्पर्धाका कारण पनि स्वतन्त्र प्रेस माथि असर गरेको छ। संविधान लेखन कार्य नहुंदासम्म प्रजातान्त्रिक परिपाटीले नेपालमा प्रेस समुदायलाई बचाई राख्ने छ।

## पाकिस्तान

आधा इतिहास सैनिक आधिनायकवादबाट गुज्रिएको देश जहाँ बलियो संचार तर कमजोर प्रजातान्त्रिक संस्थाहरु भएको पाकिस्तानमा पत्रकारीताले झेल्नु परेका कैयौ खतराहरु उदाहरणहरु पाइन्छन्। यसभन्दा बढि संचारले र पत्रकारहरुले यस देशको इतिहासको प्रारम्भदेखि नै प्रजातन्त्र र उत्तरदायीपनको लागि सधैं अग्र पंक्तिमा रहेर संघर्ष गरेको छ। पत्रकारहरुको भनाई छ पाकिस्तानमा पत्रकारहरु र सैनिकहरुलाई कहिल्यै पद्धि धकेल्न सकिएन तथापि एकतन्त्रिय शासन व्यवस्थाको समय क्रममा शक्ति सन्तुलनको कमि हुँदा पत्रकारहरु केहि कमजोर भने पाइए।

### द्वन्द्व सम्बन्धमा लेखन, दण्डहिनता सम्बन्धमा अलेखन

वरिष्ठ पत्रकार तथा पाकिस्तानी पत्रकारको संघीय महासंघका पूर्व महासचिव मजहर अब्बासको शब्दमा पाकिस्तानको सम्पुर्ण भूभाग द्वन्द्वग्रस्त छ। उनी भन्छन् संचार गृहहरुले आफ्नो कर्मचारीको सुरक्षा सुनिश्चित गर्न पर्याप्त काम गरेका छैनन्। उनको विचारमा सेवाको सुरक्षा पुर्णरुपले कमी छ। विभा र सुरक्षा सम्बन्धि प्रशिक्षण प्रदान गरिएको छैन र सुरक्षा सम्बन्धि आवश्यक सरसमान उपलब्ध छैन। त्यससँगै संघीय प्रशासित जातिय क्षेत्रहरु जस्तो बलोचिस्तान र उत्तर पश्चिम प्रान्त जुन अति द्वन्द्वग्रस्त क्षेत्रहरु हुन् मा पत्रकाररु जोखिम मोलेर काम गर्छन्।

सैनिक शासनमा सैनिकहरुको भुमिका सम्बन्धका लेखहरु र आलोचनाहरु पुर्ण रुपमा निरोध थिए। अमेरिकाको आलोचना सैनिक कार्वाही ताका जुन २००१ मा शुरु भयो र २००७ मा चरम विन्दुमा पुग्यो। सरकारको लागि अफठ्यारो विषयवस्तु भएको थियो। परभेज मुसरफको शासनबाट पर्दापण पछि, संचार परिदृश्य परिवर्तन भयो। सैनिकले दैनिक राज्यका कार्यमा कम चासो र भुमिका निभायो, अमेरिकाको भुमिका पनि सामान्य रह्यो र यसका क्रियाकलापहरु आम संचारमा आउन थाले। २०१० अप्रिलमा वि.वि.सि. ले गरेको खोजमा २८ देशका जनताले अमेरिकाको विश्वमा भइरहेको भुमिका सुधार भएको जनाए भने पाकिस्तानी र टर्किसहरुले चाँहि अमेरिका भुमिका अझ नराम्रो भएको बताए।



पाकिस्तानको अन्तराष्ट्रिय प्रेस स्वतन्त्रताको बाटोले स्थानीय स्तर र अन्तराष्ट्रिय स्तरको समेत सम्बन्ध स्थापित गर्न सहयोग पुऱ्यायो।



पाकिस्तानमा महिला पत्रकारको युनियनमा संगठित हुने काम वृद्धि भयो। त्यो नै ठूलो संघर्षको फल थियो।

पेशाावर दैनिक समयको कार्यलय प्रमुख र सिमाविहिन सम्बाददाताको प्रतिनिधि इकवाल खट्टक भन्छन् २००१ को सेप्टेम्बर ११ पछि स्थानीय टेलिभिजनले विश्वको ध्यान आकृष्ट गर्न सकेनन् किनकी यिनले पाकिस्तानकै जनजाती क्षेत्रलाई प्रमुख समाचारको माध्यम बनाए। पत्रकारहरु विना प्रशिक्षण काममा जान्थे। धेरै पत्रकारहरुले आफ्नो कर्तव्यमा लाग्दा ज्यान गुमाए र गुमाउँदैछन्। जुभ जस्तो प्रविधि जसले टाढाबाटै घटनालाई खिँच्न सक्छ र उपलब्ध भइदिएको भए धेरैको ज्यान बचाउन सकिन्थ्यो। पत्रकारहरु धेरैजसो आदीवासी जनजाती बस्ने क्षेत्रमा असुरक्षित छन्। जहाँ उनीहरुले लडाकु र योद्धासँग मुकाविला मात्र गनुएपर्दैन। पारिश्रमीक र काम गर्ने पनि सुर क्षा हुदैन। संकटको समयमा सन् २००९ को स्वाट भ्यालीको सैनिक कार्वाहीमा पि.एफ.यु.ज. सँग सम्बन्धन प्राप्त पत्रकारहरुको खिवेर युनियनले द्वन्द्वग्रस्त क्षेत्रमा पुगेर त्यहाँ पत्रकारहरुलाई जनताको सुचना पाउने हक सुरक्षित राख्न सहयोग गरेको थियो।

२००८ को फेब्रुअरी देखी २०१० मे महिना सम्म संचार मा काम गर्ने पत्रकारहरुको दुवै पक्ष बिचको युद्धमा मरेका बाहेक नौ जना पत्रकारलाई सुनियोजित ढंगमा मारियो जुन पि.एफ.यू. जे. का अनुसार धुलाम रसुल विरहमानी, डेली सिन्धु, वाही फइज अहमद फुइज लाई सुरक्षा कानुन मुताविक बन्धन बनाइयो। न्यायलयको हस्तक्षेपपछि उनीहरुलाई पाँच महिनापछि मुक्त गरियो। तर स्वतन्त्र संचारलाई नियन्त्रण र काटछाँट गर्न एउटा सल्लाहकार संस्था स्थापना गरियो। एक कदम अगाडी बढेर अयुब खानले पि.पि. एल. पत्रिका चलाए जहिले उनीहरुले शासन व्यवस्थाको समर्थन गरेका थिएनन्। जब व्यवस्थापनले कर्मचारी दमन गर्दथ्यो। पि.एफ.यु.जे.ले त्यसमाथि विरोध जनाउँथ्यो।

जहिले राष्ट्रिय संचार संस्था र राष्ट्रिय प्रकाशन लिमिटेड जस्ता संस्थाहरु प्रेसमाथि अझ निगरानी राख्न स्थापना भए। पि.एफ.यू.जे. ले विरोधको कार्यक्रम शुरु गऱ्यो र भन्यो। स्वतन्त्र संचार माथिको रोकावटको कारणले आइपर्ने विपदप्रति स्वयं सरकार जिम्मेवार हुनुपर्दछ। खास पत्रिकाको विरोधको शैली आफ्नै थियो। प्रेस इन चेन्सका लेखक जमिर नियानी ले ख्छन्-सन् १९६३ सेप्टेम्बरमा चारका दिन, विहानी ९म्बधल० एउटा प्रेस नोट प्रकाशित गऱ्यो। जुन चाँहि यस प्रकार छ। प्रेस इन्फोरमेसन डिपोर्टमेन्ट अभ पाकिस्तान रावलपिण्डीः फोन नं ६२२७६ः कराची २६७४ डका ३०५०, हयान्डवाउट इ.नं १२२१ त्यसपछि यसले मुख्य मुख्य समाचार दियो। पानाको सबभन्दा माथि। त्यो समाचार टापिस्टको नाम समय र मिति साथ अन्त्य

पत्रकारलाई सरकार र सैनिकबाट हर्वेन हतियारधारी समुहहरुबाट धम्किहरु बढेका छन्। लाहोरको साना टेलिभिजन प्रमुख हाबिब अकमका शब्दमा तालिवानहरु छाँया हुन् व्यक्तिहरु हर्वेन इमेलहरु गलत ठेगानाबाट पठाइन्छन् र अज्ञात नम्बरबाट फोन आउँछन्। तर पत्रकारहरु यी धम्कीहरुलाई गम्भिर रुपमा लिदैनन्।

पाकिस्तानमा युद्धरत क्षेत्रमा पत्रकारहरु सामान्यतया काम गर्दैनन् तर यहाँ सैनिकहरुले नयाँ ठाउँ कब्जा गर्छन त्यहाँ पत्रकारलाई लगिन्छ जस्तो स्वाट उपत्यका। पत्रकारको पहुँचको अभावका कारणले सम्पुर्ण कुराहरुलाई लेख्न सकिदैन। यस्तो अवस्थामा वरिष्ठ पत्रकार मुहद हसन भन्छन्-पत्रकारले सन्तुलित रुपमा मात्र सुचना प्रवाह गर्छन्। उनका अनुसार एक वर्ष पहिले सम्म संचार माध्यमहरु तालिवान समर्थक र उसका विरोधि भने दुई धारको भ्रम वा अस्पस्टता थियो। तर सन् २००९ को मार्च अप्रिलको स्वाट माथि सैनिक कार्वाही पछि संचार प्रतिको माथि व्यक्त धारणामा ठुलो परिवर्तन भयो। जब तालिवान बुनरको नजिक अर्थात इस्लामावादबाट ६० कि.भी मात्र टाढा आए। यसले संचारलाई धक्का दियो। साथै महिलालाई सार्वजनिक रुपमा पिट्ने कार्यको तस्बिरले सामान्य जनताको पवित्र योद्धा भन्ने तालिवान लडाकुहरु प्रतिको धारणा परिवर्तन ल्यायो।

जब स्पष्ट उपत्यकाका जनतालाई २००९ मा शिविरमा ल्याइयो। संचारलाई त्यहाँका बासिन्दासँग प्रत्यक्ष कुरा गर्ने अवसर मिल्यो। स्वाटबाट धेरै पत्रकारहरु लखेटिए र उनीहरु जिविकोपार्जनको लागि संघर्ष गर्दै थिए। पहिलो पल्ट मुख्य संचार माध्महरु स्वाट भ्यालीका जनताको दुःख दर्द प्रति सचेत हुन बाध्य भए । प्रत्यक्ष अनुभवका कारण लडाकु प्रतिको संचार को धारणा परिवर्तन भयो।

## संचाररमाथिको आक्रमण

पहिलो सैनिक शासक अयुब खान (१९५९-६८) को कार्यकालको शुरुबाटै र विशेषत: जिआउलको समयमा, पत्रकारहरुले पहिलो आघात वा प्रहारहरु खोज्न पऱ्यो। शाब्दिक रुपले सन् १९७७ मा जिआउलले सैनिक कानुन विरुद्ध आलोचक प्रगतिशिल संचारहरु जस्तो मुसावात र हुमत बन्द गराए। दैनिक टाइम्स र साप्ताहिक अल फताहार मेयार पनि बन्द गराए। सयौ काम विहिन भए। पत्रकारहरुको समुदाय जसलाई पि.एफ.यू.जे. र ए.पि.एन.ई.सी ले संगठित गरेका थिए। भावनात्मक रुपमा प्रतिरोधमा उत्रियो। भोक हड्ताल  जनप्रदर्शन बन्द र पक्राउदिने जस्ता कामहरु लगातार भए । त्यो विरोधको क्रममा ४ जना पत्रकार लाई २१ कोर्राको सजाय दिइयो। जुन राजनितिक बन्दिलाई दिइने नसोचिएको दण्ड थियो। मसुदुल्ला खानलाई उसको विकलांकका कारणले सजाय दिइएन् अरु तिन जनाले पिटाइ सहासका साथ मुकाविला गरे। तीन मध्ये खवार नयिम हस्मि एक थिए। नजिर जाइदी सजायबाट कम्तिपनि डराएनन्। हरेक कोर्रा जब उनको शरीरमा बर्षिन्थ्यो, उनी जिआउल विरुद्ध नारा लगाउँथे। जिआउलको पालामा अपराधिलाई जेलभन्दा बाहिर झुन्ड्याइन्थ्यो जुन पहिले पनि थिएन र पछि पनि भएन। त्यस्तै अरु बन्दीहरुसँगको मैत्री टुटाउन पत्रकारलाई अर्को बन्दीबाट कोर्रा हान्न लगाइयो।



कराँचीका डेली सनका २२ वर्षिय सम्बादाता इकवाल जाफ्रि ती कर्रा खाने मध्येका एक थिए। नव ए वकतमा जाफ्रीको ड्रिच्च गरे को फोटो सहित भनाइ राखेका छन्। जब आन्दोलन शुरु भयो। उनीहरुलाई सेतो बलर गरेका हामीहरु पक्राउ र जेलको फोहोरी वातावरणबाट आफ्नो काम प्रति विमुख हुन्छौ। तर जब त्यो भएन उनीहरुले कोर्रा प्रयोग गरेर विरोध गरिरहेका अरुलाई पनि तर्साउन चाहे। तर यसको उल्टो परिणाम आयो, विरोधले अझ गति लियो। पि.एफ.यू.जे.को तिब्र दबाबका कारण धेरै पत्रपत्रिकाहरु पुन शुरु भए। यो संचार मातृत्व को साहास र स्पसष्टवक्ताको नमुना थियो जसले निरङकुशतन्त्र विरुद्धको राजनितिक र नागरिक आन्दोलनलाई एकता र बलियो बन्न सहयोग गऱ्यो। त्यसैबेलादेखि प्रजातन्त्रको रक्षाप्रतिको आन्दोलनमा संचार जगत्को नेतृत्वदायी भूमिका रहिआएको छ, जुन चाँहि मूर्सरफको सैनिक शासनकालमा प्रत्यक्ष देखियो।

गरियो। यो विरोधको सामान्य तर अचम्मको र शक्तिशाली तरिका थियो जसले नयाँ कानुनको खिल्ली उडायो। विहानी *(DAWN)* ले सम्पुर्णताका नयाँ अध्यादेशलाई अंगिकार गरेको थियो। अध्यादेशको एउटा धारमा भनिएको थियो- प्रेश नोट्स र ध्याण्डस आउट कुनै परिवर्तन  नगरीकन (जस्ताको तस्तै) प्रकाशित गर्नुपर्दछ। पि.एफ.यु.जे.को विरोध कार्यक्रमपछि १९६३ को दस दिनको पुरानो प्रेश र प्रकाशन सम्बन्धि अध्यादेशलाई विलम्बन गरियो र त्यसको ठाउँमा कम निरोधात्मक कानुन ल्याइयो तर विरोध स्थगित भएन।

एकजना वरिष्ठ पत्रकार मिनाज बर्ना जसले लामो समयदेखि पाकिस्तानमा ट्रेड यूनियन संचालन गरेका थिए लेख्छन्-प्रेश स्वतन्त्रताको लागि पि.एफ.यु.जे.को संघर्षमा १९६८ को वर्ष उल्लेखनिय रह्यो। १९६८ वर्षभरी र १९६९ को शुरु एकदलिय सामन्ती व्यवस्था विरुद्धमा जनताको आन्दोलन बढेर गयो। हतोत्साही र चिन्तित अयुवले अझ दमनकारी नियमहरु ल्यायो। प्रेश माथिको अंकुस अझ कसियो। सरकारले डेली इटेफालाई १९२६ मा बन्द गरेपछि डाँकाको साप्ताहिक परवानी पनि बन्द गऱ्यो। साथै लाहोरको चेतावनी बन्द भयो। विना सुनुवाई पत्रकारहरुलाई बन्दी बनाइयो र सरकारी विज्ञापन दिइएका केही पत्रिकाहरुलाई नदिने भयो। बवाइ वकत, लाहोरको, इब्राट हैदरवादको पाकिस्तान अब्जर मा आजाद र संगबद डाकाको *(Dacca)* पि.एफ.यू.जेको संघिय कार्यकारीणीको बैठक सन् १९६८ को डिसेम्बर १५ देखि १७ सम्म बराचीमा बस्यो र यसले भन्यो-एफ.इ.सी लाई लाग्छ कि पत्रिका बन्द गर्ने कार्यले राष्ट्रिय संचारलाई आजसम्मकै सबभन्दा ठुलो नोक्सानी पुऱ्याएको छ। र पहिले भन्दा अब संचारको पुर्नस्थापना अझ बढी आवश्यक र अपरि हार्य भएको छ।

पूर्वी पाकिस्तानमा ठुलो उथलपुथल आयो। जसले स्वतन्त्रताको युद्ध शुरु भयो। जुन अन्तमा सन् १९७१ मा बंगलादेशको स्थापनामा परिणत भयो। अझपनि सरकारले हरेक कुरा नियन्त्रण भित्र थियो भन्ने युक्तिलाई मनन गर्दै प्रेश माथि निरन्तर नियन्त्रण गरियो।

सन् १९७१ को डिसेम्बर १७ मा युद्ध बिराम भयो र देश औपचारिक रुपमा विभाजित भयो। पाकिस्तानी फौजीको बंगलादेशी जनतामाथिको दमन उनीहरुको हारपछि विस्तारै संचार माध्यममा आउन थाले।

सैनिक शासन हटाएपछि पनि समस्याहरु रहिरहे। १९७० को दशक सम्म चारवटा संचारसँग सम्बन्धित संगठनहरु स्थापना भइसकेका थिए। पि.एफ.य



सन् २००९ मा मुसा खान खेलको हत्यको विरोधमा पेसावारमा पत्रकारहरुले आन्दोलन र हड्ताल गरे।

अफगान स्वतन्त्र लेख्ने पत्रकारको पेशावर मा लेख्थे, सम्साद टेलिभिजन, खिबेर एजेन्सी जम्दुर, अगष्ट २००९, भुसा खान खेल जिओ टेलिभिजन र न्युज स्वाट भ्यालिमा फेब्रुअ्स २००९, आमार बाकित अवामी इनकिवलान, कोहत, जनवरी २००९, अब्दुल रजाक जोरा, रोयल टेलिभिजन, पञ्जावमा, नोभेम्बर २००८, मोहोम्मद इब्राहिम, एक्सप्रेस टेलिभिजन र डेली एक्सप्रेस, खारमा बजोर जनजाती क्षेत्रमा मे २००८, खादिम हुसेन सेरब खब्रेइन, बलोचिस्तान, अप्रिल २०० र चिस्ति मुजाहिद, अकबर-ए-जेहान, कबेटा बालोचिस्तानमा, फेब्रुअरी २००८।

पासविक आक्रमणहरु पत्रकारहरुमाथि मात्र नभएर उनीहरुका परिवारजनमाथि पनि भए जस्तो २००६ नोभेम्बरमा बजरस्चानमा द्यत्रऋ को लागि सम्वादाता दिलावर खान वाजिरको भाई १६ वर्षिय ताइमुर खानको हत्या भयो। त्यस्तै सन् २००५ को डिसेम्बरमा उर्दु डेली अयुसाफका उत्तर वर्जिस्तान र नेशनका सम्वाददाता युरोपियन प्रेस फोटो एजेन्सीको फोटोग्राफर हायातुल्ला खानलाई वरिष्ठ अल काएदा सदस्य माजा खाइको विष्फोटमा परि मृत्यु भएको खबर सम्प्रेसित गरेकोमा पहिले अपहरण र पछि जुन २००६ मा हत्या भयो ।त्यसपछि उसको सानो भाइ र श्रीमतीको पनि हत्या गरियो।

खट्टाका अनुसार २००२ देखि मे २०१० बिचमा ३२ जना पत्रकारहरुको कामको शिलशिलामा रहँदा हत्या गरियो। उपयुक्त अनुसन्धान हायातुल्याको सुनवाइ अदालतमा गर्ने भन्दा अरुहरुको भएन। पि.एफ.यू.जे. को दबाब पछि मात्र हायतुल्लाको सुनुवाइ अदालतमा गएको हो। तथापी पेशावर उच्च न्यायलयको आदिवासी क्षेत्रका कुनै पनि न्या सम्पादन गर्ने संयन्त्र थिएन। मुसा खान खेलको हत्याको अनुसन्धानमा समिति एक पटक पनि छलफलमा बसेन। बाल स्ट्रिटका दक्षिण एसियाली व्युरो प्रमुख पत्रकार डानियल पर्ल जसको अपहरण र हत्या २००२ को फेब्रुअरीमा भएको थियो। त्यसको अनुसन्धान तिब्र भयो र २००२ जुलाईमा त्यस हत्याका अभियोग लागेका अहमद ओभार सइदलाई मृत्युदण्ड दिइयो। जुन अनुसन्धान मुर्सरफको प्रत्यक्ष निगरानीमा अमेरिकाको दबाबमा भएको छिटो निर्णय। पि.एफ.यू.जे.को पिडित परिवारजन र पत्रकारको सुरक्षा र क्षतिपुर्ति दिइनुपर्ने लगातारको दबाब स्वरुप आतंककारी समुहबाट परिवार जनमार्फत पत्रकारहरुलाई चुप लगाउने र लेखनमा रोकावट ल्याउने रणनिति निरन्त रह्यो। सरकारी निकायको अपराधीलाई न्यायको कट घसरमा उभ्याउन नसक्नु जस्तो असफलता सु-शासन र कानुन विहिनताको सुचक हो। हरेक संस्थामा उत्तरुदायित्वको

यु.जी १९५० मा अल पाकिस्तान न्युज पेपर इम्प्लोइज कनफिडिरेसन १९५६ अल पाकिस्तान न्युज एडिटर्स, १९५७ मा अल पाकिस्तान न्युजपेपर सोसाइटी *(APNS)* र काउन्शिल अफ पाकिस्तान न्युजपेपर एडिटर्स *(PNE)* ले सैनिक शासनसँग सहमति गरे। र पि.एफ.यु.जी. एएटा मात्र संस्था रह्यो जसले संचार स्वतन्त्रताको संघर्ष जारी राख्यो। संचार समालोचक प्रो.टउसिफ अहमदका अनुसार।

जुल्फीकर अलि भुट्टोको समापतित्वमा पूर्वी पाकिस्तान १९७१ मा छुट्टीए् गएपछि पत्रकारहरुले संघर्ष जारी राखे। भुहो र उसको पार्टीले आफुले गरेको पहिलेका प्रेश स्वतन्त्रता विरोधी अध्यादेशहरु हटाउने प्रतिवद्धतालाई सम्ममान गर्न सकेनन्। वरिष्ट पत्रकार र पि.एफ.यू.जे. सभापति सम्भन्छन्:- शासनमा आएकृ दुई महिना पछि नै सरकारले जसको एउटा मुख्य नारा थियो प्रजातन्त्र नै हाम्रो निति हे, दुईवटा साप्ताहिक र एउटा मासिक पत्रिका लाहोरमा बन्द गऱ्यो जुन पञ्जाव पञ्च, उर्दु डाइजेस्ट र जिन्दगी थिए। भुहो त्यसबेला सैनिक शासनको सभापति र मुख्य प्रशासन थिए। ति पत्रिकाका सम्पादकलाई जेलमात्र चलान गरिएन। दश वर्षसम्म कुनै पत्रिका सम्पादन गर्न बन्देज लगाइयो। उनीहरुलाई सामान्य कानुन अर्न्तगत सुनुवाइको मौका दिइएन। पि.एफ.यू.जे.ले सरकारी कार्यको निन्दा अनि पत्रिका माथिको बन्देश फुकाउन र सम्पादकहरुलाई जेलबाट मुक्त गर्न दबाब दियो। सम्पादक छुटे र पत्रिका माथिको बन्देज शुन्य गरियो। पञ्जाब युनियन अफ जर्नालिस्टका सभापति राई हुस्नइन ताहिर भन्छन्- प्रतिरोधको नयाँ तरिका, जिन्दगी हरेका हप्ता अर्कै नामबाट प्रकाशित गरिन थाल्यो।

पन्धी सिन्ध प्राप्त मे २०१०, आशिक अलि माङ्गी, मेहरान टेलिभिजन, फेब्रुअरि २०१०, जुनुल्ला हासिमजदा एउटा

## प्रेस क्लबः संचार समुदायको चौतारी

१ाको पत्रकारिताको इतिहासमा पाकिस्तानको प्रेस क्लबहरुले जहिलेपनि अग्रपंक्तिमा रहेर महत्वपुर्ण भुमिका निर्वाह गरेका छन्। महासंघको योद्धा जस्तो भुमिकामा सहयोग गरे। जब प्रायः पत्रकारहरुको संगठनहरु श्रोतहरुको अभाव महसुस गर्छन्। प्रेस क्लबहरुले उनीहरुलाई भेटघाट,छलफल र परिचालन गर्ने ठाउँ र अनुकुल वातावरण प्रदान गर्छन्। कराँचीमा सन् १९५८ मा स्थापित प्रेस क्लबनै देशको पहिलो क्लब हो। जब त्यसको उद्देश्य सामाजिक र सास्कृतिक ठाउँ प्रदान गर्नु, व्यवसायिक दक्षइाता वृद्धि गर्नु र भलाइको कार्यहरुलाई बढाउने, यो स्पष्ट कि किराँची प्रेश क्लब खास गरेर अन्य प्रेश क्लब जस्तै राजनितिक ठाउँहरुमा विकाश भयो। तिनीहरुले सैनिक कानुन भएको बेला जिवन्त भुमिका निभाएका थिए। जहिले सार्वजनिक स्थानहरुमा भेटभाट गर्न बन्देज लगाइएको थियो। प्रेस क्लबहरु राजनितिक भेटभाट गर्ने थलोहरु थिए। देशैभरी र खास गरेर कराँची र लाहोरले तुलनात्मक रुपमा अविवादित मंच संचारको राजनैतिक परिचालनको लागि प्रदान गरेका थिए। जुनबेला कठोर दमन थियो। सन् १९६७ मा जुल्फिकर अलि भुट्टोले कराँचीको ऐतिहासिक प्रेस क्लबबाट प्रजातन्त्रको पक्षमा आन्दोलन छोडे। वास्तवमा प्रेस क्लबमा सक्रिय हुन् भने महासंघमा सक्रिय हुने एउटा आवश्यक कदम थियो। स्थानीय महासंघलाई एउटा कोठा प्रदान गरिएको थियो र अहिले पत्रकारहरुको कराँची शाखाको भवन प्रेस क्लबै हाताभित्र बनाइएको छ।

यसभन्दा बढी तुलनात्मक रुपले फराकिलो आधारको सदस्यता जस्तो कविहरु लेखकहरु साहित्यकाहरु, प्रससँग सम्बन्धित र सम्बन्धित उद्योगसँग सम्बन्धित सदस्यहरुबाट प्रेस क्लबले संचारसँग सम्बन्धित एउटा जीवन्त समावेशीता प्रदान गरेको छ। प्रेस क्लबहरुले संचारमा प्रजातन्त्रको लागि आन्दोलनमा सक्रिय रुपले भाग लिने प्रगतिशिल राजनितिज्ञहरु र नागरिक समाजका संगठनहरुसँग सम्बन्ध कायम गर्न अवसर प्रदान गर्दथ्यो। यस्तो प्रजातान्त्रीक आन्दोलनसँग पहिचान भएको कराँची प्रेश क्लबकि सम्पदा भवन बाहिर असंख्य



कराचे प्रेस क्लवले प्रेस स्वतन्त्रताको लागि ऐतिहासिक संरचना प्राप्त गऱ्यो।

प्रर्दशनहरु, विरोध ऱ्यालीहरु, धर्ना गरिन्छन् जहाँ पत्रकारहरु न्यायको लागि तुरुन्तै जम्मा हुन्छन्। वास्तवमा पहिलेका धम्कीका बाबजुद सन् २००९ डिसेम्बरमा पेशावर प्रेस क्लब माथि भएको पहिलो आत्मघाती आक्रमण यस्ता संस्थाहरु कति शक्तिशाली हुन्छन् भन्ने जनताको सोचाइको एउटा यादगार घटना थियो।

केहि उदाहरणहरु यस्ता छन् जसमा प्रेस क्लबले आफ्ना सदस्यहरुलाई महासंघले प्रदान गरेका भन्दा बढी साधन र स्रोतहरु प्रदान गरेको छ। पेशावर प्रेस क्लबले आफ्ना सदस्यहरुलाई मोटोरसाइकल किन्न वित्तिय सहयोगको कार्यक्रम ल्यायो। त्यस क्लबले मोटरसाइकल किन्न एक अंशको भुक्तानी गरिदियो र जो सदस्यहरुले किन्न चाहेको छ त्यसको जमानी बस्थ्यो। क्लबका सम्पुर्ण सदस्यहरुले यो सुविधा पाउँथे- पाकिस्तानको एउटा महत्वपुर्ण योजना जहाँ पत्रकार, पुलिस र वकिलहरु सामान्यतया यो व्याडिकङ सुविधाकै अयोग्य ठहरिन्छन्। अर्को सफल योजना भनेको ल्यापटप किन्न दिने ऋण सुविधा हो। त्यस्तै आफ्ना सदस्यहरुलाई युनियनको भेलामा अर्को सहरमा जाँदा यातायातमा सहयोग गरेको छ। यस्ता व्यवहारिक सहयोगको शरुवातले पत्रकारलाई संस्थाप्रतिको सम्बन्ध गहिराउन सहयोग गर्दथ्यो। साथै यसले संचार समुदायभित्र एकता मजबुत पनि पार्दछ।

भावना वृद्धि गर्ने, संयन्त्र नबनाए सम्म पत्रकारहरुलाई चुप लगाउनेहरुलाई दण्ड दिन सकिदैन। यो तब पत्रकारहरुको ज्यान गएकोमा गरिने विलाप, प्रेश प्रतिको चेतावनी त्यो पनि प्रजातन्त्रमा उत्तरदायीत्वको लागि जहाँ सैनिक शासन वा कानुनमा जस्तो शत्रु पहिचार हुँदैनन्।

### पत्रकार महासंघ आफ्नो अधिकारको लागि लडेका ऐतिहासिक संघर्ष

प्रेसले उपनिवेश विरुद्धको संघर्षमा व्रिटिस राज विरुद्ध भारत र पाकिस्तानमा गौरवमय योगदान पुऱ्याएको छ। डन ९म्बधल० मनसुर जुन मोहम्मद अलि जिन्नाको स्थापना गरेका, नब-वक्त हमिद निजामीले शुर गरेका प्रगतिशिल पत्रिकाका प्रकाशन गर्ने संस्था जुन मियन इफितखारुहिनको मातहतमा जब

राष्ट्रमुक्तहरुबाटउपनिवेश विरुद्धको संघर्षमा पत्रकारीताको उच्चतम स्तरीयता प्रस्तुत गरे। प्रेसले ज्यादै सक्रिय र सचेत भुमिका देशमा निभायो। जहिले अन्य संस्थाहरु कमजोर थिए। शक्तिशाली राजनैतिक विपक्ष नरहेको अवस्थामा, उत्तरदायी संयन्त्रको संस्थागत नभएको बेला, नयाँ नयाँ बनेको देश र त्यस देशको शासन चलाउने दलको मनोमानी गर्ने प्रवृतिको समयमा संचार ज्यादै शसक्त रुपमा प्रस्तुत भयो।

पि.एफ.यू.जे. नै पहिलो संगठन हो जसले पाकिस्तानको राष्ट्रिय सभाले ल्याएको दमनकारी सुरक्षा ऐनको निन्दा गऱ्यो। सन् १९५३ अक्टोबरमा पि.एफ.यू.जे. ले एउटा अठोट सार्वजनिक गऱ्यो। यो सरकारले कुनै पनि व्यक्तिलाई सुनुवाई विना कुनै अभियोगको किटानी नभएकन, राष्ट्रिय संचारलाई नियन्त्रण गर्ने साथै सुचनाको स्रोत जुन सुकै मुल्इमा खुलाउन लगाउने या त धम्क्याएर अथवा जेल चलान गर्छ भनीकन जस्ता कार्यहरु प्रजातान्त्रिक मुलुकमा सम्भव छैनन्। त्यसकारण यस बैठकले यस्तो कठोर कानुन फिर्ता लिन माग गर्दछ।

प्रमुख चुनौति पि.एफ.यू.जे. लाई सबै नागरिक समाजलाई जो प्रजातान्त्रिक मुल्य र मान्यतामा अडिग थिए त्यतिखेर आयो। जतिखेर पाकिस्तानको सैनिक प्रमुख अयुव खानले सैनिक कानुन १९५८ अक्टोबर ८ मा घोषण गरे। राष्ट्रिय सभा विघटन गरियो, संविधानको अन्त्य गरियो। राजनितिक दलहरु माथि बन्देज लगाइयो र संचार आलोचना रोकियो। एक हप्ताको यस रक्तपात विहिन क्रान्तिमा साप्ताहिक पत्रिका लाइलो नहरका सम्पादक सइद सिब्टेहसन, इम्रोजको सम्पादक अहमद नदिम। संचारलाई प्रत्यक्ष बन्द गर्ने तरिकाका अलावा भुट्टोको शासनकालमा पत्रिका र विज्ञापनका प्रकाशनमा निकै नियन्त्रण गरेर निरास पारियो।

जिआउल हकले सैनिक कानुन पुनः १९७७ मा लागुपछि संचारमाथि र प्रजातान्त्रिक शिष्टतामाथि निर्मम तरिकाको नियन्त्रण भयो। सम्पादक र वरिष्ठ पत्रकारहरु समातिए र बठोर जेल यातनामा पठाइयो र केहिलाई नराम्रोसँग पिटियो। पि.एफ.यू.जे. र अन्य संस्थाहरु जस्तो *APNEC* को यस समयमा गरेका विरोधका कार्यक्रम उल्लेखनीय छन्। यो संघर्ष जिआउल हकले सत्ता लिएको पाँच महिना पछि सन् १९७७ नोभेम्बरको अन्त्यबाट कराँचिमा शुरु भया। सरकारले दैनिक भुसवात बन्द गऱ्यो। पि.एफ.यू.जे. को आन्दोलले गति लियो। जब सैनिक कानुन फिर्ता लिन लगाउन पि.एफ.यू.जे. र ए.पि.एन.इ.सि. असफल भए तब उनीहरु भोक हड्तालमा सन् १९७७ को डिसेम्बर १ मा उत्रिए जसले पाकिस्तान भरि का पत्रकारहरु र संचारमा काम गर्ने व्यक्तिहरुको सहभागिता बढायो र प्रतिबन्ध हटाइयो। जिआउल हक पत्रकारहरुसँग नरम भए तर उनीहरुलाई फुटाउन उदार खालको पत्रकारहरुको समुह स्थापना गरे।

१९८९ देखि अक्टोबर १९९९ सम्म पाकिस्तानमा नागरिकहरु बेनेजिर भुट्टो र नवाज सरीफले नेतृत्व गरेको सरकार रह्यो। हरेकले दुई दुई समय शासन गरे तर यी चार वटै सरकारले पुरासमय शासन गर्न सकेनन्। यो समय पैचारको लागि चिन्ताको विषय थिएन। यद्यपि कार्यकारिणिको हप्कि दफिक यस समयमा पनि थियो। मिनाज बनीका अनुसार पि.पि.पि. को दोस्रो कार्यकालमा सरकारले कराँचीका केहि दैनिक बन्द गऱ्यो। केहि दिनमा बन्देज फिर्ता लियो। जसको दुईवटा अर्थ निकाल्न सकिन्छ। १) नागरिकले नेतृत्व गरेको सरकारले प्रजातन्त्र र संचारको स्वतन्त्रता प्रति प्रतिवद्धता जाहेर गरेपनि उनीहरुको कु-शासनको आलोचना प्रति उनीहरु अनुदार छन्। २) प्रेशलाई घृणा गर्ने र प्रकाशन अध्यादेश अलवा पनि संविधानमा पत्रपत्रिका र पत्रकारहरुलाई दमन गर्ने कानुनहरु विद्यमान छन्। जस्तो *MPO* (एम.पि.यो.) त्यसैगरी जाड समुहको व्यवस्थापनलाई १९९८ अगस्ट पछि चिन्तित पारियो। फाइडे टाइम्सका सम्पादक नजम सेठीलाई १९९९ मे ८ मा कसैलाई भेट्न नदिइकन जवाज सरिफको सरकारले पक्रियो जुन फासीवादी शैली हो। पि.एफ.यू.जे. र ए.पि.एन.इ.सी ले त्यो कार्यलाई निन्द्धामात्र गरेन त्यसको विरुद्ध राष्ट्रव्यापी रुपमा विरोध ऱ्याली समेत निकाले। सरकार अन्ततः त्यो कार्यलाई उल्टाउन बाध्य भयो।[1]

जब मुर्सरफले प्रधानमन्त्रि सरिफलाई सैनिक 'कु' मार्फत १९९९ मा अपदस्त गरे, त्यहाँ कुनै पनि विरोध भएनन् कारण सरिफको भ्रष्टचार थिचोमिचो-न्यायलामाथि, प्रशासनमाथि प्रतिनिधि सभा र संचार माथि। मुर्सरफको नेतृत्वमा स्वतन्त्र समाचार प्रवाह गर्ने निजि संचार, एफ.एम. रेडियो र निजि टेलिभिजनहरु वृद्धि भए। मुसरफ तुलनात्मक रुपले समाचार प्रति उदार थिए तर विस्तारै उनको पनि प्रेसमाथि नकारात्मक सोच बढ्नै गयो। जुन आतंककारी विरुद्धको युद्ध (२००१) र जनमत संग्रह (२००२) पछिका कानुनपछि बढ्दो आक्रमण र धम्किका साथै संचाको स्वतन्त्रता विस्तारै कठोर कानुन र अत्तिरित्त कानुनी बन्देजका कारणले खुम्चिदै गयो। सन् २००७ मा घोषित राष्ट्रिय संकटकालले स्वतन्त्र संचारलाई पुर्णरुपले अंकुश लाग्यो। केबल सरकारी टेलिभिजन ९एत्ख० ले विना रोकतोक समाचार प्रसारण गर्न पाउँथ्यो। त्यसपछि पत्रकारहरु र वकिलहरुको विरोधको कारण देशमा केहि राजनितिक स्वतन्त्रताको बहाली भयो। यी उपलब्धीहरु अझै मजबुत त्यतिबेला भए जतिबेला पाकिस्तानमा सन् २००८ मा आम चुनाव भयो र २००७ को बेनेजिर भुट्टोको हत्याको सहानुभुति स्वरुप एएए का युसुफ राजा गिलानी प्रधानमन्त्री भए। तर पनि त्यहाँ गम्भिर चुनौतिहरु अझै छन्। २०१० मा आएको विनासकारी बाढीको कारण पाकिस्तानी अर्थतन्त्रलाई ठुलो नोक्सानी हुनु, अत्यावश्यक समानहरुको भाउ आकाशिदो हुनु, बढ्दो बेरोजगारी, जनजातीय क्षेत्रमा लडाकुहरु र मुस्लिम अतिवादीहरु सिमामा प्रवेश गर्नु।

यस प्रकारले पाकिस्तानमा परम्परागत शक्ति जुन

1 http:/pfuj.pk/history.of.pfuj/accessed on sept.18.2010

मुस्लिमद्धलहरुद्धारा नेतृत्व गरिएको र मुर्सरफ र सिभिल समाज वा नागरिक समाजद्धारा प्रस्तुत सुधारको प्रस्तावहरुबिच युद्ध रहेको छ। जुन संचारमा पनि प्रतिविम्बित भएको छ। पि.एफ.यू.जे.को अझ बढी क्रान्तिकारी प्रस्तावहरु छन्।

## तल्लो तहको आन्दोलन, विविध विरोधहरु

पि.एफ.यू. कराँचीमा अप्रिल १९५० मा भएको पाकिस्तानी पत्रकारहरुको सभामा यसको विधान अवलम्बन गऱ्यो। यसले देशमा प्रजातन्त्रको लागि एउटा शक्तिशाली आवाज अस्तित्वमा ल्यायो जुन विपन्नताका बाबजुद पनि एकता कायम गर्ने तत्वको रुपमा रह्यो। त्यस समयदेखि पि.एफ.यू.जे.ले पत्रकार हरुको अधिकारको लागि अग्रपंक्तिमा रहेर संघर्ष गरेको छ। प्रजातान्त्रिक मुल्यहरुको कार्यन्वयन तल्लो तहमा संस्थाष्त संयन्त्रको अभावमा संघिय महासंघले कार्य गर्दछ। पि.एफ.यू.जे. र यसका सम्बन्ध प्राप्त जिल्ला, नगर र प्रान्तिय महासंघहरु पत्रकारहरुको गुनासो सुन्ने साझा ठाउँहरु भएका छन्। संकटको समयमा महासंघले राम्रो काम गर्छ। विपदमा राम्रो गर्छ। जब राष्ट्रमा तानाशाही व्यवस्था द्धन्द्ध, महासंघ धेरै प्रभावकारी हुन्छ। अफठ्यारो परिस्थितीमा क्षेत्रीय र अर्न्तराष्ट्रिय संजाल प्रभावकारी ढंगले काम गर्छन्।

पाकिस्तानको समाचार जल्दाबल्दा विषयवस्तुहरु प्रवाहित गर्ने एउटा नेतृत्वदायी टेलिभिजन आजका कार्यकारिणी निर्देशक सइद तलाव हुस्सेन भन्छन्-छिमेकीमा महोल्ला समिति देखि जिल्ला, विभाग र प्रान्तीय तहसम्म संगठनको उपस्थिती रहेको छ, जुन संस्थाहरु निर्माण गर्न प्रसिद्ध छैनन्। पि. एफ. यू. जे. को संगठन गर्ने क्षमता, कुशलता मर्सरफको पालामै देखियो। वकिल र पत्रकारहरु सडकमा आए, स्थानीय बार काउन्शील, प्रेश क्लब पत्रकारहरुको युनियन मार्फत परिचालित हुन्थे। उनीहरुको उपस्थितीले जनताको तानाशाही विरुद्ध आन्दोलनमा आउने वातावरण बनाउथ्यो। पत्रकारहरु अन्यलाई र स्वयं पिछडिएका पत्रकारहरुलाई आन्दोलनमा एकताबद्ध पार्दथे। टोबा.टेक.सिङ, सुकुर र क्वेटामा स्थानीइ संघहरुलाई जनताको विश्वास थियो जहिले कराँची र लाहोरमा प्रेश क्लबहरु बन्द थिए। यसकारण स्वाट र कोहर जस्ता दुर्गम क्षेत्रमा केहि पत्रकारको मृत्यु भएपनि त्यसको समाचार देशभरी फैलिन्थ्यो। यही सामुहिक पहिचानको कारणले एउटापत्रकार पनि सर्वत्र चिनिन्थ्यो।

विरोधका विभिन्न रुपहरु वा विधिहरु थिए। पि.एफ.यू.जे.को अध्यक्ष परभेज शउकर कालो शनिवार पछिको विरोध सम्झन्छन्- जहिले मुर्सरफले २००७ को नोभेम्बर ३ मा देशमा संकटकाल घोषण गरेका थिए। प्रभावकारी छलफल कार्यक्रम र समाचार का कार्यक्रम बन्द गराइए तर हाम्रो प्रोत्साहनको कारणले तलाव हुसेन, फुहद हुसेन र अरुहरुले सडकमै आफ्नो कार्यक्रम मानिसको प्रदर्शन अगाडी प्रस्तुत गरे उनी थप्छन्। यस्ता कार्यक्रमले विरोधका स्वरलाई घर घर जिवन्त बनायो र प्रजातान्त्रिक भावनालाई अझ बढायो। विरोध प्रदर्शनबाट ठुला सडक शक्ति प्रदर्शन, हातमा कालो पट्टि बाध्ने, पि.एफ.यू.जे.ले राष्ट्रिय सभाबाट बाहिरीने र प्रतिनिधि समा बहिस्कार गर्ने रणनिति पनि अवलम्बन गऱ्यो। यसले गहिरो प्रभाव राख्यो जसले गर्दा सभामुखले एक पटक विपक्षदलको नेतालाई सहमति गर्न भन्नुभयो। लाहोर प्रेस क्लबको अध्यक्ष सरमद बशिरले भने हामीहरु केहि कार्यक्रममा सरकारी रकम स्वीकार गरेता पनि हामीहरु सैनिक कानुनको विरोधमा आफ्नो विचार दर्ता विना जिआउल हकमा समर्थकहरु र मुर्सरफको शासनको सफथ ग्रहण प्रेस क्लबमा गरेको घटनाको समर्थन गर्ने नेताहरुलाई निम्तो दिएर।

पि.एफ.यू.जे.को शुरुदेखि नै संचारको स्वतन्त्रता र सेवाको सुरक्षा मुलभुत मागहरु रहे। यसले पारिश्रमीक पुरस्कार र त्यस्तो कार्यन्वयनको माग र संचारको निषेध र नियन्त्रणको विरोधहरु सँगसँगै लाग्थ्यो। पि.एफ.यू.जे. को दबाब स्वरुप सर कारले पत्रपत्रिकालाई दिदै आएको विज्ञापनको लागि *PKRL* पाकिस्तानी रुपैया) ९८० लाख पारिश्रमीक बोर्ड नराखिएको र उचित तलब नदिने पत्रपत्रिकालाई रोकिदियो। त्यस्तै कार्य भारतीय समकक्षीहरुबाट पनि चाहेका थिए। तर फरक परिस्थतीका कारण पाकिस्तानकै स्तरमा भारतमा लागु गर्न सकिएन।

## संगठनमा महिला

सन् १९७० र १९८० को दशकमा पाकिस्तानले पत्रकार हरुले गरेको अतिनै राजनितिक आन्दोलन देख्यो जसमा केहि महिलाहरुको पनि महत्वपुर्ण भुमिका थियो। त्यसको उदाहरणमा जिआउलको विरोधमा सन् १९७८ मा भएको आन्दोलनमा एक वर्षको छोरा सहित लला रुखलाई जेल हालियो। त्यस्तै शिन फारुख, मेहनाज रहमान र फरिदा हाफिज पनि सशक्त महिला पत्रकार कार्यकर्ताका रुपमा देखिए। केहिले पत्रकारको संगठनहरुमा र संचार गृहमा समेत नेतृत्व लिन पुगे। जसमध्ये फउजिया सहिद पि.एफ.यू.जे.को महासचिव भइन्। उमइरा अथर कराँची प्रेस क्लबको उपाध्यक्ष हुन गइन् र रजिया भाटी द हेराल्डको सम्पादक। दुन्या टेलिभिजनकी अनिला शाहिनको खिबेर युनियन अफ जर्नालिष्टमा सन् २०१० मा महासचिव अपवाद मात्र हुन्। महिलाको संगठनमा सदस्य र कार्यकारिणीको रुपमा सहभागिता त्यहाँको मुल्य र मान्यताकै कारणले हो।

मजहर अस्वासको अनुसार संगठनमा महिला सहभागिता विस्तारै बढिरहेको छ। (पि.एफ.यू.जे. को पाकिस्तान भरी ३०० पुर्णकालिन महिला पत्रकारसँग गरेको अनुसन्धानमा आधारित हुँदा)। साम्यवादी महिला संगठनमा आवद्ध हुन्थे। अहिलेको अवस्थामा टेलिभिजन महिलाको पत्रकारितामा प्रवेश गर्ने माध्यम भएको छ। जसले राजनिती पृष्ठभुमि नभएका तर आधुनिक ताधाम रुचाउँने जवान व्यवसायीलाई यस पेशाले आकर्षित गरेको छ। धेरै कम महिला शाखा प्रमुख र सम्वादाता छन् तर कार्यक्रम संचालक छलफल चलाउने र कार्यक्रम निर्माता भने असंख्य महिलाहरु छन्। जब संगठनमा सहभागिताको प्रश्न

उठ्छ, महिलाको व्यवसायमा लामो समय काम गर्ने अवस्था नहुँदा कमै उपस्थिती छ। यसरी संचारमा महिलाको देखिने उपस्थिती भएता पनि संगठनमा भने त्यस्तो छैन।

आज टेलिभिजनका समाचार निर्देशक, सयेद तलात हुसेन पत्रकारको संगठनले बदलिदो परिस्थितीमा राम्रो गतिका साथ काम गर्न नसकेको यसरी व्यक्त गर्छन्-नयाँ परिवेशको माग अनुसार संगठनले आफ्नै नितिहरुको परिक्षण आन्दोलनकै क्रममा रहेर गरेको छैन। सरकारले पत्रकारलाई जग्गा दिँदा टेलिभिजनलाई भने दिएन। महिला पत्रकारहरु विवादास्पद संकायमा जादैनन्। जो आफ्नो व्यवसायिक जीवनको बारेमा सोच्छन् उनीहरु संगठनमा समावेश हुदैनन्। अझ संगठनमा पुरुषकै बाहुल्यता छ कारण पुरुषहरु अप्रिय क्रियाकलापमा जस्तो विरोध, रोजगारदातासँग मुकावला र सडक प्रदर्शन जस्ता कार्यमा जानुपर्ने हुन्छ तर महिलाहरु यस्ता क्रियाकलापमा हिच्किचाउछन्। साथै उनीहरुलाई घरायसी समस्याको बोझपनि हुन्छ। यस्तो अनिच्छामा महिलाको पुरुष प्रतिको सोच हो। उनीहरुलाई लाग्छ पुरुषहरु महिलाको कार्यक्षेत्रमा हुने यौन शोषण र अन्य सुविधाहरु जस्तो रातीसम्म काम गर्ने महिलालाई घरसम्म छोड्ने यातायात सुविधा र नुहाउने बेग्लै कोठा जस्ता कुराहरुमा ध्यान दिदैनन्।

केहि कार्यालय संचालकहरुलाई संगठनको कार्यकारीणी तहमा लिङ्गिय समानतको अभावको चिन्ता छ। मजहर अब्वासको कार्यकालमा पि.एफ.यू.जे. ले संगठनको कार्यकारीणीमा कम्तिमा ४ वा ५ जना महिलाको समावेश गर्ने कुरा आफ्नो विधानमा संसो धन गऱ्यो तर त्यो सफल भएन। महिलाको संगठनमा सहभागिता वृद्धिको लागि कोटा प्रणाली तथा अन्य सकारात्मक कार्यहरुको बारेमा छलफलहरु भए तर सफल भएनन्।

## विद्युतिय संचारः अग्रपंक्ति २४ ह ७

रावलपिण्डी इस्लामवादको पत्रकारहरुको संगठनका महासचिव जमिल मिर्जा भन्छन्। विद्युतीय संचार माध्यममा विद्युतिय प्रविधिको अग्रस्थानमा हुने कुरा जोखिमपुर्ण छ। मिर्जा भन्छन् फोटो खिच्ने मान्छे घटनाको सँधै अग्रभागमा रहेर फोटो खिच्छन् अनि उनीहरुलाई जोखिम पनि त्यतिकै छ। आन्तरिक मामला सम्बन्धि मन्त्री रहमान मल्लिकले पत्रकारलाई गोल छिर्न नसक्ने ज्याकेट दिन्छु भने ६ पल्ट प्रतिवद्धता जाहेर गरे तर त्यसमा केहि भएन।

२००१ को सेप्टेम्बर ११ पछि पाकिस्तान र अफगानिस्तान सिमा क्षेत्र विश्व समुदायको ध्यान तानिएका विषयहरुको अग्रपंक्तिमा पर्दछ। फलस्वरुप त्यहाँबाट समाचार प्रशित गर्नु ज्यादै महत्वको मानिन्छ। अर्न्तराष्ट्रिय प्रकाशनहरुका लागि त्यस क्षेत्रबाट हुने समाचार सम्प्रेषण गर्न संवादाताहरुको पनि वृद्धि भएको छ। अंग्रेजी संचार माध्यमलाई समाचार सम्प्रेषण गर्नेको कार्य व्यवस्था र पारिश्रमीकमा सुधार भएको छ तर उर्दु संचार माध्यममा काम गर्ने विशेषतः दुर्गम भेकबाट काम गर्ने समाचार सम्प्रेषक र संवादाताहरुलाई भने अर्न्तराष्ट्रिय संचार समुदायले सुविधा बढाएको छैन। यसको सट्टा मुर्सरफबाट विद्युतिय संचार लाई कन्ट्रोल गर्ने कार्य नयाँ उचाइमा पुग्यो।

सन् २००५ को मे १६ मा पाकिस्तानी राष्ट्रिय सभाले पाकिस्तान विद्युतिय संचार निगमन अधिकार सुधार विधेयक (२००४) पारित गऱ्यो। छाडापन रोक्न, राष्ट्रिय हित, सुरक्षा र पाकिस्तानको नाममा अधिकारीले पेम्राको धारा २७ अनुसार संचार माध्यमलाई बन्देज लगाउन सक्छ। यी विचारहरु नितान्त वैयक्तिक छन्। पेम्राले कानुनको उल्लंघन गर्नेलाई पाकिस्तानी करिब ११ करोड रुपैया जरिवाना लिन सक्ने नियम बनाए र कानुनको उल्लंघन गरेको छ। साथसाथै उक्त कानुनअनुसार विविभन्न च्यानल र त्यसका उपकरणहरु पनि जफत गर्न सक्छ। तर यसलाई २००७ मा सुधार गरियो। यस्तो कठोर नियमलाई संचारजगत्ले मुर्सरफको कार्यकाल भरी गरिरह्यो। २००८ पछि प्रजातन्त्र पुर्नवहाली भयो, संचार कानुन फेरियो साथै संचार जगत्बाट यसको निगमन गर्ने एउटा एकाइ गठन भयो। सार्वजनिक हितमा पि.एफ.यू.जे. ले २००८ मा २६ बुदे आचारसंहिता तयार पाऱ्यो। सो विवाद र छलफलको विषय छ। त्यसैगरी संचार क्षेत्रमा देखिएका गुनासाहरुको सुनुवाई गर्ने आयोग पनि केहि वर्षदेखि छलफलमा छ जसले आत्म निगमनको लागि सम्भाविय संयन्त्रको रुपमा काम गर्नेछ।

विद्युतिय क्षेमा श्रम कानुन कार्यन्वयन हुदैनन्। पारिश्रमीक जायज भएपनि हरेक दुई वा तीन महिनामा मात्र भुक्तानी गरिन्छ। प्रायः च्यानलले २४ ७ समाचार विना सम्भावियताको आंकलन च्यानलहरु संचालन गरेका छन्। जसले यिनीहरुलाई विविध टुक्रामा विभाजित गरेको छ। मजहर अहवासका अनुसार विगत दुइ/तीन वर्षमा झन्डै ४००/५०० पत्रकारहरुले जागिर गुमाएका छन्। विद्युतीय संचारमारोजगारीलाई हेर्ने कानुन नहुँदा अदालत जाने बाटो छैन। संचारधनीहरुले संगठनको माग सुनुवाइ गर्छन, थोरै कामदारहरु आफ्ना रोजगारदातासँग मोलतौल गर्ने क्षमता राख्दछन्।

साच्चिकै द्रुतगतिमा परिवर्तित संचार क्षेत्र यस क्षेत्रमा कार्य गर्ने संगठनहरुको लागि ज्यादै महत्वपुर्ण भएका छन्। काम गर्ने शैली फेरिएको छ। त्यस्तै कार्यक्षेत्र र संचार संचालकको समिकरण। निजिकरण र हवाइ तरङ्गबाट विद्युतिय र इन्टरनेट सेवा शुरुवातले यस क्षेत्रमा नयाँ चुनौतिहरु ल्याएका छन्। संगठनको लागि प्रेस स्वतन्त्रताको लागि वकालत गर्न र जनताको धार्मिक साथै परम्परागत विश्वासलाई सम्मान गर्ने कार्य साच्चिकै कठिन र विवादास्पद बनेको छ। उदाहरणको रुपमा इस्लामप्रति घृणा गरिएको भनिएको सामाजिक संजाल विस्तार गर्ने फेशबुकको अप्रिल २०१० मा बन्देजप्रति जनसमर्थन।

## संचार स्वतन्त्रता र व्यवसायको सुरक्षा

पत्रकारहरु देशका सबभन्दा कम पारिश्रमिक पाउने व्यवसायी हुन्। कोहिलाई छोडेर त्यो पनि पनि विद्युतिय संसारका आफ्नो

शरीर र जीवन जोखिममा राखेर थोरै प्राप्तिका लागि काम गर्छन्। पि.एफ.यू.जे. र ए.पि.एन.ई.सी. ले पत्रकार र संचारमा काम गर्नेका लागि उनिहरुको राम्रो वेतन र व्यवसायको सुरक्षाको लागि लगातार ओकालत गरेको छ।

२००१ अक्टुबर ८ मा सातौ पारिश्रमिक निर्धारण समितिले पत्रकारहरुको कानुनी रुपमा पाउने बेतन र कार्य क्षेत्रको अवस्ताबारे निश्चित गऱ्यो जुन अक्टोबर २००० देखि लागु भयो। करिब ९ वर्ष पछि सम्म पनि सातौ पारिश्रमिक निर्धारण समितिले निर्धारण गरेको मापदण्डलाई आठौ समिति आए सम्म पनि कार्यन्वयन गर्न सकिएन। ८५% पाकिस्तानी पत्रपत्रिकाले सातौ समितिले गरेको पारिश्रमिकको अवलम्बन गरेका छैनन्। धेरैजसो पत्रकारहरु र संचार व्यवसायीहरु आजपनि अवैधानिक सम्झौता र सरकारी वा औपचारिक नियुक्तीपत्र विना काममा छन्। धेरैलाई दैनिक ज्यालादारीमा भुक्तानी गरिन्छ। यसरी नितिगत र कार्यन्वयन तहमा देखिएको ढिलासुस्तिले विद्यमान रणनितिहरुमा नयाँ तरिका अपनाउन पर्ने टड्कारो देखिएको छ। मुर्सरफसँग निजि संचार माध्यमहरु फस्टाए, अहिले यसमा कमी आएको छ। सयौ पत्रकारहरुले आफ्नो जागिर गुमाएका छन्।

राज्य र सैनिकबाट हुने संचार बन्देज सँग लड्न संचार संचालकहरुले त्यहाँ काम गर्ने पत्रकारहरुको समर्थन लिनु आवश्यक छ। आफ्नो जागिर जोखिममा पर्ने भएले पत्रकारहरु सडकमा आउँछन्। मुख्यतया मुर्सरफको कार्यकाल र अन्य संकटको समयमा संचार संचालकहरुले पत्रकारहरुसँग मिलेर काम गरे। जब विरोध बन्द भयो- एकता टुट्यो र विवाद अगाडी आए। मजहर अब्बास भन्छन्- पि.एफ.यू.जे.ले गम्भिर प्रश्न उठायो-हामीले संचार स्वतन्त्रताको लागि लडेर के पायौ? संचार संचालकहरुलाई लागि भयो। स्वतन्त्रता न कि पत्रकारहरुका। संगठनलाई साच्चिकै अफठ्यारो परिस्थिती त्यतिखेर आयो जतिबेला उनीहरुले आफ्ना सदस्यहरुलाई सरकारको दमन विरुद्ध पि.एफ.यू.जे. लाई मात्र मान्यता दियो जुन आफ्नो सिमित हितका लागि आउँथ्यो। यो विरोधाभासको प्रत्यक्ष प्रभाव तब देखियो जब पत्रपत्रिकाहरुले पि.एफ.यू.जे. गरेको कार्यक्षेत्रको अवस्था र वेतन सम्बन्धी कार्य र प्रर्दशनको समाचार लेखेनन्।

लगातारको काम विस्तारै हट्ने प्रवृत्तिसँगै यो पत्रकारिता पनि निश्चित समयको लागि गर्ने सम्झौताले संगठनको वृद्धि र सेवाको सुरक्षामा नराम्रो असर गरिरहेछ किनकी छोटो सम्म काम गर्नेले संगठनमा समाहित हुदैनन्। अहिले पत्रकारहरुले आफ्नो सिपको सुरक्षामा मुख्य द्वन्द्व सरकारसँग नभइ संचार गृहसँग भएको ठान्दछन्। गिलानीको सरकारले पत्रकारहरुको संगठनको मागलाई सुनुवाई गर्छ तर संचार संचालकहरु अनिच्छा व्यक्त गर्छन्। बिमा सुरक्षा वा संयुक्त मर्यादा समितिमा बस्ने कुरामा संचार संचालकहरु एउटै ठाउँमा पत्रकारहरुसँग बसेर काम गर्न तयार छैनन्।

यसरी पाकिस्तानमा संचारमा निरोध र अधिनायकवाद रहेको बेलामा मात्र त्यसको विरुद्ध लड्ने संचार व्यवसायी पत्रकारहरुको संगठनहरु, पत्रपत्रिकाको संचालकहरु र सम्पादकहरु बित एकता र सहमति भएको देखिन्छ। सुचनाको स्वतन्त्रताका लागि भएका संयुक्त समस्यामा आधारित आन्दोलनबारे शिक्षा लिदा भविस्यमा कसरी प्रेश स्वतन्त्रता र पत्रकारहरुको राम्रो कार्य क्षेत्रको लागि लड्ने सुनियोजित कार्यक्रम बिचको सम्बन्धलाई अझ मजबुत बनाउन सकिन्छ भन्ने ज्ञान लिन सकिन्छ।

## श्रीलंका

### युद्धपश्चातका चुनौती र संचारको ध्रुविकरण

सरकारी पक्षद्वारा औपचारिक रुपमा लिबरेसन टाइगर्स अफ तमिल इलम को निष्क्रमणकारी विद्रोहमाथिको अन्तिम विजयको घोषणासँगै मइ २००९ मा श्रीलंकाको २६ वर्षिय गृह युद्धको अन्त्य भयो। यसपछिका दिनहरुमा राजनीतिक सुधा।रको विस्तारका बारेमा ठूलो आशा राख्न थालियो। यसबाट लामो समयदेखि विलम्बित

समाधान प्रक्रिया शान्ति स्थापना तथा शासन पारदर्शिता प्रवर्तन गर्ने आशा राखियो। यस समयावधिभरि दमन, अप्रयुक्त र आक्रमण गरिएको संचार क्षेत्र पनि शान्तिको नयाँ युगमा वैचारिक स्वतन्त्रता र मतभेदका निम्ति खुलापनको अनुभव गर्न पाइने कुरामा आशावादी थिए। तर जनवरी २०१० को राष्ट्रपति चुनाव आयोजनामा




सन् २००६ जुलाइमा पत्रकार साम्पा लाकमलको हत्याको विरोधमा भएको प्रर्दशनमा सन् २००९ मा एयममबज व्बथबलतजब लाई ज्यान मार्ने धम्कि दिइयो।

नराम्रोसँग विभाजन र सोही वर्षको अप्रीलमा आयोजित संविधानसभाको साधारण चुनावपश्चात सबैको आशा निराशामा परिणत भयो। युद्धको परिणामस्वरुप तथा नवगठीत सरकारको पकड पुष्टि गर्न समयहरुमा पनि

संचार संस्था तथा तिनमा कार्यरत व्यक्तित्वहरुमाथि बारम्बार अक्रमण भइ नै रह्यो। यी कदमहरुमध्ये को सबैभन्दा प्रसिद्ध कुरा के छ भने यस समयमा प्रेस काउन्सिललाई पुनःजीवित गर्ने र मिडिया डेभलप्मेण्ट अथोरिटिको सञ्चालन गर्ने जस्ता कार्यहरु भए। यसको अभिप्राय स्थानीय संचार नीति सुधार गर्न मार्गदर्शन गर्नु थियो।[1]

टेलिभिजन र रेडियो स्टेशनहरुका क्रियाकलापलाई ध्यानपुर्वक नीरिक्षण गर्ने लाइसन्स दिने प्रक्रियालाई निरन्तर ता दिने[2] जस्ता कार्य गर्न ब्रोडकास्टिङ अथोरिटिको निर्माण गर्ने योजना बन्न थालेको छ। नयाँ निजी टेलिभिजन सञ्चालन स्टेसन, इन्टरनेट सुविधा प्रदानकर्ता र टेलिफोन नेटवर्कहरुलाई लाइसन्स दिन सरकारले नियमहरुको घोषणा गरिसकेको छ। २००९ को अन्त्यतिर आएका यी विवादास्पद नियमहरु समाचार प्रसारण तथा इन्टरनेटमा दिइने सामग्रीहरुमाथिको बन्देज थियो।



सन् २००९ मा कोलम्बोमा पत्रकार ˆबिकबलतजब ध्ष्अफबतगलनब को हत्याको वारेमा जनजागरण अभियान सुरु गरियो।

८ सेप्टेम्बर, २०१०मा भएको संविधानको १८औं संशोधन परित गर्ने संविधानसभाको मतले पनि राजनितिक सुधार र संचार स्वतन्त्रतामाथिको आशा तोड्ने काम गऱ्यो। संचार संस्था, नागरिक समाजका अधिकारी, वाणिज्य संघ तथा प्रतिपक्षी दलहरुको कडा विरोध रहँदा रहँदै पनि गरिएको यस संशोधन अनुसार राष्ट्रपति कार्यकालको समयवधि २ पटकसम्म रहने व्यवस्थालाई हटाए तापनि १७ औं संशोधनमा झैं आम जनता राष्ट्रपतिको प्रत्यक्ष नियन्त्रणमै रहनु पऱ्यो।

यसले राष्ट्रपतिलाई चुनाव, लोकसेवा, प्रहरी, मानव अधिकार, जनसाधारणको दायित्व र न्यायिक सेवासम्बन्धि आयोगको छनोट गर्ने अधिकार प्रदान गर्दछ। यसका साथै राष्ट्रपतिसँग कानूनका उच्चाधिकारीको छनोट गर्ने अधिकार पनि रह्यो। संविधानसभाको सचिवको छनोट गर्नुका साथै व्यवस्थापिकाको निर्माण गर्दा त्यसमा आवश्यक कुराहरु राख्न लगाउन सक्ने शक्ति पनि राष्ट्रपतिसँग रहन्छ।

यस्तो व्यवस्थाले प्रजातन्त्र लगायत सहि राज्य सञ्चालनमा वाधा पुगेको छ। संकटकालीन बीलको रुपमा पारित गरिएको यो संविधान संशोधनले साधारण जनताका मौलिक अधिकार को हनन गरेको छ। संचारलाई स्वतन्त्रता दिइएको भने तापनि तीन सदस्यीय चुनाव आयोगले चुनावका बेला निजी संचार लाई आफैंले निर्देशन दिने गर्दछ।

१७ औं संशोधनले चुनाव आयोगलाई राष्ट्रिय संचारलाई निर्देशन दिने शक्ति दिएको थियो तर १८ औं संशोधनले त्यस शक्तिलाई बढाएर निजी संचार माध्यममाथि पनि यो लागु गरिदियो। हालको समयमा राष्ट्रपतिलाई दिइएको शक्तिले चुनावको बेलामा कुनै पनि प्रतिपक्षी दलले विरोध या विमति जनाएमा त्यसलाई रोक लगाउन सक्छ। यो अवस्थामा राष्ट्रिय संचारको दुरुपयोग भएकाले यसलाई लोकसेवा संचारमा परिणत गर्नु जरुरी छ।

अन्तरराष्ट्रिय पत्रकार महासंघले २००३ मा श्रीलंकासँगको मिलेमतोमा कोलम्बोमा आयोजना गरेको कार्यक्रममा राष्ट्रको नियन्त्रणमा रहेको संचार माध्यमहरुलाई तुरुन्त सुधार गर्नुपर्ने कुरामा जोड दिएको थियो। यसमा सबै लोक सेवा संचारहरुबाट राजनितिक नियन्त्रण हटाउनु पर्ने, व्यवस्थापनलाई अन्तरराष्ट्रिय स्तरको बनाउनका निम्ति निति, दायित्व र आर्थिक पारदर्शिता सहितको नयाँ ढाँचा सुरु गर्नुपर्ने जस्ता कुरा समावेश गरिएका थिए। यस समयमा श्रीलंकामा युद्धविरामको घोषणा भएको थियो र वार्ताद्वारा राजनितिक अवस्थामा सुधार ल्याउन सकिने आशा राखिएको थियो।

## समालोचना प्रतिवेदन तयारीका लागि नामञ्जुरी

युद्धपश्चातको राजनितिक वातावरण ध्रुविकरण हुँदै थियो। युद्धका बेलाका खबरहरु, उत्तरी र पूर्वी प्रान्तहरुमा युद्धपछिका अवस्था, समन्वय प्रक्रिया र आन्तरिक रुपमा विस्थापित व्यक्तिहरुका बारेमा खबर सार्वजनिक गर्न रोक लगाइएको थियो। यस्तो अवस्थामा संचार क्षेत्रमा कार्यरत व्यक्तिहरुले हुन सक्ने भौतिक कारवाहीबाट बच्न स्व-प्रतिबन्ध गर्न थाले। जस-जसले यी नियमहरुको पालना गरेनन्, तिनिहरुलाई धम्कि दिइन्थ्यो। युद्धका बेलामा र यसको अन्तिम समयमा पत्रकारहरुको मृत्युको खबर साधारण भइसकेको थियो।

तमिल भषाका संचार माध्यमहरु यस समयमा निकै

1 Media development Authority मा हेर्न सकिन्छ जसका लाई: athttp/www.roundviews.org/2010/07/28/media-development-authority-another-name-for-media-control-in-sri-lanka

2 http://bolgs.rnw.n//medianetwork/sri-lanka-toset-up lauch-broadcasting-authority मा हेर्न सकिन्छ।

नियन्त्रणमा राखिएका थिए। जफनाबाट प्रकाशित उथयन दैनिक र कोलम्बोबाट प्रकाशित त्यसको भार्तृ पत्रिका सुदर ओली बारम्बार निशानामा परिरहन्थे। सरकारी पक्षले संचार माध्यमहरुलाई युद्ध नितीको समर्थन नगर्नुको अर्थ आतंकवादको समर्थन गरेको हुने भन्दै संचारकर्मीहरुलाई मौन रहन वाध्य बनाएका थिए। यसले गर्दा पत्रकारहरु या त स्व-प्रतिबन्ध गर्थे या त मौन रहन्थे।

युद्धका बारेमा खबर संकलन गर्न पूर्णतया रोक लगाइयो। सरकार पक्षले "घेरिएका संवाददाता" भन्ने नामाकरण गर्दै राज्यद्वारा नियन्त्रित दुईवटा संचार माध्यम र एउटा निजी राज्य पक्ष स्टेशनलाई मात्र युद्धको समाचार संकलन र सम्प्रेषण गर्न अनुमति दियो। सरकारी पक्ष र लिबरेसन टाइगर्स अफ तमिल इलम प्रचार शस्त्रले मिलेर युद्धका समाचार र दृश्यहरु लगातार सम्प्रेषण गरिरहे तर द्वन्द्वपिडितको सही संख्या भने प्राप्त गर्न सम्भव थिएन। युद्ध समाप्तिको एक वर्षपछि पनि स्वतन्त्र संचार माध्यमहरुलाई अन्तिम वर्षहरुमा युद्ध भएका ठाउँमा समाचार संकलन गर्न बन्देज लगाइएको थियो। आजका मितिसम्म पनि बाह्य संचार माध्यमहरुलाई यस सहरमा स्वतन्त्र रुपमा प्रवेश गर्न अनुमति छैन।

## आन्तरिक रुपमा विस्थापित व्यक्ति (internally displaced persons- IDP) हरुको मौनता

स्व–प्रतिबन्ध र दबिएको वातावरणमा मानवताको विषयमा समाचार संकलन चुनौतिको विषय थियो। ३० लाख भन्दा बढी विस्थापित व्यक्तिहरुका बारेमा निश्पक्ष रुपमा समाचार संकलन गर्नेहरुले पनि उत्तरी प्रान्तमा कारावासको सजायँ भोग्नु पर्थ्यो। अप्रचलित मानिक फार्ममा पत्रकारहरु समाचार संकलन गर्न जाँदा संकलित समाचारहरु राष्ट्रिय समाचार माध्यमले सरकारी कार्यकर्ताको निग्रानीमा गर्ने भएकाले समाचार निकै छाँटिएको हुन्थ्यो।

साधारणतया IDP को विषयमा तमिल प्रेसको ध्यान अंग्रजी प्रेस र सिंहाला प्रेसको तुलनामा बढी आकर्षित हुन्थ्यो। तमिल प्रेसहरुमध्ये पनि नयाँ उथयन समुहसँग सम्बन्धित जफनाबाल प्रकाशित उथयन र कोलम्बोबाट प्रकाशित सुदर ओलीले IDP को अवस्थाका बारेमा शिविरमै गई सुरक्षाकर्मीका साथ समाचार संकलन गरेका थिए।

सेप्टेम्बर ६, २००९ मा "द सन्डे टाइम्स" ले प्रकाशित गरेको दुईवटा प्रतिवेदन अनुसार *IDP* का शिविरहरुमा आर्थिक लाभका लागि मानव बेचबिखन हुने कुराको खुलासा गरेको थियो। यस खुलासामा संलघ्न पत्रकारका अनुसार यस खुलासाले सर्वसाधारणमा सोचेजस्तो प्रभाव पार्न सकेको थिएन किनभने यस समाचारमा सिंहाला प्रेस संलघ्न थिएन।[3] यस कार्यमा संलघ्न दुई विशेष संवाददाता जो भाभुनिया र मन्नार मा अवस्थित प्रेसमा आवद्ध छन्, उनीहरुले यस खुलासामा सहायता गरेको कुरा जाहिर गर्न चाहेनन्।

यो रिपोर्टसँगै मुलधारका संचार माध्यमहरुको शिविर हरुमाथिको चासो कम भएको विषयमा तिखो आलोचना पनि आएको थियो। धेरै मुलधारका संचार माध्यमहरु IDP को विषयमा मौन रहेका थिए। नोवेम्बरमा शिविरहरु खल्दै गयो र विस्थापित परिवारहरु घर फर्किंदै गर्दासम्म पनि मुलधारका संचार माध्यमहरु मौन नै रहे।

मौनता बढ्दै जाँदा ग्राउण्डभिउजले अर्को प्रतिवेदन सार्वजनिक गऱ्यो जसअनुसार IDP शिविरबाट निस्किएर केही व्यक्तिहरु गाउँ फर्की उत्साहपूर्वक आफ्नो जिवनको पूनर्निमाण तिर लाग्न थाले। द्वन्द्वपिडितको मामलामा मौन रहेको मुलधार संचारको प्रतिवाद गर्दै नागरिक पत्रकारिता वेबसाइट ग्राउण्डभिउजले (www.groundviews.org) तयार पारेको प्रतिवेदन अनुसार–[4]

"कैयौं परिवारहरु जसले द्वन्द्वको समयमा आफ्ना सबल महिला र पुरुष सदस्यहरु गुमाए, या जसलाई जबरजस्ती थुनियो, त्यसता IDP हरुलाई घर फर्किन अरुले सोचेजस्तो सुखद थिएन। परिवारमा महिला, वृद्ध र बालबालिकाहरु मात्र रहेको पनि हामीले देख्यौं।"

कुनै आधारभुत सुविधाबिना (राम्रो बास, अस्पताल, यातायात, विद्यालय, पिउने पानी, विद्युत र कुनै पनि जीविको पार्जनका लागि आवश्यक वस्तुहरु) र आफ्नो हिँडडुल गर्न पाउने अधिकारबाट वन्चित यिनीहरुलाई घर फर्किनु कति महत्वको विषय हो, यो विचारयोग्य कुरा हो।[5]

नोवेम्बर, २००९ सम्ममा, IDP का धेरैजसो व्यक्तिहरुलाई एकल काराबासबाट मुक्त गरिएको र घर जान दिइएको जानकारी सरकारले दियो। कोलम्बोदेखि जाफनासम्मको सडक आम नागरिकको लागि खुला गरियो। धेरै ठाउँमा सुरक्षा नाका भए पनि, जाफना र कोलम्बोको बिचमा यात्रा गर्न आवश्यक प्रवेशानुमति पहिला दिइएको थिएन। उत्तरी प्रान्तको जनजीवन सामान्यभन्दा पर थियो।

## शान्ति र समन्वयका चुनौतिहरु

जनवरी २६, २०१० मा लिबरेसन टाइगर्स अफ तमिल इलमसँगको युद्ध समाप्त भएको घोषणा गरिएको ८ महिना पश्चात, श्रीलंका राष्ट्रपति छनोटका लागि राष्ट्रव्यापी चुनावको

---

3 दुईवटा रिपोट "scandalous.plunder of a Battered people" र "The High Price of Freedom" Sunday Timer मा लेखिएका थिए ती रिपोटहरु: http//www/sundaytimes/1k/090906/news/nws02html and http://wwwsundaytimes/1k.090906/news/nws-24html मा उपलब्ध छन्।


4 The August report "The Shame Of Menik farms" http//www.groundview.org/2009/08/23 the shame of menik-farm / October report www.groungview.org/2009/10/13/breaking-news-flooding-and-unrest-again-at-menik-farm मा उपलब्ध छन्।

5 180 Days after the end of war, the return of the IPPs: an eye witness accound, www.groundview.org/2009/11/18/180-days-after-end-of-war-the-much-anticipated-return-of-idps-an-eyewitm\ness-account/ more-2026 मा उपलब्ध छ।

## टिसाईनायागम माथिको दोषारोपण

अगष्ट ३१, २००९ मा, कोलम्बोको उच्च अदालतले दोषी जे एस टिसाईनायागम, जो छापा तथा अनलाईन पत्रकार हुन् र अत्यधिक पढिने सण्डे टाइम्सका कोलम लेखक पनि हुन्, उनी आतंकवादको मुद्दामा पक्राउ परेका र उनलाई २० वर्षको कैद सजाय दिइयो। टिसाईनायागमको आरोप बिरुद्ध, उनका प्रकाशक भी, जसिकरण र पछिल्ला सहकर्मी  भी. वलार माथी अदातल समक्ष औपचारिक रुपमा नै प्रिभेन्सन अफ टेरोरिजम एक्ट (पीटीए) अन्तर्गतका बुँदाहरुलाई आधार मानेर अगष्ट २२, २००८ मा मुद्दा दर्ता गरियो। यसले पाँच महिनाभन्दा बढी समय हिरासतमा नै राखेर छानबिन गरिएको थियो, यी तीनजनालाई पहिले मार्च महिनाको सुरुवातमा पनि समातिएको थियो र कुनै आदेश बिना नै छाडिए त्यो समय पछि नै श्रीलंकामा ‘इमर्जेन्सी रेगुलेशन’ लागु गरियो। टिसाईनायागमको मुद्दालाई लिएर दुबैजनासँग छुट्टाछुट्टै रुपमा कुराहरु सोधियो, यसको कारण के थियो अहिलेसम्म अस्पष्ट नै छ।

उनले २००६ मा लेखेको दुइवटा लेखहरुलाई छाडेर, टिसाईनायागम बिरुद्धको कानूनी कारवाहीबाट उनलाई स्वयंसेविको रुपमा लिइएको थियो भन्ने उनी आफै स्वीकार गरे भन्ने कुरामा रोकिएको थियो। तर, न्यायाधिशले त्यो स्वीकारोक्ति गर्ने अवस्था दबाबका कारणले दिएको हुन सक्छ भन्ने सम्भावनाहरुलाई नदेखे जस्तो गरे, मात्र ती दुई पुलिसहरु जसले त्यो बयानको रेकर्ड गरेका थिए उनीहरुको कुरालाई प्रमाण माने। ती लेखहरुले समुदायहरुमा मतभिन्नता र झैझगडा गराउन सक्छ भन्ने सुरक्षा सम्बन्धी बहस अदालतसँगै बाहिर आएको थियो, त्यहाँ प्रयोग गरिएका शब्दहरुले ‘साधारण मानिस’लाई पनि असर गर्न सक्छ भन्ने कुरालाई आधार मानिएको थियो। समाजमा प्रमुख व्यक्तिहरुबाट लिइएको विचार र कानूनवेत्ताहरुको भनाई अनुसार त्यो लेखहरु संविधानले सुनिश्चि गरेको अभिव्यक्तिको स्वतन्त्रता अन्तर्गत आएको थियो भन्ने कुरालाई त्यतिकै दबाइयो।




स्वतन्त्र मिडियाले पोस्टरहरु निर्माण गरी ३०० दिनसम्मको कार्यक्रम सार्वजनिक गरियो जबसम्म Tissainayagam Jasikaran र Valarmathy बन्दिबाट मुक्त हुँदैनन्।

टिसाईनायागमको धरौटीका लागि गरिएको आग्रह जेनेवरी २०१० मा यत्तिकै अड्किरहेको थियो। श्रीलंकाका विदेश मन्त्रीले मे ३, अन्तर्राष्ट्रिय प्रेस स्वतन्त्रता दिवसका दिन, नागरिक समक्ष गरेको प्रतिबद्धता अनुरुप, टिसाईनायागमले राष्ट्रपतिको क्षमा पाउनेछन् भनेका थिए, तर उनी जुनको अन्त्यतिर बाहिर उडे। टिसाईनायागमलाई मुक्त गर्ने शर्तहरु अहिलेसम्म बाहिर आएको छैन।

अक्टोबर १३, २००९ मा उनीहरु सबैको मुद्दाको पिटिएको मातहतमा भएको सामानान्तर सुनुवाईमा जसिकरण र वलार माथीलाई उनीहरुले सर्वोच्च अदालतमा आफूहरुको आधारभूत अधिकारको नराम्रोसँग आक्रमण गरिएको भनेर दर्ता गरेको मुद्दा फिर्ता लिएमा उनीहरुलाई छाड्न सकिनेछ भनिएको थियो।

तयारीमा लाग्यो। परिणामस्वरुप महिन्द राजापक्सले आफ्ना प्रतिद्वन्द्वी शरथ फोन्सेकालाई हराई पदभार लिए। शरथ फोन्सेका युद्धको अन्तिम चरणमा सैनिक कमाण्डर रहेका थिए। राष्ट्रपति चुनावमा तीक्त हार भोग्नुपूर्व सैनिकको को–आर्किटेक्ट बनेर विजय दिलाएकोमा उनको धैरै सह्राना गरिएको थियो। चुनावको परिणाम आउनुभन्दा केही दिन अगाडी फोन्सेकालाई अन्दाधुन्द आक्रमणहरुका लागि विवादास्पद वातावरणमा जेल लगियो। सैनिक पोषाकमा राजनिति गरेको भन्दै उनलाई दुईपटक सम्म कोर्ट मार्शल दिईयो। फोन्सेकामाथि हतियार खरिदको क्रममा भ्रष्टाचार गरेको आरोप पनि लागेको थियो। यिनीमाथि लागेको आरोपलाई उनले नकारे पनि २०१० अगस्टमा सैनिक पोषाकमा राजनिति गरेको कुरामा अदालतले उनलाई दोषी ठहर गर्‍यो। यसपछि उनलाई पदबाट निस्कासित गरियो। उनका तक्मा र पेन्सनबाट पनि उनलाई बरखास्त गरियो। एउटा व्यक्ति जसलाई २००९ मा लिबरेसन टाइगर्स अफ तमिल इलम माथिको विजयपश्चात चारतारे सैनिक ओहदा दिइएको थियो, उनको लगि यो एउटा तिक्त अन्त्य थियो।

निर्वाचनको परिणाम निर्णायक भए पनि  स्थानिय मत व्यवहार भने भिन्ना–भिन्नै थियो। फोन्सेकाले उत्तरी र पूर्वीय प्रान्तका धेरैजसो भागहरुमा जीत हासील गरे जुन भागमा

१९९० को दशकको मध्यतिर द्वन्द्वको अवस्था अत्यन्त नराम्रो थियो। कोलम्बोमा पनि फोन्सेकाको प्रभाव निकै थियो।

मतको ध्रुविकरण र त्यसलगत्तैका घटनाहरु चासोको विषय बन्न पुग्यो जसले समन्वयतिर भन्दा बढी गहिरो प्रतिद्वन्द्वतिर संकेत गऱ्यो। एक चिरपरिचित संचार समालोचकले सिंहालाको बहुमत रहेको टापु राष्ट्रहरुको मुलधार राजनितिमा नयाँ धार को प्रवेश हुन सक्ने चिन्ता व्यक्त गरेका छन्।[6]

संचारको नजरियाबाट हेर्दा मतदाताहरुको अनुपस्थिति पनि चासोको कारण बन्न पुगेको हो। फोन्सेकाले निर्णायक मतले उत्तरी प्रान्तमा जिते पति २६ प्रतिशत दर्ता गरिएका मतदाताहरुले जफनाका जिल्लाहरुबाट मतदान गरेका थिए। वान्नीका अन्य उत्तरी जिल्लाहरुको परिणाम ४० प्रतिशत थियो जुन तुलनात्मक रुपमा राम्रो थियो जबकी राष्ट्रिय औसत ७४.५ प्रतिशत थियो। जाफनी र वान्नीका शिविरहरुबाट दर्ता गरिएका मतदाताहरुको उपस्थिति चुनावको दिनमा कम थियो–जाफनीमा १५,६०२ र वान्नीमा २९,९४० तर यहाँको निर्वाचन प्रतिशत क्रमशः ६५.०४ र ५१.४२ थियो।

चुनावी आयोजना र मतदानको समयमा यी नागरि कहरुको आवाजमा खास चासो गएको पाइएन। चुनावको समयमा राज्यको संचारको दुरुपयोग र स्वतन्त्र संचार माथिको दमनलाई नजिकैबाद देख्न पइएको थियो। राष्ट्रपति चुनावको तुरुन्त पश्चात नै पत्रकारहरुलाई त्यहाँबाट हट्न या कडा अनुशासनमा रहन आदेश दिइयो। राज्यका संचारहरुमा चुनाव उच्चायुक्तले निर्देशन गरेको नियमलाई पालना नगरी चुनावी खबरहरु सम्प्रेषण गर्न खोज्ने आरोप लगाइएको थियो। फोन्सेकाको समर्थनमा लेखिएका खबरहरुको प्रसारणमा रोक लगाइयो। लंका साप्ताहिकका सम्पादकलाई थुनिनुका साथै उनको कार्यालयलाई बन्द गरिएको थियो। पछि कानूनी आदेश अनुसार यी दुवै कार्यहरुलाई फिर्ता लिइयो।

विद्रोहको अन्तिम क्षण धेरै जसो श्रीलंकाली पत्रकारहरुको वियोगान्त अवस्था थियो। सन् २००५ को अप्रिलमा एक समयका तमिल समूहका विश्लेशक र प्रतिक्रयावदी नेता डाक्टर शिवराम 'तारकी'को कोलम्बीयाको एक व्यस्त ठाउँबाट हपरहण गरिएको थियो। उहाँको शरीर गोलीले घाउ बनेको अवस्थामा त्यसको भेलिपल्ट पत्ता लगाइएको थियो। तमिल राजनीतिसँग सक्रिय पत्रकार र संचार गृहलाई आक्रमण गरिएको कुराहरु त्यस महिनाभरी फिचर बन्यो।

संचार समुदाय र शासकहरुको लामो तनावपूर्ण इतिहासमा २००९ जनवरी आमूल परिवर्तनको बिन्दु बन्यो। युद्धमा उपलब्धी हासिल गरेकोले सरकार भने जयको मुडमा थियो। फलस्वरुप विमतिको सृजना भयो। त्यतिखेर सण्डे लिडरका सम्पादक लासन्था विकेमाट्युजको हत्या त्यतिखेर संचार बिरुद्धको घोर अपराध ठहरिएको थियो।

२००९ जनवरीमा कोलम्बोको सिरुसव टिभी स्टुडियो मा आगजनी देखियो, वत्यसैगरी सिंहाला दैनिकका सम्पादक आली तेन्नाको माथि भएको तानाशाही चक्कु आक्रमण पनि सरकारी मष्पतबत मा उजुरी परेको थियो। २००९ फेब्रुअरी २७ मा, भिथ्याथरनका सम्पादक सुद ओलीलाई पारिवारिक संस्कारको बेलामा अपहरण गरिऐ तरिकाले गिरफ्तार गरेर त्यसको पाँच घण्टा पछि थुनामा राखेको स्वीकार गरिएको थियो। त्यसको केही दिनपछि प्रतिवादीले अष्ट्रेलियाका समाचार क्र्युका संवाददातासँग भिथ्याथरन आंककाकारीसँग मिलेमतो रहेको देखाउन भनी धम्की दिएको थियो।

'तिम्रो हातमा रगत हुनेछ, यदि तिमीले भिथ्याथरन को बारेमा केही सोध्यौ भने, आतंकवादी भनेर चिनिइसकको छ' उनले भने। त्यस कुराको फिप्रम सीबीएन समाचार च्यानलबाट मार्च ११ मा प्रशारण गरिएको थियो।

सरकारले प्रतिगामीसँग जुन मान्छे थुनामा थियो त्यो मान्छे को कोलाम्बोको फेब्रुअरी २० मा भएको आक्रमणमा महत्वपूर्ण भूमिका रहेको कुराको सबुत रहेको बताएको थियो। भिथ्याथर नलाई त्यसको दुई महिनापछि बिना शर्त दरखास्त गरिएको थियो। उनले नराम्रो काम केही नगरेको र त्यसमा कुनै काममा सम्मिलित नभएको कुरा अनुसन्धानमा खटिएका प्रहरी निकायले बताएको थियो।

Sense या वेध्यता (vulnerability) अबकभ मा परेका पत्रकार जे एस टिसाईनायागम लाइए २००८ मार्चमा गिरफ्तार गरिएको थियो र उनलाई अगष्ट २००९ मा आतंकवादी रोक्क ऐन बमोजिम २० वर्षको जेल जीवन दण्ड दिइएको थियो। उ नलाई तीन वर्ष पहिले नर्थ इष्टर्न मासिक पत्रिकामा लेखिएको दुईवटा लेखकमा सम्मिलित रहेको कारण दोषी ठहराईको थियो। जबरजस्त अन्तर्राष्ट्रिय अभियान पछि जे एस टिसाईनायागम २०१० जनवरीमा जमानीपत्रका साथ छुटकारा दिइएको थियो। साथै मे ३ मा उनलाई राष्ट्रपतीय क्षमा दिइएको थियो। त्यसपछि उनले देश छोडे। पत्रकारहरुका लागि एक उदाहरणीय काम गरे। जे भएपनि पत्रकार सरकारको बायगर्ा मा हिंड्नु पर्छ।

देशको सामान्य तमील र सिंहालीज बीचको वर्गीय ताव जुन युद्धसँग जोडिएको थियो त्यसमा एक लाख जनजीवनले संचारमा छाप छोडेका थिए, जुन कुरा संयुक्त राष्ट्रसंघले अनुमान गरेको थियो। जसलाई राजनीतिक र साम्प्रदायिक पाटोमा छुट्याइएको थियो। तर पत्रकारहरुले भने कि राजापाका र फोन्सेका बीचकमा राजनीतिक लडाइँ भएकाले यसको आय संचारमा नयाँ पक्षपातिहरु ब्ढाउने र पत्रकारहरुलाई अझ नयाँ जोखिम दिलाई आपत्तिमा पराउने आशय रहेको बताए।

२००९ मा देखिएको संचारमाथिको आक्रमणको आशय संचार स्वतन्त्रतामा (a nose dive) संचार हकका समूह रहेको

---

6 प्रख्याल राजनैतिक वैज्ञानिक, Dayan Jayatillake को आलोचना "sarath Fonseka Affair: Political cannibalism must cease in Sri Lanka. Februery 15, 2010 www.groundview.org.2010/02/15 sarath fonseka-affair-political-cannibalism-must-cease-in sri-lanka/ मा उपलब्ध छ।



FFM को कार्यले गर्दा नै ािबकबलतजब ध्ष्अपचकबतगलनब लाई जिवनको अन्त्योष्टिसम्म पुऱ्यो।

स्वतन्त्र घर र संचार केन्द्र (स्वतन्त्र संचार अभियान) अग्रसर थियो भने कोलम्बोमा सबै काम बन्द अवस्थामा थियो।

अभिव्यक्ति स्वतन्त्तताको माग एकदम कम रुपमा उठाइएको थियो। राजनीतिज्ञहरुले संचार बिरुद्ध गरेको घो षणाको कसैले टक्कर लिन सकेको थिएन। राज्यको स्वामित्वमा रहेका संचारले भने संचार स्वतन्त्रताका संस्था र संचार कर्मीहरु बिरुद्ध आरोप लगाइरहेका थिए। २००९ मा श्रीलंकामा स्थानीय संचार स्वतन्त्रता कमजोर कार्यहरुको मध्यनजर गर्दै अन्तर्राष्ट्रिय अधिवचन नै संचार स्वतन्त्रताको प्रमुख रक्षक बन्यो।

२००९ मे मा आईएफजेले प्रकाशन गरेको वार्षिक दक्षिण एसिया रिपोर्ट, दक्षिण एसिया प्रेस स्वतन्त्रता रिपोर्ट २००८-२००९ ले श्रीलंकाको सम्पूर्ण स्थितिको विवरण निकाल्यो। त्यसै वर्षको नोभेम्बरमा अन्तर्राष्ट्रि प्रेम स्वतन्त्रताको निकायले-चौथो उद्देश्य) श्रीलंकाको लागि तय गरी जेनेवरी २०१० मा संचार र सरकारलाई सिफारिस गरी रिपोर्ट तयार गरेको थियो।

२००९ मार्च, जुन र सेप्टेम्बरमा राष्ट्रसंघीय मानव अधिकार परिषद्मा केही सरकारी र गैर सरकारी संस्थाहरुले श्रीलंकाको बिग्रदो संचार स्वतन्त्रताबारे ध्यान केन्द्रित र आवाज उठाएका थिए। २००९ को अन्त्यसँगै राष्ट्रपतीय चुनाव अभियानले संचार स्वतन्त्रतासँग आबद्ध स्थानीय संस्थाहरुप्रति राजनीतिक स्थानको सृजना गरेकोले उनीहरुले केही बल पाएर आफ्नो नीति सहित सम्पूर्ण राष्ट्रपतीय उम्मेदवारलाई पेश गरेका थिए। यही नयाँ आत्मविश्वास नै दशौं वार्षिक महोत्सवमा 'मिडिया स्वतन्त्रता र सामाजिक उत्तरदायित्वका लागि कोलम्बो घोषणा' इंकित गरिएको थियो।

तापनि त्यहाँ संचारको नैतिक अवस्थामाथि जोड दिएर स्थिर रुपमा म्याद दिइएको थियो। धेरै जसो प्रख्यात पत्रकारहरु संचार स्वतन्त्रताका क्रियाशील व्यक्तिहरुले आफ्नो जीवनको असुरक्षा महसुस गरी देश छाडेका थिए। उनीहरुले बाहिर देमा गएर कस्तो परिणाम भोगिन्छ भन्ने विचार नगरी पलायन भएका थिए।

नयाँ संगठित समूह (संचार स्वतन्त्रता मिलेका) एमएफएसएल, का अनुसार २००९ मा उप संचार व्यक्तिले देश छाडेका थिए। ती मध्ये २४ जनाले पश्चिमा मुलुकमा राजनीतिक आश्रय लिएका थिए। त्यस्तै अरु १३ जना संचार व्यक्तित्वले २०१० को उत्तरार्थमा देश छाडेका थिए। अरु संचार कर्मीले पनि अझ दमन हुँदै गएका कारण देश छोड्ने बताएका थिए। २००९ मा देश छोड्ने मध्येका एक हुन् पोडला जयन्था।

२००९ जुन १ को एक रात उनलाई दुई घण्टा थुनामा राखी क्रुर तरिकाले कुटपिट गरिएको थियो। फलस्वरुप उनको एउटा खुट्टा भाँचिएको थियो र उनी स्थायी रुपमा नै अपाङ्गता भई बस्नु पर्ने अवस्था थियो।

एफएमएमका पूर्व आयोजक सुनन्दा देशाप्रिया अहिले प्रवासीका रुपमा जेनेभामा बस्दै आएका छन्। उनी पनि २००९ मा श्रीलंकाबाट आफ्नो ज्यान जोगाउन भागे का थिए। उनलाई सरकारी रोडियोमा एक कार्यक्रममा देशद्रोही भएको भनी उनको निन्दा गरिएको थियो।

अर्का सम्पादक लंका ई न्यूजका सम्पादक सेन्दारुमन सेनादेराले प्रगिथ Ekneligoda को लोप भए लगत्तै जनवरी २०१० मा देश छाडेका थिए। उनी अहिले प्रवासीको रुपमा लण्डनमा बस्दै आएका छन्। पाँच वर्षमा उनले एउटा वेवसाइट चलाए, पटक पटक पुलिसको प्रश्न आए पनि उनले सो वेवसाइट रोकेनन् र उनले कुनै दण्ड सजाय बेहोर्नु परेको थिएन। सेनादेराले देश छोड्नु अगाडि भनेका थिए, 'यदि यहाँ कुनै कानूनी प्रक्रिया थिएन भने म चिन्तित थिइनँ, मैले कुनै बिराम गरेको थिइन' तर तिनीहरुले प्रगिथ क्लानालिंगोडालाई समाए, मलाई थाहा छ संसार बदलिइसकेको थियो र त्यो काल पनि श्रीलंकामा सकिएको थियो। मलाई थाहा छ कानून अब कहिले पनि लागु हुने छैन। मसँग तीनवटा विकल्पहरु छन्, वेवसाइट हटाउनु, सरकारसँग लड्नु कि म आफै पलायन हुनु, म हार्न चाहन्न, बरु मारी खान सक्छु।' केही पत्रकारहरुले स्थायी रुपमै छोडे। कोही घर फर्कने वातावरणको सृजना हुने प्रतिक्षामा रहे।

२०१० मार्चमा महान्यायाधिवक्ता मोहन पेरिसले निकाला गरिएका पत्रकारहरुलाई फर्कन अपिल गरेका थिए। यसकारण कि उनीहरु देशको पुन:निर्माणका लागि काम लाग्थे। पत्रकारहरु देश बाहिर बसेर राष्ट्रलाई आक्रमण गर्नु उपयोगी नभएको भन्दै उनले 'पत्रकारहरु फर्केर आउनु पर्छ र हामीसँगै काम गर्ने वातावरण मिलाएमा हामी एक अर्कालाई आदर गर्न सक्छौं'

भनेका थिए। पेरिसले प्रवासीएका पत्रकार फिर्ता भएमा राम्रो सुरक्षा व्यवस्था गरिदिने आश्वासन दिएका थिए।

तर पनि श्रीलंकाका प्रजातन्त्रका लागि पत्रकार (जेडीएस) ले पेरिसले दिएको आश्वासनलाई पूर्ण रुप दिन तत्काल कदम चालेर उनी आफै संचार स्वतन्त्रता माथि सजग रहेको पुष्टि पार्न लगाए। जेडीएसले पेरिसको राम्रो कदमलाई प्रष्ट पार्न भ्पलभष्नियमब को बारेमा शिघ्र पत्ता लगाउन अनुसन्धानको तय गरी धेरै समाधान नभएका संचारमाथिका आक्रमणहरुको अन्त्य गर्न महिन्दा राजापाक्षेले सत्ता छोड्नु पर्ने माग गरे।

'जबसम्म सरकारले श्रीलंकाका क्रियाशील पत्रकारहरुको डर को समाधानका लागि कदम चाल्दैन र दण्डभावको संस्कृतिको अन्त्य गर्दैन, महान्यायाधिवक्ताको भनाई एउटा खोक्रो कबोल हुनेछ अनि प्रवासीएका पत्रकारहरु फर्कि नेकुरा एउटा टाढाको सपना मात्र बन्नेछ' जे डी ले विज्ञप्तिमा भनो थिए।

## सामुदायिक संचारको संचरना/एकता र संघर्ष

१९९२ मा सामुदायिक संचारले संचार हक तथा प्रेस स्वतन्त्रताको सिद्धान्त बचाउन गरेको प्रयास, समूहका सम्पादक, पत्रकार र ले खक मिलेर स्थापना गरेको एफएमएमबाट सुरु भएको थियो। कोलम्बोमा भएको यसको उद्घाटनले बृहत् जनमानसलाई आकर्षित पारेको थियो र वर्गीय र साम्प्रदायिक हिंसामा पारेकाहरुमा आशा पलाएको थियो। यसले एफएममएमलाई अफ्न देश व्यापी रुपमा प्रभवाकारी साधारण सभा गरार्य मान्छे हरुमा साँचो कुरा थाहा पाउने अधिाकरको बारेमा उत्प्रेरित गरेको थियो। एफएमएमका कार्यकर्ताहरुको आधारभूत सिद्धान्त के थियो भने उनीहरुले प्रमुख विशेषाधिकार दाबी गरेका थिएनन् मात्र सर्वसाधारणले थाहा पाउनुपर्ने अधिकारका बारे वकालत गरेका थिए।

१९९० (मौका गुमिएका र आशाहरु) जनताको अधिकार र संचार स्वतन्त्रता अभियानका लागि मौका गुमेको र आशारु विश्वासघातको कालखण्ड बन्यो। १९९४ मा नयाँ सरकरा निर्वाचित भएको थियो। जसले प्रजातन्त्रको पुनस्थापना गऱ्यो र विद्रोहको समाधानका लागि सम्झौता गरायो।

स्वतन्त्रताका अभिव्यक्ति नै नयाँ सरकारको केन्द्रबिन्दु बन्यो। यसले चार समिति नियुक्त गरेर संचार कानूनको लागि उपयुक्त सिफारिस दिएको थियो। साथै अरु स्वतन्त्र वकालतको हकको बारेमा परिणाम पेश गरेको थियो। सरकारले पुनः द्वन्द्वको सृजना गरेपछि कुनै पनि सिफारिस चालु हुन नसके पनि, समितिले तय गरेको रिपोर्ट प्रस्तावित थियो।

यसको वकालत र अभियानमा एफएमएम महत्वपूर्ण संचार कानूनमा केन्द्रित रहेको थियोः सूचनाको हक ऐन, सकारको स्वामित्वका संचार र जनताका हितका संचारको उत्क्रमण र हानीपूर्ण बदनाम। त्यसपछि २००३ मा प्रधानमन्त्री रानिल विक्रमासिंगेले हानी पूर्ण बदनाम ऐन संसदमा पारित गराए।

स्थानीय प्रेस समुदाय र अन्तर्राष्ट्रिय सहकर्मीको सहयोगमा श्रीलंकामा प्रेस इन्स्टिच्युटको स्थापना भयो। जसको फलस्वरुप प्रेस उजुरी आयोग (पीसीसीएसएल)र पत्रकारिताको क्यामपस पनि स्थपना हुन थाल्यो। श्रीलंकन प्रेस इन्स्टिष्च्यूटको सुरुवात १९९८ मा भएको थियो जब एफएमएमा सम्पादक अचगषमि र श्रीलंकाका समाजले कोलम्बोले संचार स्वतन्त्रताको घोषणा गरेको थियो र त्यसमा तीन दिनपछि हस्ताक्षर गरेका थिए।

सो घोषणाले पुर्नसंरचित नयाँ संचार कानूनको तय गरेर छापा संचारकालागि आचार संहिता सहितको प्रस्तावना सरकार समक्ष पेश गऱ्यो। २००७ मा श्रीलंकाको क्रियाशील पत्रकारको संस्था (एसएलडब्लुजेए) पनि सो वडापत्रमा सम्मलित भयो। एसएलपीआई र पीसीसीएसएल २००३ मा रजिष्ट भएका थिए र उनीहरुले आर्थिक सहयोग युरोपवासीबाट पाएका थिए।

२००२ सम्ममा अन्तर्राष्ट्रिय संस्थासँग साझेदारी गर्दै आईएफजेलाई समेटी यसले खँदिलो रुप लियो। २००५ भन्दा पहिले, आईएफजे र एफएमएमले श्रीलंकाका पत्रकारहरु भोगेका दुःख/कष्टको बारेमा दुई दिने गोष्ठी गऱ्यो। पत्रकार हरुले भोग्नु परेको न्यूनतम पारिश्रमिक पनि छलफलको विषय बन्यो। दुई मुख्य प्राथमिकतामा थिएः जसमा पत्रकारहरुको सुरक्षाको अधिकार र मान्छेको थाहा पाउने अधिकारको सुरक्षा विकास थियो। यही नै आईएफजे र श्रीलंकाका सहकार्य गर्ने संस्थाहरुका लागि आधार बन्यो।

२००३ अगष्टमा संचार संस्थाका साथै विविध भाषा र वर्गका समूह मिली दुई दिने गोष्ठीको आयोजना गरिएको थियो। जसको मूल उद्देश्य मिलेर सहकार्य गरी जवाफदेही र निश्पक्ष संचारका लागि काम गर्नु थियो। गोष्ठी शान्ति वार्ताको समयमा भएको थियो। सम्पूर्ण सहभागी संस्थाहरुले आईएफजे को आचारसंहिता स्वीकारेका थिए र यसलाई राष्ट्रिय न्यायासन बनाई यसका सदस्यहरुबचीमा अघि बढाई यस अन्तर्गत गराउन सहमत भएका थिए।

२००४ मा आईएफजेले लागु गरेको एउटा कार्यक्रमले पत्रकारका संस्थाहरुलाई मिलाउने काम गऱ्यो र सुरुवातमा संवेदनशील द्वन्द्व रिर्पोटिङका बारेमा छलफल भएको थियो। यसले संचारमा द्वन्द्वका कार्यक्रमका परिप्रेक्ष्य जसले पत्रकारि ता बृहत् बनाई जनताको इच्छा र जनताको हितका लागि पत्रकारित ागर्ने सोचविचार गऱ्यो।

त्यसपछि श्रीलंकामा पत्रकारहरुको संस्थाहरु स्थानीय सभ्य समाज समूहसँग परामर्श गरी २००४ मा विकल्प नीतिको केन्द्र (सीपीए) ले एक खोज र कोलम्बोको अधिवचनसँग मेल हुने गरी जुक्तिहरु सर्वसाधारण सेवाका लागि संचारको ड्राफ्ट कानून निर्माण गरिएको थियो। सो ड्राफ्ट विक्रमासिंगेको सर कारसमक्ष प्रस्तुत गरिएको थियो तर सरकारले २००४ को मध्य चुनाव हारेपछि त्यसको काम सफल भएन।

२००५ अक्टोबरमा एफएमएम, एसएलडब्लुजेए र संचार कर्मचारी संगठन, व्यापार संगठन (एफएमईटीयु) ले अन्य दुई पत्रकारका संस्था, श्रीलंका मुश्लिम संचार फोरम (एसएलएमएमएफ) र अन्य २२ पेशावर पत्रकारहरुको संस्था

## माबिमा: सबैलाई रिपोर्ट गर्न खोजेकै कारण निशानामा पऱ्यो

नोभेम्बर २००६ मा, मुनुसामी परमेश्वरी, २३ वर्षीय तमिल पत्रकार जो फ्रिलान्सर हुन् र सिंहाला साप्ताहिक माबिमाका लागि काम गर्छिन्, उनी श्रीलंकाली पुलिसको टेररिष्ट इन्भेस्टिगेशन डिपार्टमेण्ट (टीआईडी) द्वारा पक्राउ परिन्। उनी चार महिना छानबिनका लागि थुनाम परिन् र स्थानीय एवं अन्तर्राष्ट्रिय मिडिया स्वतन्त्रताका लागि काम गर्ने संस्थाहरुको चर्को बिरोधपछि छुटिन्। उनी पहिले पनि सरकार र सरकार अन्तर्गतको मिडियाद्वारा चलाइएको एउटा निरन्तर अभियानको क्रममा शिकार भएकी थिइन्।

परमेश्वरीको थुना उनले गरेको रिपोर्टिङको बदलास्वरुप भएको थियो, जुन रिपोर्टिङ उनले सर्वपरिचित रुपमा गलमभचनचयगलम नबलन द्वारा राजनैतिक साथ लिएर अपहरण भइरहेको बारेमा गरेकी थिइन्, जसले नागरिक समाजको जीवनमा लामो छायाँ बनेर ढाकिरहेको थियो भने श्रीलंकामा द्वन्द्वको पछिल्लो चरणमा भइरहेको मानव अधिकार हननका धेरै घटनाहरु मध्ये एक थियो। उनको थुनुवाईसँगै उक्त पत्रिकाको प्रकाशक टिरान एलिस, जो राष्ट्रपति मन्द्रि राजापाक्षेसँग राजनैतिक रुपमा नजिक थिए तर राष्ट्रपतिको विविध मागहरुका कारण उनीसँगको सम्बन्धलाई नकार्दै आएका थिए, उनलाई भर्खरै प्रकाशन थालिएको उनको नयाँ पत्रिकाको स्वतन्त्र सम्पादकीय लेखन बन्द गर्न स्पष्ट सन्देश दिइएको थियो। वास्तवमा, माबिमाले त्यस्तो समाचारहरु छाप्नुका साथै र सम्पादकीय नीति अपनाउन थाल्यो जसले मानव अधिकारको विषयमा सोच्थ्यो र त्यो देशमा जातीका बीचमा भड्किन लागेको मतभिन्नतालाई तुलनात्मक रुपमा मिलाउनका लागि पुलको रुपमा काम गर्न सकोस्। यसले केही छोटो समय अवधिमा नै वितरणका हिसाबले आफूलाई सिंहाला भाषाको दैनिक पत्रिकाको दोस्रो स्थानमा ल्याई पुऱ्यायो।

फेब्रुअरी २००७ मा माबिमा पत्रिकाको सम्पादकीय सामाग्री हेर्ने डिरेक्टर इन चार्ज र यससँग सम्बनिध्त अंग्रेजी भाषाको पत्रिकालाई यदि यी पत्रिकाले यदि राष्ट्रपति र उनको राजनैतिक रुपमा सक्रिय भाइका बारेमा कुनै पनि समाचार छापेमा ज्यान मार्ने धम्की दिइयो। यो पनि मानिन्छ कि राष्ट्रपतिले विभिन्न विज्ञापनदाताहरु, जसले ती प्रमुख पत्रपत्रिकाहरुको शीर्ष भाग नै ओगटेका थिए, उनीहरुलाई विज्ञापन दिन बन्द गर्न समेत भनेका थिए।

प्रकाशन गृहको अर्थ निर्देशक टीआईडीद्वारा फेब्रुअरी २००७ मा पक्राउ परे, उनलाई उक्त संचारगृहले तमिल बिद्रोहीहरुलाई पैसा दिएको आरोप लगाइएको थियो। उनी ७१ दिनसम्म छानबिनका लागि भनेर राखिए जहाँ उनले सहनै नसिकने खालको अपमानजनक अवस्थाहरुको सामना गर्नुपऱ्यो।

एलिस पनि टीआईडी कार्यालयमा हप्ताको तीनपटक बयान लिनका लागि बोलाइएका थिए। कहिलेकाँही उनलाई दिनभर नै निरन्तर रुपमा प्रश्नहरु सोधिने गरिन्थ्यो। मार्च ५, २००७ मा, उनको व्यवसायिक कार्यालय टीआईडीका अधिकारीहरुले छापा मारे, उनीहरुले आर्थिक कागजात र चिठीपत्रहरु जफत गरेका थिए। त्यसको एक दिन पछि, सरकारले उत्तर र पूर्व क्षेत्रमा मोबाइल फोनको वितरण बन्द गरिदियो जहाँ एलिसको व्यवसायिक समूहले हेरिरहेको कम्पनीले त्यो काम गर्ने गर्थ्यो। दुई दिन पछि, सरकारले उक्त पत्रिकाको र अन्य सम्बन्धित कम्पनीको बैंक खाता रोक्का गरिदियो।

मबिमा र सण्डे स्ट्याण्डर्डको अन्तिम अंक मार्च २४, २००७ मा प्रकाशित भएको थियो। तिनीहरु दुबै एक वर्षभन्दा पनि कम समय प्रकाशन भए। एलिस आफैलाई पनि नियमित रुपमा अनुसन्धानका लागि बोलाइराखियो र उनीमाथिको दुर्व्यवहार मे २००७ मा उनी पक्राउ नपरि न्जेलसम्म चलिरह्यो। कुनै चार्ज लगाइएन र उनी दुई हप्तापछि कानूनी आग्रहको आधारमा छुटे।

(थोलङ्गमुवा) को खहरमा रह्यो।

त्यहाँ उनीहरुले संचारको वडापत्रबारे विवाद गरे र प्रजातान्त्रिक र बहुसंख्यक संचार संस्कृति र समाज अनि संचार र पत्रकारिताको पेशाको अधिकारका लागी सो वडापत्रमा सहमत भए। श्रीलंकाका राष्ट्रिय पाँच संचार संस्थाहरुले वडापत्रमा साझेदारी गरेर त्यसलाई मिलेर कार्यान्वयन गरी क्रियाकलाप र अभियानमुखी कार्यक्रम गर्न जमाएको थियो।

२००४-२००५ मा एसएलसफाइभले आयोजना गरेको सेवाको लागि पत्रकारिता कार्यक्रम, राम्रो पत्रकारिताको लागि कोशेढुंगो साबित भयो। जसले राष्ट्रभरी बृहत् रुपमा संचारकर्मीहरुको संजाल बढायो। २००६ मा पहिलो पटक संचार पुरस्कार समारोहको आयोजना गरिएको थियो। यसले जनसधारणको हितका लागि पत्रकारिताको लागि उत्कृष्ट उदाहरण बन्यो। यो पुरस्कार कार्यक्रमले दुई वर्ष सम्म निरन्तरता पायो। र सामाजिक अनेकता र विविधताका रिर्पोटिङहरु स्वीकार गरियो।

२००८ मा मानव अधिकार पुरस्कार स.चालन गरिएको थियो। जसको संयोजक सर्वधारणका हितका लागि पत्रकारिता पुरस्कार थियो। श्रीलंकाको भाषिक र भेग विविधताको पहिचान सहित अनेकौं पुरस्कारका प्रकार राखिएको थियो। सबै ठाउँका पत्रकारहरुको सहभागिता र उपलब्धीको महसुस गरिएको थियो। आउँदा वर्षहरुमा श्रीलंकामा एसएलसफाइभको

एकता नै अभिव्यक्तिको स्वतन्त्रता बचाउने आधार बन्यो।

## द्वन्द्वको अन्त्य पछि थोरै राहत

संचार समुदायको बीचमा महत्वपूर्ण समूह गठन गर्नु भनेको एसएल फाइभको एउटा प्रमुख योजनागत लक्ष्य थियो, जसले द्वन्द्वको खराब क्षणमा पनि सक्रियता कायम गरिरहेको थियो। पत्रकारिताको विविध पक्षका बारेमा आयोजित तालिम दिने कार्यक्रमहरु र कार्यशालाहरु यो महत्वपूर्ण समूह गठन गर्न मद्दत गरेको थियो। संचार सम्बन्धी कानून पुनः निर्माण, नैतिक पत्रकारिता र पत्रकारहरुको अधिकार यो प्रक्रियाको तीन प्रमुख स्तम्भ थिए। तर यो सक्रिय रुपमा सहभागी नागरिक समाजलाई एउटा निरन्तर- र प्रायः खराब रुपमा रहेको- सम्बन्धित निकायसँगको सम्बन्ध, एकदमै नराम्रोसँग बिग्रिएको थियो जब नागरिक वार्ताको वातावरण सन् २००५ मा सेनाको अपरेश सक्रिय रुपमा संचालन भएपछि असरदार रुपमा टुक्रा टुक्रा हुन पुगेको थियो। यो सक्रियता र संघर्षको अवस्थाको निर्णय अनुरुप, व्यवहारगत रुपमा गरिएको अध्ययन जुन यो रिपोर्ट बनाउनका लागि गरिएको थियो, जुन प्रमुख सहभागीहरुको अन्तरवार्ताहरुमा आधारित थियो, त्यसबाट धारणाहरुमा विविधता आउन थाल्यो।

तमिल भाषाका पूर्व सम्पादक, जो जफ्नामा बसिरहेका छन्, उनी सोच्छन् कि एसएल फाइभ जुन एकता र संघर्षको नीतिको सन् २००५ मा द्वन्द्वको अन्तिम चरणको जुन सुरुवात भएको थियो त्यतिबेला यसले प्रमुख योगदाहरु दिनु परेको थियो। तर धेरै नियन्त्रण गर्न नसिकने खालको डरको कालो छायाँले जसले संचार क्षेत्रलाई ढाकेको थियो त्यसले कामकाजी पत्रकारहरुलाई निश्पक्ष र सन्तुलित रिपोर्टिङलाई व्यवहारमा उतार्नलाई रोक्यो जुन कुरा उनीहरुले २००५ को मिडिया चार्टरमा प्रतिबद्धता जनाएका थिए।

पत्रकारिताको प्रशिक्षक, जसले ब्रोडकास्ट मिडियामा समाचारको सम्पादक भएर काम गरिसकेका थिए, उनी बहस गर्छन् कि पत्रकारहरुको माझमा र मिडियाकर्मीहरुको माझमा कुनै पनि द्वन्द्वको धेरै पक्षहरु हुन सक्छन् र उनीहरुको प्रमुख चुनौति भनेको त्यो कुनै पनि पक्षको समाचार संकलन गर्नु हो भन्ने कुरालाई बुझाउनमा एसएल फाइभको पहुँच सफल भएको थियो। यही आधारमा, एसएल फाइभ कार्यक्रम, जुन अन्तर्राष्ट्रिय सहयोगका साथ आएको हो, यसले मिडियाको द्वन्द्वलाई लिएर हुने बहसलाई परिवर्तन गर्न मद्दत गरेको थियो। परिवर्तनले प्रायः अवधारणा बन्नका लागि समय लिन्छ, ती प्रशिक्षक बताउँछन्। यही दौरानमा, एसएल फाइभ कार्यको क्रममा परिवर्तनका लागि जन्मिएको सम्भावनाहरुलाई दबाउने हिसाबले आएको सरकार को सक्रिय कार्यक्रमले बिगारिदिने काम गर्‍यो।

अर्का कोलम्बोस्थित मिडियाकर्मी र प्रशिक्षक सोच्छन् कि योजनागत र व्यवस्थित व्यवहार जस अन्तर्गत मिडियालाई दबाउने काम भयो त्यसले डरलाग्दो जोखिम रहेको प्रमाणित भयो भने युद्धको क्याम्पमा पत्रकारहरुको माझमा आएको नयाँ चेतना कारण बनेको देखिएको थियो। 'एसएल फाइभद्वारा व्यवहारमा उतारिएको कार्यक्रमले देशमा मिडियाहरुको कुराकानीलाई नै परिवर्तन गरिदियो। अब कुनै पनि समाचार को नैतिक गुणस्तर पत्रकारहरु माझमा प्रायः बहसको विषय बन्न पुग्यो। एसएल फाइभले द्वन्द्व, मानव अधिकार, लैंगिक मुद्दा र पिछडिएको मुद्दाहरुको बारेमा समाचार लेख्ने तरिकामा नै परिवर्तन ल्याउन बल पुर्‍याएर स्थायी रुपमा नै श्रीलंकाको संचार सस्कृतिमा छाप बनाउन पुग्यो।' एसएलडब्लुजेए का पूर्व पेशाकर्मी सोच्छन् कि एसएलस फाइभका गतिविधि अन्तर्गत उत्पादित भएको मिडिया लिटिरेचर परिवर्तित समय सन्दर्भमा एउटा महत्वपूर्ण स्रोत रहनेछ। मिडियालाई सक्रिय रुपमा दबाउन खोजिएको चरण जसले २००५ मा द्वन्द्वलाई निरन्तरता दियो त्यसमा कति विस्तृत रुपमा मिडिया लिटिरेचरको अध्ययन र छलफल भएको थियो भन्ने कुरालाई केही समयका लाग लुकाइएको देखिन्छ। तर यसको खुला पहुँचले के सुनिश्चित गराउनेछ भने देशको इतिहासलाई लिएर पत्रकारहरुले कुनै नयाँ चरणमा चुनौतिहरुको सामना गर्नु परेको अवस्थामा यसलाई स्रोतका रुपमा प्रयोग गर्न सकिनेछ।

## कमीकमजोरी र असफलताहरुको समालोचना

एसएस फाइभले २००५ मा सुरु भएको कडा रुपमा मिडियालाई दबाउन गरिएको कामलाई व्यवस्थित गर्न असफल भयो भन्नका लागि अझै पनि सम्पूर्ण रुपमा स्पष्ट तथ्यहरु पुग्दैन। यसका साथै यो कुरामा पनि ध्यान दिनुपर्छ कि किन धम्कीपूर्ण नयाँ वातावरण पनि जवाफदेही बनाउनका लागि नराम्रो प्रमणित भयो र द्वन्द्वको कालो छायाँलाई हटाउन असफल भयो। दुई विषयहरुलाई विशेष ध्यान दिनु आवश्यक छः पत्रकारहरुमा वहृत् रुपमा एकताको भावनाको कमी हुनु र मिडिया इन्डस्ट्री, र सम्बन्धित निकायहरुको क्षमता जसले अन्तर्राष्ट्रिय एकताको गतिविधिलाई श्रीलंकाको आंतकवाद बिरुद्धको प्रयासमाथि भएको अनुचित निशानाका रुपमा लिए।

यसको स्थापना भएदेखि, मिडियाको स्वतन्त्रता र व्यवसायिक स्तरीयता बृद्धिका लागि एसएलपीआईले एउटा महत्वपूर्ण प्लाटफर्मका रुपमा वकालत गर्दै आएकोछ। त्यस्तै, श्रीलंकाको प्रमुख मिडिया संस्थाहरु- जो सबै एसएलपीआईमा स्टेकहोल्टरहरु थिए- उनीहरुले बिस्तारै ती सिद्धान्तहरुमा मतभिन्नता राख्न थाले जुन यसलाई व्यवहारमा उतार्नका लागि पालना गर्नुपर्ने थियो। स्पष्टरुपमा भन्नुपर्दा, एसएलपीआई र सम्पादकहरुको संगठनले २००७ मा मुनुसामी पारामेश्वरीका संवाददाता माबिमाप्रति भएको नराम्रो व्यवहार प्रतिको जवाफ विश्वसनीय ढंगले दिनमा असफल भए, र पत्रिकाको कार्यालय र यसका संचालकहरुमाथि भएको दुर्व्यवहार प्रति पनि निर्णयात्मक रुपमा उभिन सकेनन्, जुन कारणले दुई पत्रिकाहरुको प्रकाशन समेत बन्द हुन पुग्यो।

जब नोभेम्बर २००७ मा सण्डे लिडरको प्रिन्टिङ प्रेसमाथि आगो लगाउने गरी आक्रमण भयो, एसएलपीआईले फेरि पनि

प्रेम स्वतन्त्रताको आधारभुत कुरालाई साथ दिने गरी पनि कुनै प्रतिक्रिया दिएन। पत्रिकाका समर्थकहरु र राजनैतिक कार्यकर्ताहरुले निरन्तर रुपमा एक भएर दबाब दिने काम गरेका थिए जसले गर्दा श्रीलंकाको सम्बन्धित निकायले त्यस घटनाको दोषीलाई चिन्न सकोस् र आवश्यक कारवाहीका लागि अगाडि बढाउन सकोस्।

मे २००८ मा, केथ नोयर, जसको अंग्रेजी साप्ताहिक द नेशनमा प्रकाशित हुने रक्षा सम्बन्धी कोलम धेरैले पढ्थे, उनको अपरहण गरिए र नराम्रोसँग पिटिए। एसएल फाइभले समयमा नै पुलिस एवं कोलम्बोमा रहेको सुरक्षा निकायहरुको साथ लिएर र यसको अन्तर्राष्ट्रिय सहयोगी संजालहरुलाई सजग गराउँदै उनको खोजी कार्य गरेर सायद उनलाई अझ बढी शारीरिक आक्रमणबाट हुनबाट जोगायो। त्यो घटना भएकै अर्को महिना, नामल परेरा, जो सिंहाला भाषाका पत्रकार र एसएलपीआईको वकालत शाखाका सहायक प्रमुख पनि हुन्, उनीमाथि आफ्नो साथीसँग कोलम्बो वरपर घुमिरहेको बेला आक्रमण भयो। उनीहरु दुबैजना गम्भीर रुपमा घाइते हुन पुगे किनभने त्यो अपहरणको कोसिस थियो र त्यहाँ मानिसहरुको भीड जम्मा भएपछि त्यो हुन सकेन।

एसएलपीआईले यी दुई आक्रमणहरुको बारेमा उद्देश्य सहितको धारणा राख्दै प्रतिक्रिया दियो जुन पहिले देखिएको थिएन। अन्तर्राष्ट्रिय प्रेस स्वतन्त्रता मिशनका सदस्यहरुको श्रीलंकामा त्यो वर्ष अक्टोबरमा भएको बैठकमा, श्रीलंकाको एउटा प्रमुख पत्रिकाका सम्पादक उनले प्रेसमाथि भइरहेको अनियमित र अविश्वसनीय आक्रमणहरुलाई लिएर आफूले देखेका कुराहरुका बारेमा स्पष्ट रुपमा अभिव्यक्त गरे। पछिल्ला वर्षहरुमा आक्रमण हुनु भनेको साामान्य कुरा जस्तो देखिन थालेको भए पनि, उनले भने, उनीहरुले प्रमुख रुपमा श्रीलंकामा जातीय रुपमा पिछडिएकाहरुलाई समावेश गराउन कोसिस गरेका थिए। त्यस्तै, यी घटनाहरु प्रेस स्वतन्त्रतामाथिको आक्रमणका रुपमा भन्दा पनि चलिरहेको जनयुद्धको क्रममा सुरक्षाको कमजोर पक्षका रुपमा देखिएको थियो। जब नोयार र परेरा माथि आक्रमण गरियो, त्यतिबेला सत्यता स्पष्ट भयो: प्रेस स्वतन्त्रता नै एउटा कारण थियो जसका लागि लड्नु मुख्य थियो, आक्रमणमा परेकाहरुको जातीयता बारेमा या त त्यो संस्थाले बोकेको राजनैतिक मान्यताका बारेमा अपेरक्षारहित रहेर।

## निष्कर्ष र सुझाव

पत्रकारहरुको अनुभवका आधारमा पत्रकारहरुको अधिकार सम्बन्धि नियमहरु देश पिच्छे फरक फरक रहेको विभिन्न रिसर्चहरुले जनाएको छ। तर साझा मुद्दाहरुलाई हेर्ने हो भने भविष्यमा यिनिहरु काम गर्ने तौर तरिका समेत एउटै हुने भएकाले सबै राज्यहरुका बिचमा आत्मियता प्रगाढ रहनुपर्ने देखिन्छ। सिभिल सोसाइटस्का कार्यकर्ताले पत्रकार हरुलाई समस्या पारेका थिए जसले गर्द पत्रकारको आन्दोलनलाई समेत असर पुऱ्याएको थियो। यो वास्तवमा एउटा हस्तक्षेप थियो। सन् २००६ को नेपालको राजतन्त्र विरुद्धको आन्दोलन सन् २००८ को पाकिस्तानको सैनिक शासन विरुद्धको आन्दोलन कार्यमा पत्रकारहरुले ऐक्यवद्धता जनाएका छन्। सभ्य समाजको सृजना वा निर्माण निकट भविष्यमा गर्नु नै पत्रकारीताको चुनौति हो। अन्तराष्ट्रिय नेटवर्कले समेत यसलाई स्थानिय स्तरसम्म पहुँच पुऱ्याउन ठुलो योगदान गरेको छ। अन्तराष्ट्रिय नेटवर्किङ्ग प्रणाली छिटो छरितो हुनुपर्ने देखिन्छ। लोकल सञ्चार माध्यमलाई सहयोग र आत्मियता बढाउँदै कुनै पनि घटनालाई विश्व समुदाय सम्म पुऱ्याउन एउटा अडान लिनुपर्ने देखिन्छ।

यहाँ अन्तराष्ट्रिय सहयोगकर्ताको सुचना समेत रहेको छ। जसले राष्ट्रिय सिमाका लागि सहयोग र समर्थन पुऱ्याउँदै आएको छ। दक्षिण एसिया जसले आफ्नो छुट्टै इतिहाँस बोकेको छ। जहाँ सबै सिमापारका क्षेत्रगत कार्यहरुमा विविध किसिमका उपाय प्रयोग गरि कार्य भएको पाइन्छ। यसको मुख्य क्षेत्रहरुमा खयवर पाखटुन्खरा जुन पाकिस्तानमा पर्छ, त्यस्तै नेपालको तराई क्षेत्र र भारतको उत्तरपुर्वि क्षेत्र जहाँ विभिन्न राजनैतिक कारण वा अन्य कारणबाट समान किसिमको सामाजिक अवस्था देखिन्छ। अनुभवहरुको साटासाट गर्नाले आफ्ना अधिकारको संरक्षण र्न र त्यसलाई स्थायित्व प्रदान गर्न ठुलो योगदान पुगेको पाइन्छ। केही संगठन र पत्रकार एसोसियनले दक्षिण एसियामा पत्रकारहरुलाई भयमुक्त पार्ने, पत्रकारीता कानुनको निर्माण गर्ने सरकारसँग समन्वय गर्ने र द्वन्द्व ग्रसीत मानिसलाई राहात संकलन गर्ने जस्ता उदाहरणिय काम गरेको पाइन्छ। सार्थ संस्थागत विचारहरुको प्रयोग गर्न समेत ठुलो सघाउ पुगेको पाइन्छ। यसले ठुला किसिमका संघ संगठन र सन्धि सम्झैतामा समेत सघाएको पाइन्छ। साथै ठुला किसिमको फण्ड निर्माण गर्ने संयन्त्र तथा सिभिल सोसाइटीको कार्यमा प्रहरीले पारदर्शि रुपमा सहयोग प्रदान गरेको पाइन्छ।

जहाँ संघ क्रियाशिल छ मिडिया नियम र निति राम्रोसँग पालना भएको छ। धेरै राज्यहरुमा सरकारको मनपरितन्त्रको कारण उनिहरुको अधिनमा रहि विविध किसिमको कार्य सञ्चालन मिडियाले गर्नुपर्ने अवस्था छ। जहाँ कुनै पनि आचारसंहीतालाई मान्यता दिइँदैन। भारतको अनुभवका आधारमा निजि सञ्चार माध्यमले कै किसिमको गुणस्तरमा नदीने र यसले जनताको चाहनालाई समेत समेट्न नसक्ने बताए। श्रीलङ्काको घटना अनुसार सरकारसँग आवद्ध भएका च्यानलहरु बाहेक अन्यले दिने सुचनाले खतरा निम्त्याउने देखियो। नेपालमा सन् १९९२ मा निर्माण भएको राष्ट्रिय प्रसारण नितिले निजि क्षेत्रले पनि मिडिया वा सञ्चार क्षेत्रमा लगानी र्ग पाउने र समाचार सम्प्रेषण गर्न पाउने अधिकार दिलायो जसमा सरकारले कुनै किसिमको हस्तक्षेप समेत गर्न नपाउने नियम उल्लेख गरीयो र लाइसेन्स प्राप्त संस्थालाई मात्र आधिकारीक मानीन थाल्यो तर पनि यो त्यति प्रभावकारी रुपमा कार्यान्वयन भएको पाइदैन। यस रिपोटले

समेटेका देशमध्ये सुचना सम्प्रेषण क्षेत्रलाई ठुलो स्थान दिइएको छ। तर नेपाल र बंगलादेशका केही क्षेत्रहरुमा सामुदायिक बोर्डकास्ट क्षेत्रहरुलाई निश्चित घेराभित्र राखिएको छ। संघ आफै यस क्षेत्रमा तल्लिन हुनुपर्ने देखिन्छ यदि यो संघले आवाज उठाउन सकेमा सामुदायिक क्षेत्रले समेत अन्य सरह अधिकार जमाउन सक्षम हुनेछन्। जो असक्षम छन् तिनलाई पहिचान गरी असक्षम घोषणा समेत गर्नुपर्ने देखिन्छ। यसै समयमा प्रकाशन तथा बोर्डकास्ट गर्न नियम र लाइसेन्सको समेत व्यवस्था नितिलाई दह्रो पार्न आवश्यक छ। जसले आवश्यक मापदण्ड पुरा गरेको छ त्यसलाई खुल्ला रुपमा काम गर्ने अवस्था सृजना गर्नुपर्छ।

निति र मार्गदर्शन व्यावसायिक पत्रकारिताका लागि संघले प्रदान गर्नेछ। त्यसैले सबैले यस संघको सुचना अनुरुप कार्य गर्नुनै महत्वपुर्ण काम सावित हुन्छ। भारतमा पछिल्लो समयमा मिडियालाई कानुनको निर्माण गरिएको छ। निजि क्षेत्रलाई आफ्नै स्वामित्वमा राखी कार्य गर्ने निर्देशन दिइएको छ। यो कार्यमा युनियनसँग कुनै सरोकार राखिएको छैन। तर नेपालमा युनियनले आचारसंहिता निर्माणका लागि जोड दिइ रहन्छ।

यि पाँचवटा देशहरुमा युनियनसँगको सहमति त्यति राम्रो पालना भएको पाइदैन। त्यसैले सबै युनियनहरुले प्रजातान्त्रिक मुल्य मान्यतालाई मान्दै राजनैतिक दलहरुसँग समन्वय गर्नुपर्ने र यसलाई व्यवसायीकरण गर्नुपर्ने देखिन्छ। साथै अपराधिक व्यक्तिहरुको दबाबका कारण मिडियाले उनीहरुलाई स्थान दिएको पाइन्छछ। जसले गर्दा पत्रकारहरुको आचारसंहिता सम्बन्धि नियमलाई धमिल्याएको पाइन्छ। पत्रकारहरुलाई धम्क्याउनु, आक्रमण गर्नु र मार्नु जस्ता क्रियाकलाप यि ५ वटा राज्यका साझा घटना हुन्। जसले मिडियाकर्मीहरुलाई आफ्नो व्यवसायप्रति वितृष्णा पैदा गराएको छ। यति हुँदा पनि आक्रमणकारीहरु कार्बाहीमा पर्न सकेका छैनन्।

दण्डबाट छुटकार दिने सँस्कृतिनै दक्षिण एसियाको रोग बनेको छ। जसले गर्दा एउटा घटनापछि अर्को घटना निमत्याइरहेको छ। पत्रकार संघहरुले अपराधि र मिडिया गतिविधि विरोधि व्यक्तिलाई कार्वाही गर्न कडा नियमको निर्माण गर्नुपर्छ। विगतका कार्यमा सर्वसाधारण व्यक्तिको समेत सहयोग भएकाले केही सफलता हाँसिल भएको थियो तर अपराधिहरु पत्रकारहरु विरुद्ध खुलेर लाग्न थालेकाले यसले विकराल समस्या उब्जाएको छ। दण्डमुक्ति नदीनु नै दक्षिण एसियाका लागि राम्रो हुनेछ। दक्षिण एसियाका मिडियाकर्मिहरुले सम्वाददाताहरुलाई राज्य अधिनमा नराखी जनताको अधिनमा राख्नुपर्ने कुरालाई र्निविवाद अगाडी बढाउनुपर्ने देखिन्छ। सरकारले जनताको इच्छाअनुरुप कार्य गर्नु बढी बुद्धिमानी हुनेछ। जनताका लागि सेवा दिनुपर्ने आवशयकता टड्कारो रुपमा देखिएको छ। साथै सरकारबाट स्थानिय क्षेत्रमा मिडियालाई हस्तान्तरण गर्नुपर्छ जुन कुनैपनि राजनैतिक धरोहरबाट मुक्त हुनुपर्दछ। यो रिसर्चबाट ५ वटा राज्यहरुमा राष्ट्रिय तालीम र शिक्षा जुन पत्रकार र मिडिया कर्मिहरुलाई आवश्यक भएको देखिन्छ जसका लागि मिडियाका लागि लगानीकर्ता र युनियनका मुख्य पदाधिकारीहरुले पहल गर्नुपर्ने तथा शिक्षाका लागि लगानी गर्नुपर्ने देखिएको छ। यो कार्यले पत्रकार व्यवासायीक योजना निर्माणमा सहयोग गर्ने अन्य देशका व्यक्तिहरुसँग समेत सम्बन्ध कायम गर्ने क्षमताको विकास गर्दछ। साथै संघले राष्ट्रिय, आर्थिक मामिलाको सम्बन्ध विस्तार गर्दछ। ग्रामीण क्षेत्रमा काम गर्ने पत्रकारहरु चलाख हुन्छन् साथै उनीहरुमा विभिन्न परिस्थितिसँग जुध्न सक्ने क्षमताको विकास भएको हुन्छ। जसले गर्दा उनिहरुमा विकट क्षेत्रमा रहेपनि जनताका भावना समेट्न सक्ने क्षमता विस्तार भएको हुन्छ त्यसैले राष्ट्रिय सम्बन्ध कायम गराउन सकेमा शहरी क्षेत्रमा काम गर्ने वातावरणको क्षमता विस्तार हुन सक्दछ।

युनियनले युवा पत्रकार र सञ्चारकर्मीलाई पनि स्थान दिन सक्नुपर्दछ जसले उनीहरुको पेशागत क्षमतालाई विकास गरोस् र उनीहरुको भविष्यमा राम्रो पत्राकार बन्ने उद्देश्य पुरा हनु सकोस् साथै उनीहरुको अधिकार स्थापित हुन सकोस् यो नै यी देशहरुका लागि भविष्यमा प्रेस स्वतन्त्रताको ठुलो अवसर हुनेछ। मिडियाकर्मीहरुको कार्यदक्षतालाई प्रगतितिर धकेल्न युनियनले ठुलो सहयोग गरेको छ। पाकिस्तान, बंगलादेश र भारतमा जुन मिडियाहरु संगठित हुने अवस्थामा छन् जसले कामदारहरुको धारणालाई परिवर्तन गरि उनीहरुको अधिकारलाई सुनिश्चित गर्ने प्रयास गरेको छ। महिलाहरुको सहभागिताले मिडिया युनियनमा एउटा नयाँ आयम युनियनमा आवद्ध सदस्यहरुको वृद्धि हुनेछ जसले उनिहरुलाई नेतृत्वदायी अवस्थामा पुर्‍याउन सहयोग गर्नेछ। युनियनले आफ्नो कार्य र प्रक्रियालाई विस्तार गर्दै मिडिया कम्पनिसँग सम्बन्ध विस्तार गर्न सकेमा महिलाहरुका विविध मागलाई समेत सम्बोध गर्न सकिन्छ जसले अन्य महिलाहरुलाई समेत आर्कषित गर्दछ। युनियनले औद्योगिक संरचना र प्रविधिलाई परिवर्तन गर्नुपर्ने अवस्था देखिन्छ। "डिजिटद डिभिडि" को सट्टा दक्षिणी एसियाली मुलुकहरुमा समाचार र मोबाइल टेक्नोलोजीको प्रयोग गर्नु पर्दछ। जसले समाचार संकलन तथा प्रसारणमा ठुलो सहयोग गर्दछ। पत्रकारहरुले विविधतापुर्ण चुनौतिहरु भोग्नुपर्ने देखिन्छ जुन प्रक्रियाले मिडिया क्षेत्रमा ठुलो रिसर्च कार्यको योगदान पुर्‍याउँछ। जसले गर्दा जातिय द्वन्द्वलाई कम गर्दछ किनकी एउटा "जातका मानिसले अर्को जातको भाषाको नबुझ्ने अवस्थालाई कम गर्न यस मिडियाले सहयोग गर्दछ। यसले क्षेत्र-क्षेत्र विचमा हुने द्वन्द्वलाई समेत कम गर्दछ। यो प्रणाली केही हदसम्म समस्यापुर्ण भएपनि धेरै हदसम्म सम्मानजनक छ।

अन्तमा सबै युनियनहरुले नियम र प्रक्रियालाई पारदर्शि रुपमा अपनाउनुपर्दछ। वार्षिक सुचना तथा रिपोर्टहरु सबै जनतासामु प्रस्तुत गर्नुपर्छ जसले आर्थिक क्षेत्रलाई स्पष्ट र चुस्त बनाउन सहयोग गर्दछ। यसै प्रक्रियाबाट सबै संगठनले वर्तमानमा भएका नयाँ प्रवर्तनबाट फाइदा लिन सकुन्, जसमा सञ्चार साधन जस्तै मोबाइल फोनको प्रयोग र इन्टरनेटको प्रयोग जनताले गर्न सकुन्। यसले भौगोलिक रुपमा विकट क्षेत्रका मानिसहरुलाई आत्मिय सम्बन्ध विस्तार गर्न सहयोग गर्दछ।

Visit asiapacific.ifj.org or www.ifj.org for more information.

आइ.एफ.जे. एउटा गैह्रसरकारी संस्था हो जुन नाफा कमाउने क्षेत्रमा नलागी, अन्तराष्ट्रिय रुपमा प्रेस स्वतन्त्रताका लागि सदैव लडिरहेको छ र यसले सामाजिक सुरक्षा विकासका लागि स्वतन्त्र र अरुमा निर्भर नहुने पत्रकारहरुको ट्रेड युनियन निर्माण गर्दछ। आइ.एफ.जे. एसिया प्यासिफिकले एसिया प्यासिफिक क्षेत्रमा भएका कार्यहरुको समन्वय गर्दछ। आइ.एफ.जे. ले संयुक्त राष्ट्र संघ, युनेस्को, ओएचसिएचआर, डब्लु आइ पि ओ, आइ. एल.ओ, रेडक्रसको अन्तराष्ट्रिय समिति, युरोपियन युनिएन, काउन्सिल अफ युरोप र अन्य थुप्रै अन्तराष्ट्रिय ट्रेड युनियन र स्वतन्त्रताका लागि लड्न संस्थाहरुसँग नजिक रहेर सहकार्यको हात अगाडी बढाउँदै आएको छ।